# स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन स्रोत पुस्तिका



Community Members Interested (COMMITTED)
www.CMINepal.org

# स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन
# स्रोत पुस्तिका

COMMITTED
Community Members Interested
KATHMANDU, NEPAL

# स्थानीय आर्थिक विकास सम्बन्धी स्रोत पुस्तिका

२०८२ श्रावण

प्रथम संस्करण

लेखन तथा सम्पादन:

डा. गोपीकृष्ण खनाल
अनिरुद्र न्यौपाने

प्राविधिक सहयोग

स्थानीय सरकार सबलीकरण

Australian Aid

The Asia Foundation

The Australian Government – The Asia Foundation Partnership in Nepal

सम्पर्क ठेगाना

COMMITTED
Community Members Interested
KATHMANDU, NEPAL

# पुस्तिका बारे ........

नेपालले सन् २१०० सम्ममा “समृद्ध नेपालः सुखी नेपाली”को राष्ट्रिय लक्ष्य हासिल गर्ने दिर्घकालीन सोच राखेको छ। सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सक्रिय सहभागितामा वि.स. २०८३ भित्रमा नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.स. २०८७ सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आय भएको मुलुकमा पुऱ्याउने लक्ष्य समेत तय गरिएको छ। वि.स. २०७२ मा नयाँ संविधान जारी भएपछि समावेशी शासन, उदार लोकतन्त्र र समतामूलक आर्थिक समृद्धिलाई केन्द्रविन्दुमा राखिएको छ । लोकतन्त्र र आर्थिक समृद्धिको यात्रा नदीका दुई किनार जस्ता हुन् र एकको अस्तित्वबिना अर्को एक्लै हिँड्न सक्दैन । समकालीन नेपालको सबैभन्दा ठूलो चुनौती श्रमको लागि विदेश जानुपर्ने अवस्था हो । यसलाई क्रमशः अन्त्य गरी लगानी र उत्पादनका माध्यमबाट रोजगारी सृजना गरी नागरिकको आर्थिक हैसियत माथि उठाउनु रहेको छ। यो कार्य एक राष्ट्रिय अभियानको रूपमा घर, परिवार र बस्तीबाट हुनु आवश्यक छ।

स्थानीय आर्थिक विकासमा स्थानीय तहको नेतृत्वमा सार्वजनिक र निजी क्षेत्रले सहकार्य गरी आयमूलक रोजगारी सृजना गर्न विभिन्न क्रियाकला सञ्चालन गर्दछन् । यो पुस्तिका स्थानीय तहको नेतृत्वमा अघि बढाइने आर्थिक विकासका कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सहयोगी बन्ने अपेक्षा सहित प्रकाशनमा ल्याइएको छ । यो पुस्तिकामा स्थानीय आर्थिक विकासको अवधारणा सहित यसका विभिन्न सम्भागहरूलाई सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ । यो पुस्तिका प्रथम संस्करण भएकाले सिकाईका आधारमा यसलाई क्रमशः परिमार्जन गर्दै लगिने छ । यो मूलतः स्थानीय तहलाई लक्षित गरी तयार गरिएता पनि स्थानीय आर्थिक विकासमा संलग्न सबै निकाय तथा संस्थालाई उत्तिकै उपयोगी हुने विश्वास लिएका छौं । साथै, नेपालको १६औं योजनाले अघि सारेको सुशासन, सामाजिक न्याय र समृद्धिको सोचलाई केही हदसम्म सम्बोधन गर्न यस पुस्तिकाले योगदान गर्ने विश्वास लिइएको छ ।

यस स्रोत पुस्तिका प्रकाशनका लागि अष्ट्रेलियाली सरकार र द एशिया फाउण्डेशनबीचको रणनीतिक साझेदारीमा सञ्चालित स्थानीय सरकार सवलीकरण कार्यक्रमको सहयोग रहेको छ। यस प्रकाशनमा व्यक्त विचार तथा निष्कर्षहरुले अष्ट्रेलियाली सरकार र द एशिया फाउण्डेशनको धारणालाई प्रतिनिधित्व गरेको मानिने छैन । यो पुस्तिकाका विषयवस्तु तयारी र प्राविधिक लेखनमा योगदान गर्नु हुने नेपाल सरकारका पूर्व सचिव डा. गोपीकृष्ण खनाल र कमिटेडका परियोजना व्यवस्थापन समेत रहनु भएका अर्थशास्त्रका अध्येता अनिरुद्र न्यौपानेलाई विशेष धन्यवाद दिन चाहन्छौं । यस पुस्तिकामा समेट्ने विषयवस्तु छनोटमा योगदान गर्नुका साथै पृष्ठपोषण गर्नुहुने कमिटेडका संस्थापक तथा शहरी योजना विज्ञ जयजिभ हाडा, समीक्षा र पृष्ठपोषण प्रदान गर्ने क्षितिज दाहाल, स्थानीय स्तरमा छलफल र अन्तर्क्रिया गरी तथ्याङ्क सङ्कलनमा योगदान गर्ने आयुष थापा र प्रमानन्द पाण्डे र भाषा सम्पादनको जिम्मेवारी निर्वाह गर्ने सोमनाथ लामिछानेलाई समेत धन्यवाद दिन चाहन्छौं ।

रितिमा प्रधान
कार्यकारी निर्देशक
कमिटेड

## विषय सूची


स्थानीय आर्थिक विकास : परिचय ........ १
स्थानीय आर्थिक विकासका सम्भागहरू ........ ७
स्थानीय आर्थिक विकासका लागि संस्थागत संरचनाहरूको निर्माण ........ ११
आर्थिक सशक्तीकरण ........ १६
स्टार्टअप व्यवसाय प्रवर्धन ........ २०
व्यवसाय विकास ........ २५
सीप विकास ........ २९
स्थानीय औद्योगिक प्रवर्धन ........ ३३
विशिष्टीकृत वस्तु उत्पादन ........ ३५
स्थानीय आर्थिक पूर्वाधार विकास ........ ३८
पर्यटन विकास ........ ४१
कृषि तथा पशु विकास ........ ४७
करिडोर र क्लष्टरमा आधारित स्थानीय आर्थिक विकास र आर्थिक वृद्धि ........ ५४
सहकारीको परिचय र स्थानीय आर्थिक विकासमा भूमिका ........ ५८
स्थानीय आर्थिक विकासको क्षमता विकास ........ ६४
स्थानीय आर्थिक विकास रणनीति निर्माण ........ ६९
अनुसूची-१ ........ ७६
स्थानीय आर्थिक विकास शाखाका कार्यविवरणमा समेट्न सकिने विषय
अनुसूची-२ ........ ७७
स्थानीय आर्थिक विकास शाखाका वार्षिक कार्यसम्पादनको लेखाजोखाको नमूना सूचकहरू
अनुसूची-३ ........ ७९
स्थानीय आर्थिक विकासको स्थितिपत्र (प्रोफाइल) मा समावेश हुनु पर्ने प्रमुख विषयवस्तुहरू
अनुसूची-४ ........ ८४
स्थानीय आर्थिक विकास योजनाको नमूना ढाँचा
अनुसूची-५ ........ ८९
स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनमा भएका स्थानीय आर्थिक विकास सम्बन्धी सूचकहरू
अनुसूची-६ ........ ९२
जीविकोपार्जन सुधार परियोजनामा कार्यान्वयन गर्न सकिने क्रियाकलापहरू
अनुसूची-७ ........ ९५
जीविकोपार्जन सुधार परियोजनाको लागि प्रस्ताव
अनुसूची-८ ........ ९८
स्थानीय तहमा सञ्चालन गर्न सकिने व्यवसायहरूको सूची
अनुसूची-९ ........ १०४
व्यवसाय दर्ता र नवीकरण फारम (नमुना)

अनुसूची-१० ............................................................................................................ १०६
व्यवसाय विकासको प्रस्तावको ढाँचा
अनुसूची-११............................................................................................................ १०८
उद्योग विकास कार्यक्रममा आवेदन गर्न सकिने उद्योगको सूची
अनुसूची-१२ ............................................................................................................ ११०
स्टार्टअप व्यवसाय तत्परता विश्लेषण फारम
सन्दर्भ सामग्री............................................................................................................ १११

# स्थानीय आर्थिक विकास : परिचय

## १. स्थानीय आर्थिक विकासको अवधारणा

१) स्थानीय आर्थिक विकास एक सहभागितामूलक प्रक्रिया हो जसमा स्थानीय उत्पादन, आय र रोजगारी प्रवर्धनका लागि सरकार, निजी क्षेत्र, सहकारी, स्थानीयबासी र गैरसरकारी संस्थाबीच आपसी सहकार्य हुने गर्दछ । यसका लागि निजी क्षेत्रले उत्पादन वा स्वरोजगारका क्रियाकलाप सञ्चालन गर्दछन् । स्थानीय सरकारले नीति तथा कानुन, कार्यक्रम र संस्थागत प्रबन्ध मार्फत् निजी क्षेत्रलाई सहज ढङ्गबाट उद्योग व्यवसाय सञ्चालन गर्न तथा आयमूलक विविध गतिविधिका लागि प्रोत्साहन र उपयुक्त वातावरण निर्माण गर्दछ । स्थानीय समुदायले श्रम र सीप लगायतका उत्पादनका साधन उपलब्ध गराउने एवम् उत्पादित वस्तुको उपभोग गर्ने जस्ता भूमिका निर्वाह गर्छन् भने गैरसरकारी संघसंस्थाले स्थानीय आर्थिक विकासका लागि अनुकूल वातावरण निर्माण गर्न पैरवी गर्ने, अध्ययन, अनुसन्धान र सीप विकास जस्ता कार्य गर्छन् ।

२) स्थानीय आर्थिक विकास निश्चित भौगोलिक क्षेत्र केन्द्रित आर्थिक विकासको अवधारणा हो । जसमा कुनै स्थानीय तह, स्थानीय तह भित्रको खास भौगोलिक क्षेत्र वा एकभन्दा बढी स्थानीय तहका बिच सहकार्यमा आर्थिक क्रियाकलाप अघि बढाउनका लागि निर्धारण गरिएको क्लष्टर, करिडोर, ब्लक जस्ता क्षेत्र पनि समावेश हुन्छन् ।

चित्र १ : स्थानीय आर्थिक विकासको क्षेत्र




३) स्थानीय तहमा मानव पूँजी निर्माण, आर्थिक सशक्तीकरण, सीप विकास, उद्योग विकास, विशिष्टीकृत वस्तु उत्पादन र आर्थिक पूर्वाधार निर्माणको माध्यमबाट उत्पादन र रोजगारी वृद्धि गरी स्थानीय बासिन्दाको आर्थिक हैसियत बढाउने कार्यलाई स्थानीय आर्थिक विकास भनिन्छ । स्थानीय आर्थिक विकासका कार्यले स्थानीय रुपमा उपलब्ध स्रोतसाधन, सीप, प्रविधि तथा बजारको पहिचान र उपयोगबाट स्थानीयबासीको आयवृद्धि र रोजगारीलाई बढावा दिन्छ । आय र रोजागारीको दिगोपनाका लागि स्थानीय पर्यावरणीय पक्षलाई ध्यान दिनुका साथै स्थानीय आर्थिक सामाजिक अवस्था अनुकूलका आयमूलक गतिविधि सञ्चालनलाई यसले प्राथमिकतामा राखेको हुन्छ ।

४) स्थानीय आर्थिक विकास स्थानीय तहको क्षमता र उपलब्ध साधनस्रोतको सम्मिश्रण हो । स्थानीय तहमा उपलब्ध क्षमता र स्रोतको अधिकतम उपयोगबाट स्थानीय आर्थिक विकास हासिल हुने गर्दछ । जसलाई तालिका १ मा थप प्रष्ट पार्ने प्रयास गरिएको छ । क्षमता र स्रोतको बिचमा

तालमेल मिलाउन संस्थागत क्षमता (Institutional Capacity) र संस्थागत सुशासन (Institutional Governance) आवश्यक पर्दछ ।

**तालिका १: स्थानीय आर्थिक विकासको क्षमता**

| क्षमता | स्रोतहरू |
|---|---|
| आर्थिक क्षमता<br>सामाजिक क्षमता<br>प्राविधिक क्षमता<br>संस्थागत क्षमता | प्राकृतिक स्रोतहरू<br>भौतिक स्रोतहरू<br>मानव संशाधन<br>वित्तीय स्रोतहरू |
| Local Economic Development = f(C, R) Where,<br><br>C = Local Area's Capacity (Economic Capacity, Social Capacity, Technological Capacity, and Institutional Capacity)<br><br>R = Resources available at local level (Natural Resources, Physical Resources, Human Resources, and Financial Resources) | |

माथिको तालिकामा देखाइए अनुसार स्थानीय आर्थिक विकास मुलतः संस्थागत क्षमता र स्रोतसाधनमा आधारित हुन्छ । अर्थात् स्रोतसाधन र क्षमताको उच्चतम सम्मिश्रणबाट स्थानीय आर्थिक विकास हासिल हुन सहज हुन्छ ।

५) स्थानीय आर्थिक विकासले स्थानीय आर्थिक विकासका सम्भावना, अवसर र चुनौतीको वस्तुनिष्ठ समीक्षा गरी परम्परागत वा विशिष्टीकृत वस्तु तथा सेवाको उत्पादन, उत्पादकत्व वृद्धि, जीविकोपार्जनमा सुधार, उद्यमशीलता प्रवर्धन, आर्थिक सशक्तीकरण, रोजगारका अवसरहरूको सृजना गर्दछ जसबाट गरिब, पिछडिएका र आर्थिक-सामाजिक रुपमा पछि परेका सीमान्तीकृत वर्गको उत्थानमा योगदान पुग्दछ ।

६) स्थानीय आर्थिक विकासले रोजगारी सृजना, वित्तीय पहुँच तथा विस्तारमा सरकार, स्थानीय वस्तु वा सेवा उत्पादक, उपभोक्ता, बजार, उद्यमी, व्यवसायीहरूको क्षमता विकास सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गर्दछछ । स्थानीय स्रोतको उपयोग गर्दा पर्यावरण संरक्षण र स्रोतको दिगोपनालाई समेतलाई ध्यान दिइन्छ ।

७) पछिल्ला दिनमा स्थानीय आर्थिक विकासमा नवप्रवर्तनलाई विशेष महत्व दिन थालिएको छ । नवप्रवर्तन नवीनतम सोच, अवधारणा र प्रविधिको माध्यमबाट भिन्न तवरले सम्पादन गरिने कार्य हो । नवप्रवर्तन मार्फत् पूँजी निर्माण, आर्थिक सशक्तीकरण, सीप विकास, उद्योग विकास, आर्थिक पूर्वाधार निर्माण, विशिष्टीकृत वस्तु उत्पादन जस्ता स्थानीय आर्थिक विकासमा योगदान दिने विषयलाई समेटिएको हुन्छ । साथै, यसमा नयाँ अवधारणा, ज्ञान, सीप, प्रविधि, विधि र सृजनशील आर्थिक क्रियाकलापहरू समावेश हुने गर्दछ ।

## २. स्थानीय आर्थिक विकासको उद्देश्य

स्थानीय आर्थिक विकासले स्थानीयबासीको आर्थिक हैसियतमा सुधार ल्याउने लक्ष्य राखेको हुन्छ । स्थानीय आर्थिक विकासका उद्देश्यहरूलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गर्न सकिन्छः

- सामुदायिक, सहकारी र निजी क्षेत्रको सहकार्य र सहभागिता प्रवर्धन गर्ने,
- स्थानीय तहमा उपलब्ध स्रोतसाधनलाई स्थानीय आर्थिक विकासमा परिचालन गर्ने,
- स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनलाई प्रवर्धन गर्ने,
- रोजगारीका अवसर स्थानीय स्तरमै सृजना गरी रोजगारीका लागि विदेशिनुपर्ने बाध्यात्मक अवस्था न्यूनीकरण गर्ने,
- स्थानीय क्षेत्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- स्थानीय बासिन्दाको आयवृद्धि गर्ने ।

## ३. स्थानीय आर्थिक विकासका क्षेत्र र कर्ताहरू

१) स्थानीय आर्थिक विकासमा आर्थिक सशक्तीकरण, सीप विकास, मानव पुँजी निर्माण, उद्यमशीलता विकास, व्यवसाय विकास, आर्थिक पूर्वाधार विकास, विशिष्ट वस्तु उत्पादन, कृषि, उद्योग, सेवा जस्ता आर्थिक उपक्षेत्र केन्द्रित विकास र आर्थिक विकासका लागि आवश्यक संस्थागत विकासका कार्य समावेश हुन्छन् ।

२) स्थानीय आर्थिक विकासमा स्थानीय सरकारहरू, निजी क्षेत्र, सहकारी, समुदाय र नागरिक समाजको सामूहिक र विशिष्ट भूमिका हुन्छ । तुलनात्मक लाभ भएका वस्तु तथा सेवाको पहिचान, वस्तु तथा सेवा उत्पादन र बिक्री वितरण, सीपयुक्त जनशक्तिको विकास र उपलब्धता, औद्योगिक कच्चा पदार्थ उत्पादन र आपूर्ति, उद्योग व्यवसाय सुरुवात गर्नका लागि आवश्यक पुँजी प्राप्ति तथा लगानी सुरक्षा जस्ता कार्यमा स्थानीय आर्थिक विकासका कर्ताहरूको भूमिका हुन्छ ।

## ४. स्थानीय आर्थिक विकासका लागि स्थानीय सरकारले गर्ने कार्यहरू

स्थानीय आर्थिक विकासका सहजकर्ता र गतिप्रदायकका रुपमा स्थानीय सरकारले निजी क्षेत्र र समुदायलाई लगानी गर्न र आर्थिक गतिविधि बढाउन भूमिका निर्वाह गर्नु पर्दछ । स्थानीय तहले गर्न सक्ने आर्थिक विकासका क्रियाकलापलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गर्न सकिन्छः

- आर्थिक सशक्तीकरण सम्बन्धी कार्यहरू
- सीप विकास सम्बन्धी कार्यहरू
- स्थानीय आर्थिक पूर्वाधार निर्माण सम्बन्धी कार्यहरू
- विशिष्टीकृत वस्तु उत्पादन सम्बन्धी कार्यहरू
- मूल्य शृङ्खला वृद्धि सम्बन्धी कार्यहरू
- उद्योग विकास सम्बन्धी कार्यहरू
- उद्यमशीलता विकास सम्बन्धी कार्यहरू
- एक स्थानीय तह, एक उत्पादन सम्बन्धी कार्यहरू
- जीविकोपार्जन सुधार सम्बन्धी कार्यहरू
- औद्योगिक तथ्याङ्क सम्बन्धी कार्यहरू
- आर्थिक-सामाजिक परिचालन सम्बन्धी कार्यहरू
- सार्वजनिक निजी संवाद सम्बन्धी कार्यहरू
- लगानी प्रवर्धन सम्बन्धी कार्यहरू
- स्थानीय बौद्धिक सम्पत्ति सम्बन्धी कार्यहरू
- स्थानीय आर्थिक विकास सूचकाङ्क सम्बन्धी कार्यहरू

- स्थानीय रोजगारी सृजना सम्बन्धी कार्यहरू
- औद्योगिक सहजीकरण सम्बन्धी कार्यहरू
- स्थानीय उत्पादन वृद्धि र औद्योगिक उत्पादकत्व वृद्धि सम्बन्धी कार्यहरू
- बजार प्रवर्धन सम्बन्धी कार्यहरू
- स्थानीय बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी कार्यहरू

## ५. स्थानीय आर्थिक विकास क्रियाकलाप

स्थानीय आर्थिक विकासको कार्य सञ्चालन गर्दा संस्थागत प्रबन्ध गर्नेदेखि आर्थिक विकासका प्रमुख र सहायक क्षेत्र र प्राथमिकता निर्धारण र कार्यान्वयन चरणबद्ध र पूर्वनिर्धारित विधिबाट अघि बढाउनु पर्दछ । स्थानीय आर्थिक विकासका क्रियाकलाप अघि बढाउँदा अवलम्बन गर्न सकिने चरण तालिका ३ मा प्रस्तुत गरिएको छ । स्थानीय आर्थिक विकासका कतिपय क्रियाकलाप एकपछि अर्को नभइ एकसाथ अघि बढाउन पनि सकिन्छ ।

**तालिका २ : आर्थिक विकासका क्रियाकलाप सञ्चालन प्रक्रिया**

| क्रियाकलाप सङ्ख्या | मुख्य कार्यक्रमहरू | मुख्य कार्यहरू |
|---|---|---|
| क्रियाकलाप-१ | स्थानीय आर्थिक विकासका लागि संस्थागत संरचना निर्माण | स्थानीय आर्थिक विकास शाखाको स्थापना, उद्यम विकास सहजकर्ताको व्यवस्था, स्थानीय आर्थिक विकास प्रवर्धन समितिको गठन, स्थानीय आर्थिक विकासको स्थितिपत्र तयार, स्थानीय आर्थिक विकास योजनाको निर्माण, स्थानीय आर्थिक विकास वार्षिक सर्वेक्षण प्रतिवेदन तयार, स्थानीय आर्थिक विकास सूचकको लेखाजोखा |
| क्रियाकलाप-२ | स्थानीय आर्थिक विकासको रणनीतिक क्षेत्रको पहिचान | सबल र कमजोर पक्ष तथा अवसर र चुनौतीको विश्लेषण, राजनीतिक, आर्थिक, सामाजिक, प्राविधिक, कानुनी र वातावरणीय अवस्थाको विश्लेषण र रणनीतिक प्राथमिकता निर्धारण |
| क्रियाकलाप-३ | आर्थिक सचेतना र जीविकोपार्जन सुधारका लागि आर्थिक सशक्तीकरण कार्यक्रम सञ्चालन | टोल विकास संस्थाको गठन, आर्थिक सचेतना केन्द्रको स्थापना, आर्थिक सचेतना कक्षा सञ्चालन, जीविकोपार्जन सुधार परियोजना सञ्चालन |
| क्रियाकलाप-४ | स्टार्टअप व्यवसाय सञ्चालन | स्टार्टअप व्यवसाय कोषको स्थापना, स्टार्टअप व्यवसाय क्षेत्रको पहिचान, स्टार्टअप व्यवसाय गर्न इच्छुक युवाको वार्षिक सम्मेलन, स्टार्टअप व्यवसाय कार्यक्रमको सञ्चालन, स्टार्टअप व्यवसाय सञ्चालनका लागि आवेदन, स्टार्टअप व्यवसायको प्रशिक्षक र गतिप्रदायकको छनौट |

| | | |
|---|---|---|
| क्रियाकलाप-५ | व्यवसाय विकास कार्यक्रम सञ्चालन | व्यवसायको आधारभूत सर्वेक्षण, व्यवसाय दर्ता प्रवर्धन, व्यवसायीलाई अग्रीम अभिमुखीकरण, नयाँ व्यवसाय स्थापना तथा व्यवसायको क्षमता विस्तार कार्यक्रम |
| क्रियाकलाप-६ | सीप विकास कार्यक्रम सञ्चालन | सीपको सर्वेक्षण, सीप विकास कार्यक्रमका लागि तालिम प्रदायक संस्था र तालिम दिने व्यक्तिहरूको रोष्टर तयार, सीप विकासका लागि सहभागी छनौट, सीप विकास तालिम सञ्चालन |
| क्रियाकलाप-७ | स्थानीय उद्योग विकास कार्यक्रम सञ्चालन | स्थानीय औद्योगिक सर्वेक्षण, स्थानीय औद्योगिक सम्मेलन, उद्योगको क्षमता विस्तारका लागि प्राविधिक सहयोगको लागि प्रस्ताव आह्वान, ग्राह्य आवेदकहरूको छनौट |
| क्रियाकलाप-८ | विशिष्टीकृत वस्तुको उत्पादन | विशिष्टीकृत वस्तुको छनौट, विशिष्टीकृत उत्पादनको कार्यान्वयनका लागि पालिका र स्थानीय उद्योग वाणिज्य संघबीच सम्झौता, विशिष्टीकृत उत्पादनको सम्भावित उत्पादकको छनौट, विशिष्टीकृत उत्पादनको सम्भावित उत्पादकलाई उद्यम विकास योजना सम्बन्धी तालिम, Business Incubation मा आधारित उत्पादन तालिम र उद्यमी सृजना, विशिष्टीकृत वस्तुको बजारीकरण र गुणस्तर प्रमाणीकरण |
| क्रियाकलाप-९ | स्थानीय आर्थिक पूर्वाधार विकास कार्यक्रम | परियोजना बैंक, परियोजना सञ्चालन |
| क्रियाकलाप-१० | कृषि प्रसार तथा पशु विकास कार्यक्रम सञ्चालन | कृषि प्रसार तथा पशु विकास कार्यक्रम सञ्चालन |
| क्रियाकलाप-११ | पर्यटन क्षेत्र विकास सम्बन्धी कार्यक्रम सञ्चालन | पर्यटन क्षेत्र विकास सम्बन्धी कार्यक्रम सञ्चालन |
| क्रियाकलाप-१२ | करिडोरमा आधारित आर्थिक विकास कार्यक्रम | करिडोर छनौट, कार्यक्रम कार्यान्वयन |
| क्रियाकलाप-१३ | स्थानीय आर्थिक विकासको क्षमता विकास | तालिम योजना निर्माण र सञ्चालन |

## ६. स्थानीय आर्थिक विकास सम्बन्धी कानूनी प्रावधानहरू

### (क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय आर्थिक विकासका विविध विधामा स्थानीय तहहरूलाई महत्वपूर्ण जिम्मेवारी दिएको छ । ऐनले स्थानीय सरकारलाई स्थानीय आर्थिक विकासको नीति, कानुन, मापदण्ड निर्माण तथा कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको अधिकार दिएको छ (दफा १३, छ) । ऐनले बजार तथा हाटबजार व्यवस्थापन, स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन, स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण, स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन, स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन, स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान, स्थानीय व्यापार प्रवर्धन, सहजीकरण र नियमन, स्थानीय बौद्धिक

सम्पत्तिको संरक्षण, प्रवर्धन र अभिलेखाङ्कन आदि जिम्मेवारीहरू दिएको छ । यस ऐनले स्थानीय आर्थिक विकाससँग सम्बन्धित अन्य क्षेत्रहरू जस्तै कृषि, पशुपालन, पशु विकास, बेरोजगारी तथ्याङ्क सङ्कलन, गरिबी निवारण तथा स्थानीय पूर्वाधार सम्बन्धी जिम्मेवारीहरू समेत प्रदान गरेको छ ।

२) यस ऐनमा स्थानीय सरकारले कुनैपनि योजना बनाउँदा आर्थिक विकास, गरिबी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय सीप, साधन स्रोतको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धनमा सहयोग पुग्ने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि हुने पक्षहरूलाई प्राथमिकता दिनुपर्ने प्रावधान समेटिएको छ ।

### (ख) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२

नेपाल सरकारले सुदृढ, सक्षम र प्रभावकारी स्थानीय शासन स्थापित गर्न स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवाप्रवाह र आर्थिक सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी निरन्तर सुधारका लागि सहयोग र सहजीकरण गर्न स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली कार्यान्वयनमा ल्याएको छ । यस प्रणालीमा आर्थिक विकास सम्बन्धी लेखाजोखाका सूचकहरू समावेश गरिएका छन् । स्थानीय आर्थिक विकास मूल्याङ्कन सूचकहरू अनुसूची-१ मा समावेश गरिएका छन् ।

### (ग) नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

१) नेपाल सरकारले स्थानीय आर्थिक विकास राष्ट्रिय स्तरमा कार्यान्वयनको लागि नयाँ कार्यक्रम तर्जुमा गरी यसको कार्यान्वयन सम्बन्धी कार्यविधि जारी गरेको छ । कार्यविधिले स्थानीय आर्थिक विकासका विभिन्न आयाम समेट्नुका साथै स्थानीय आर्थिक विकास योजनाको ढाँचा समेत निर्धारण गरेको छ ।

२) यस कार्यविधिले स्थानीय आर्थिक विकासका विविध विधाको सञ्चालनका लागि खाका प्रदान गरेको छ । कार्यविधिले समावेशी, जलवायु परिवर्तन सापेक्ष र दिगो विकासका प्रमुख स्तम्भसहित उत्पादन र उत्पादकत्व अभिवृद्धि, रोजगारी प्रवर्धन, उद्यमशीलता विकास र आयवृद्धिका लागि नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास प्रवर्धन गर्ने उद्देश्य राखेको छ । जसमा स्थानीय आर्थिक विकासका लागि पूर्वाधार विकास, व्यवसाय विकास, आर्थिक सशक्तीकरण, सीप विकास तालिम, उद्यमशीलता विकास, औद्योगिक प्रवर्धन र विशिष्टीकृत वस्तुको उत्पादन तथा बजारीकरण जस्ता प्रमुख क्षेत्र समावेश छन् ।

३) कार्यविधिले स्थानीय आर्थिक विकास कार्यक्रमले नवप्रवर्तन र ज्ञान व्यवस्थापनका लागि गरिने खोज तथा अनुसन्धान, प्रविधिको विकास  र उपयोगलाई समेट्नु पर्ने उल्लेख गरेको छ ।

## स्थानीय आर्थिक विकासका सम्भागहरू

### १) आर्थिक सशक्तीकरणः

आर्थिक सशक्तीकरण भन्नाले व्यक्तिलाई आयमुलक कार्यक्रममा संलग्न हुन र आयआर्जन गर्न सक्ने बनाउन आवश्यक स्रोतसाधन, सीप र अवसर उपलब्ध गराउने कार्यलाई जनाउँछ। यो मुलतः महिला, सीमान्तकृत समुदाय वा आर्थिक रुपमा पछि परेका व्यक्ति तथा समुदायमा लक्षित कार्य हो । यसबाट व्यक्तिको जीविकोपार्जन सुधार हुनुका साथै आर्थिक स्वतन्त्रता प्राप्ति र उपभोगको आधार तयार हुन्छ। स्थानीय आर्थिक विकासका लागि आर्थिक सशक्तीकरणका कार्यक्रम सञ्चालनका निश्चित चरण पुरा गर्नुपर्ने हुन्छ । टोल विकास संस्था परिचालन गरी आर्थिक सचेतना कक्षा सञ्चालन, आर्थिक सचेतना कक्षाबाट प्रमाणपत्र लिएकाहरूलाई उनीहरूले पेस गरेको जीविकोपार्जन योजनाको लागि आवश्यक तालिम तथा वित्तीय पहुँच उपलब्ध गराउने र छनोट गरिएका विकल्प कार्यान्वयनका क्रममा निश्चित अवधिसम्मका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने कार्यलाई केही महत्वपूर्ण चरणका रुपमा लिन सकिन्छ ।

### २) सीप विकासः

स्थानीय आर्थिक विकासको लागि सीपको नक्साङ्कन गरी सीप आवश्यकताको लेखाजोखा गरी सीप विकास सम्बन्धी तालिमको माध्यमबाट रोजगारी सृजना गर्न सकिन्छ। सीपको तालिम लिने व्यक्तिहरूको सूचीलाई वेबसाइटमा सार्वजनिक गर्नु पर्दछ । स्थानीय तहले प्लम्बिङ, हाउस वायरिङ, विद्युतीकरण, वेल्डिङ, भवन निर्माण, भवनको रङ्गरोगन, टाइल लगाउने, ढुङ्गा छपाउने, राफ्टिङ, डोजर चालक, सवारीसाधन मर्मत, सडकमा ढुङ्गा छपाइ, पशु उपचार, साधारण थेरापी, साइकल मर्मत, काष्ठकला तथा फर्निचर निर्माण, पुष्प व्यवसाय जस्ता क्षेत्रमा सीप विकासमा लगानी गरी युवालाई रोजगार बनाउन सक्छन् । यसका लागि नयाँ सीपको विकास र उपलब्ध सीपको स्तरोन्नति दुबै पर्दछ ।

### ३) उद्योग विकासः

स्थानीय तहले लघु, घरेलु तथा साना उद्योगको प्रवर्धन गर्नु पर्दछ। यस प्रयोजनका लागि स्थानीय रुपमा कच्चा पदार्थको उपलब्धता, बजारको अवस्था, सीपयुक्त जनशक्तिको उपलब्धता, वस्तु तथा सेवाको विशिष्टता र प्रतिस्पर्धात्मक लाभलाई आधार मानी उपयुक्त वस्तु उत्पादन गर्ने उद्योग स्थापना, विकास र विस्तारलाई प्रोत्साहन गरिन्छ । यसमा बिजनेस इन्क्युबेसनको अवधारणालाई कार्यान्वयनमा ल्याउन सकिन्छ । जस अनुसार नयाँ उद्योग स्थापनाका लागि सोच र व्यवसाय योजनामा प्रतिस्पर्धा गराइ उत्कृष्ट व्यवसाय योजनालाई उद्योगका रुपमा अघि बढाउन निश्चित अवधिसम्म सरकार वा इन्क्युबेसन केन्द्रहरूले सहयोग गर्छन् । उद्योग छनोट गर्दा वस्तुको उपलब्धता र बजार मागको सही विश्लेषण गर्नु आवश्यक छ । उद्योग स्थापना गर्दा आयात प्रतिस्थापन, निर्यात प्रवर्धन वा आत्मनिर्भरता अभिवृद्धिमध्ये कुन लक्ष्यमा आधारित रहेर स्थापना गरिने हो भन्ने पनि स्पष्ट हुनु आवश्यक छ। कच्चा पदार्थ र सीप तथा प्रविधि स्थानीयस्तरमा उपलब्ध नहुने अवस्थामा न्यून लागतमा अन्यत्रबाट आपूर्ति गर्न सकिने सम्भावनाको पनि उचित विश्लेषण हुनु पर्दछ । सबै उत्पादन वा उत्पादनका साधनमा आत्मनिर्भरता सम्भव नहुने हुनाले अन्यत्रबाट कच्चा पदार्थ आपूर्ति गर्नु परेको अवस्थामा त्यसको लागत र त्यसबाट प्रतिस्पर्धी क्षमतामा पर्ने प्रभावको पनि विश्लेषण हुनु पर्दछ । स्थानीय तहहरूले तल चित्रमा प्रस्तुत गरिएका प्रश्नहरूका आधारमा स्थानीय अर्थतन्त्रको बाह्य निर्भरता घटाउन र कतिपय अवस्थामा हटाउन पनि सकिन्छ (चित्र ३) ।

**चित्र ३ : स्थानीय तहमा आत्मनिर्भरता विश्लेषण**




**४) व्यवसाय विकासः**

व्यवसाय विकास अन्तर्गत स्थानीय तहमा नयाँ व्यवसायको सुरुवात गर्ने गराउने तथा हाल सञ्चालनमा रहेका व्यवसायको विकास र विस्तार समेत पर्दछ । व्यवसाय विकासका लागि व्यवसायको तथ्याङ्क सङ्कलन र अध्यावधिक गर्ने, हाल सञ्चालनमा रहेका व्यवसायको सबल र कमजोर पक्षको लेखाजोखा गर्ने र उत्पादन, बजारीकरण, प्रतिस्पर्धी क्षमता विकास, व्यवसाय विकास सेवामा सम्बन्धित व्यवसायीको पहुँच विस्तार, नयाँ प्रविधिमा आधारित बजारीकरण जस्ता क्षेत्रमा स्थानीय सरकारले निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्नु पर्दछ ।

व्यवसाय विकासका लागि स्थानीय तहले युवा स्टार्टअप सम्मेलन आयोजना गर्न सक्दछ । यसबाट नयाँ व्यवसाय गर्ने तथा व्यवसायलाई नयाँ तरिकाले सञ्चालन गर्ने सोचलाई व्यवसाय योजना र नयाँ व्यवसायमा रुपान्तरण गर्नका लागि उद्यमीलाई र स्थानीय सरकारका तर्फबाट प्रारम्भिक दिनमा गर्नुपर्ने सहयोग र त्यसका सर्तका बारेमा समान बुझाइ कायम गर्न सहयोग पुग्छ । स्थानीय सरकारले व्यवसाय विकासका लागि तयारी गर्दा नवीकरणका सहज विधि अवलम्बन गर्ने, प्राथमिकताप्राप्त व्यवसायलाई सहुलियत करका दर लागु गर्ने, कर प्रशासनलाई सरल र सहज बनाउने, सीप विकासमा लगानी गर्ने, व्यवसाय विकास कोष, बैंक जमानी वा अन्य माध्यमबाट बिऊ पुँजी प्राप्तिमा सहजीकरण जस्ता विधिबाट व्यवसाय विकासमा योगदान गर्न सक्छ ।

**५) आर्थिक पूर्वाधार विकासः**

आर्थिक पूर्वाधार भन्नाले उद्योग व्यवसाय स्थापना, सञ्चालन, बजारीकरण, सीप र प्रविधिको उपलब्धता र पहुँच विस्तार जस्ता क्षेत्रमा योगदान गर्न निर्माण गरिने भौतिक पूर्वाधारलाई जनाउँछ । यातायातका पूर्वाधार, ऊर्जा क्षेत्रको विकास र विस्तार, औद्योगिक ग्राम स्थापना, नयाँ उद्योगका लागि पहुँच मार्ग, ढल निकास, खानेपानी जस्ता सार्वजनिक पूर्वाधार निर्माण, सिंचाइ, शीतभण्डार, चिस्यान केन्द्र, गोदामघर आदि आर्थिक विकासका पूर्वाधारका केही उदाहरण हुन् । उद्योग तथा व्यवसायको प्रवर्धन र विकासका लागि सरकार र निजी क्षेत्रले बेग्लाबेग्लै र साझेदारीमा पूर्वाधार विकासको काम गर्नुपर्ने हुन्छ । त्यसका

लागि स्थानीय सरकारले प्रदेश तथा सङ्घीय सरकारको सहयोग लिने तथा सार्वजनिक निजी साझेदारीको विकल्प कार्यान्वयन गर्न सक्छ ।

**६) विशिष्टीकृत वस्तु उत्पादनः**

कुनै स्थान विशेषको पहिचान कायम गरेका वा गर्न सक्ने तथा अन्य वस्तुभन्दा फरक विशेषता बोकेका वस्तुलाई विशिष्टीकृत वस्तु भनिन्छ । यस्ता वस्तुको फरक गुण वा विशेषताका कारणले अन्य वस्तुसँग बजारमा प्रतिस्पर्धा नगण्य हुन्छ । विशिष्ट वस्तु उत्पादनका लागि परम्परागत सीप र प्रविधि, कच्चा पदार्थ वा विशिष्ट गुणयुक्त नयाँ वस्तु उत्पादनका लागि प्रविधिको विकास आवश्यक हुन्छ । त्यस्ता वस्तु उत्पादनका लागि परम्परागत रुपमा भइरहेका उत्पादनको पहिचान, विकास र प्रवर्धन, बजारीकरण तथा नयाँ विशिष्टीकृत वस्तु उत्पादनका लागि अध्ययन अनुसन्धान र विकासमा स्थानीय सरकारले लगानी गर्नु पर्दछ । नेपालमा पाल्पाली ढाका, करुवा, चरेसको थाल, गुल्मीको कफी, पस्मिना, टिकापुरको बेत बाँस, पाल्पाको बगनासे ताल्चा, उनी गलैंचा, अल्लो, मिथिला कला, थाङ्का, सल्यान र भोजपुरे खुकुरी, राडीपाखी आदिलाई विशेष वस्तुको रूपमा प्रवर्धन गर्न सकिने सम्भावना छ ।

**७) क्षेत्रगत आर्थिक विकासः**

सामान्यतया अर्थतन्त्रलाई कृषि, उद्योग र सेवा क्षेत्रमा हुने आर्थिक क्रियाकलापको अन्तर-सम्बन्धका रुपमा लिन सकिन्छ । स्थानीय तहको अवस्था अनुसार कृषि क्षेत्रभित्र कृषिबाली र पशुपालन क्षेत्रमा लगानी, विकास र विस्तारको सम्भावना, कच्चा पदार्थ, प्रविधि, जनशक्ति, ऊर्जा आदिका आधारमा औद्योगिक वस्तु उत्पादनको सम्भावना र पर्यटन, थोक तथा खुद्रा व्यापार जस्ता सेवा क्षेत्रमध्ये तुलनात्मक लाभका क्षेत्र यकिन गर्नु आवश्यक छ । पहिचान भएका क्षेत्रलाई अघि बढाउन उपयुक्त रणनीति तय गरी स्थानीय तहले लागु गर्नु पर्दछ ।

**८) संस्थागत विकासः**

स्थानीय तहको क्षेत्रभित्र स्थानीय आर्थिक विकासको कार्य अघि बढाउन संस्थागत क्षमता आवश्यक हुन्छ । संस्थागत क्षमता भन्नाले आर्थिक विकासका नीति निर्माण, अध्ययन तथा अनुसन्धान, सीप विकास, उद्योग व्यवसाय विकासमा सहयोग र सहजीकरण, लगानी सुरक्षाको प्रत्याभूति जस्ता कार्यलाई व्यवस्थित रुपमा अघि बढाउन आवश्यक स्रोतसाधन, नीतिगत प्रबन्ध तथा जनशक्ति सहितको संस्था या संगठनलाई बुझाउँछ । स्थानीय तहमा आर्थिक विकास शाखाको प्रबन्ध गर्ने, उसको जिम्मेवारी किटान गर्ने र स्रोतसाधनयुक्त बनाउने कार्य गर्नु पर्दछ । त्यसबाहेक सीप विकास केन्द्र, इन्क्युबेसन सेन्टर, उद्योग व्यवसाय प्रवर्धनका लागि स्थापना भएका संघसंस्था तथा तहगत सरकारका निकायको क्षमतालाई पनि स्थानीय आर्थिक विकासको संस्थागत क्षमताको अभिन्न भाग मान्नुपर्दछ । नगर प्रमुख वा गाउँपालिका अध्यक्षको संयोजकत्वमा स्थानीय आर्थिक विकास प्रवर्धन समिति जस्ता संरचनाले पनि स्थानीय आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । कृषि, उद्योग र वाणिज्य लगायतका सेवा क्षेत्रको तथ्याङ्क अद्यावधिक गरिएको पार्श्वचित्र, आर्थिक सर्वेक्षण र आर्थिक विकासका स्थानीय नीति तथा कानुनले आर्थिक विकासका प्राथमिकता अघि बढाउन प्रवर्धनात्मक र नियमनकारी भूमिका व्यवस्थित रुपमा अघि बढाउन सहयोग पुग्छ ।

**९) मानव पूँजी निर्माणः**

मानव पूँजी भन्नाले व्यक्तिमा रहेको ज्ञान, सीप र क्षमताको कुल योग हो । यसका लागि औपचारिक शिक्षा, प्राविधिक शिक्षा तथा विभिन्न अवधिका प्रशिक्षण तथा सीप विकासका कार्यक्रम सञ्चालन गर्नु आवश्यक हुन्छ । नेपाल सरकारले माध्यमिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा (TVET) लाई राष्ट्रिय अभियानको रूपमा सञ्चालन गर्ने र व्यवस्थापन तथा प्राविधिक विषयमा स्नातक तथा स्नातकोत्तर कक्षा सञ्चालन गरेका विश्वविद्यालयमा Business Incubation Centre लाई अनिवार्य गर्ने र सो विषयको अध्यापनको अनुमति प्रदान गर्दा यस विषयलाई एक अपरिहार्य सर्तका रूपमा रहने गरी कानुनमै संशोधन गर्ने व्यवस्था गरी मानव पूँजी निर्माण गर्न सक्छ । स्थानीय तहहरूले पनि यसमा

लगानी गर्न सक्छन् । नेपालको अर्थतन्त्रमा सेवा क्षेत्रको योगदान झण्डै दुई तिहाई पुगिसकेको र पर्यटन जस्ता सेवा क्षेत्रमा तुलनात्मक लाभ समेत रहेकाले मानव पूँजीको निर्माण सबै तहका लागि महत्वपूर्ण रणनीति रहने अवस्था छ ।

## स्थानीय आर्थिक विकासका लागि संस्थागत संरचनाहरूको निर्माण

स्थानीय तहले स्थानीय आर्थिक विकासका कार्य अघि बढाउनुपूर्व आर्थिक विकासका कार्यलाई अघि बढाउन र निजी क्षेत्रबाट हुने औद्योगिक र व्यवसायिक क्रियाकलापलाई गति प्रदान गर्नका लागि उपयुक्त संस्थागत संरचना निर्माण गर्नु पर्दछ। स्थानीय तहको प्राथमिकता त्यस्तो संरचनाको कार्यबोझका आधारमा महाशाखा, शाखा वा एकाई जस्ता उपयुक्त संरचना निर्धारण गर्ने, कार्यजिम्मेवारी किटान गर्ने र जनशक्ति व्यवस्थापन गर्नु आवश्यक हुन्छ । सामान्यतयाः गाउँपालिका र नगरपालिकाले आर्थिक विकास शाखा स्थापना गर्ने र उपमहानगर र महानगरमा आर्थिक विकास महाशाखा जस्तो संरचना गठन गर्नु उपयुक्त हुन्छ । त्यसका लागि संगठन र व्यवस्थापन सर्वेक्षण अपरिहार्य हुन्छ। आर्थिक विकासको संस्थागत संरचना निर्माणका चरण यहाँ प्रस्तुत गरिएको छ ।

### चरण १: स्थानीय आर्थिक विकास शाखा स्थापना

१) गाउँपालिका वा नगरपालिकाले स्थानीय आर्थिक विकास करिडोर/क्लष्टर सञ्चालन, उद्यमशीलता विकास, उद्योग विकास, आर्थिक सशक्तीकरण, लगानी आकर्षण गर्ने कार्य, आर्थिक विकासमा निजी क्षेत्रको परिचालन, उद्यमशील सहकारीलाई नियमन, लगानीमैत्री वातावरणको सृजना जस्ता कार्यका लागि एक स्थायी संयन्त्रको रूपमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्थानीय आर्थिक विकास महाशाखा वा शाखा स्थापना गर्नु पर्दछ । स्थानीय आर्थिक विकास शाखामा कति दरबन्दी रहने विषय स्थानीय आवश्यकतामा भर पर्दछ । आर्थिक विकास शाखा गठन गर्दा स्थानीय तहले अघि सारेका आर्थिक विकासका सबै क्षेत्र र प्राथमिकताको जिम्मेवारी सोही शाखामा रहने सुनिश्चित गर्नु पर्दछ । उदाहरणका लागि, कुनै स्थानीय तहले पर्यटन क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ भने पर्यटन सम्बन्धी नीति तथा योजना निर्माण कार्यान्वयनमा भूमिका निर्वाह गर्ने शाखा र कर्मचारीको जिम्मेवारी पूर्वनिर्धारित हुनु पर्दछ। कृषि, पशु विकास, उद्योग, वाणिज्य, पर्यटन, सहकारी जस्ता क्षेत्र यो शाखाको जिम्मेवारी अन्तर्गत समेट्नु आवश्यक हुन्छ। एकभन्दा धेरै शाखा राख्नु उपयुक्त देखिएमा आर्थिक विकास शाखालाई सबै शाखाका बिचमा समन्वय र सहकार्य गर्ने भूमिका दिनु पर्दछ। त्यसबाहेक आर्थिक विकास शाखालाई स्थानीय सरकारको कार्यपालिका अन्तर्गत गठन हुने आर्थिक विकास समितिको सचिवालयको भूमिका पनि दिनु उपयुक्त हुन्छ ।

२) स्रोतको सीमितताका कारणले स्थानीय आर्थिक विकास शाखा स्थापना गर्न नसकेका स्थानीय तहले मौजूदा कर्मचारीमध्येबाट शैक्षिक पृष्ठभूमि, आर्थिक विकासको विभिन्न पक्षको अनुभव तथा काम गर्ने चाहना समेतका आधारमा जिम्मेवारी दिई स्थानीय आर्थिक विकास सम्बन्धी कार्यका लागि जिम्मेवारी दिनु उपयुक्त हुन्छ । स्थानीय आर्थिक विकास शाखाको शाखागत नमूना कार्यविवरण अनुसूची-१ मा उल्लेख गरिएको छ ।

३) प्रमुख प्रशासकीय अधिकृतले प्रत्येक आर्थिक वर्षको श्रावण महिनामा स्थानीय आर्थिक विकास शाखा वा सो कार्य गर्ने जिम्मेवारी भएको शाखाले गत आर्थिक वर्षमा सम्पादन गरेको कार्यको मूल्याङ्कन गर्नु पर्दछ । स्थानीय आर्थिक विकास शाखाको वार्षिक कार्यसम्पादनको लेखाजोखाका नमूना सूचकहरू अनुसूची-२ मा उल्लेख गरिएको छ ।

४) स्थानीय आर्थिक विकास शाखाले आर्थिक विकासका सबै सवालमा काम गर्ने फोकल बिन्दु र सम्पर्क एकाईको रूपमा समेत काम गर्नु पर्दछ ।

५) स्थानीय आर्थिक विकास शाखाले स्थानीय आर्थिक विकासमा असल अभ्यासहरूको प्रवर्धन गर्नु पर्दछ ।

**चरण २ : उद्यम विकास सहजकर्ताको व्यवस्था**

१) गाउँपालिका वा नगरपालिकामा स्थानीय आर्थिक विकास सम्बन्धी प्राविधिक सहजीकरणका लागि एक जना उद्यम विकास सहजकर्ताको व्यवस्था गर्न उचित हुन्छ ।

२) स्थानीय तहमा कार्य गर्ने उद्यम विकास सहजकर्ताको योग्यता पूर्वनिर्धारित हुनु पर्दछ । आवश्यक केही योग्यता तल प्रस्तुत छ । तर स्थानीय आवश्यकताका आधारमा योग्यता थप परिभाषित गर्नु आवश्यक छ ।

क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यताप्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्स उत्तीर्ण गरेको, वा

ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिक परीक्षा उत्तीर्ण गरेको ।

३) उद्यम विकास सहजकर्ता छनोट गर्दा शैक्षिक योग्यता, प्राविधिक सीप र क्षमता तथा सम्बन्धित व्यक्तिको चाहनालाई पनि आधार बनाउनु पर्दछ ।

**चरण ३: स्थानीय आर्थिक विकास प्रवर्धन समितिको गठन [1]**

१) स्थानीय तहले स्थानीय आर्थिक विकासमा निजी क्षेत्रसँग सहकार्य, समन्वय र आफ्नो क्षेत्रमा स्थानीय आर्थिक विकासको प्रवर्धनका लागि देहाय बमोजिमको स्थानीय आर्थिक विकास प्रवर्धन समिति गठन गरी यसलाई सक्रिय बनाउनु पर्दछ ।

**तालिका ३ : स्थानीय आर्थिक विकास संवाद समितिको संरचना**

| | |
|---|---|
| (क) स्थानीय तहको प्रमुख वा अध्यक्ष | संयोजक |
| (ख) स्थानीय तहको उपप्रमुख वा उपाध्यक्ष | सदस्य |
| (ग) स्थानीय तहको आर्थिक विकास समितिको संयोजक | सदस्य |
| (घ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष | सदस्य |
| (ङ) उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संघसंस्थाको गाउँ वा नगर तहको अध्यक्ष | सदस्य |
| (च) स्थानीय तहमा रहेका उत्पादनमा आधारित सहकारीहरू मध्येबाट संयोजकले तोकेको १ जना प्रतिनिधि | सदस्य |
| (छ) स्थानीय तहमा रहेका बैंकमध्येबाट संयोजकले तोकेको १ जना प्रतिनिधि | सदस्य |
| (ज) स्थानीय तहमा सबैभन्दा बढी रोजगारी प्रदान गर्ने उद्यमी १ जना | सदस्य |
| (झ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

१) स्थानीय आर्थिक विकास संवाद समितिको काम, कर्तव्य र अधिकाकार देहाय बामोजिम रहेका छन् ।

- आर्थिक विकास सम्बन्धी नीति तथा वार्षिक कार्यक्रम तर्जुमा गर्न सहजीकरण गर्ने;
- स्थानीय आर्थिक विकासको अनुगमन र मूल्याङ्कनमा सहजीकरण गर्ने

[1] नवप्रवर्द्धनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम, २०८० को दफा ५२ मा भएको व्यवस्था

- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको आर्थिक विकास सम्बन्धी सूचकहरूको प्रगतिको अवस्थाको समीक्षा गर्ने
- स्थानीय आर्थिक विकासको प्रवर्धनमा सहजीकरण गर्ने
- स्थानीय सीप विकासको प्रवर्धन गर्ने,
- लघु, घरेलु तथा साना उद्योग र उद्यमशीलता विकासका लागि सहजीकरण गर्ने,
- एक स्थानीय तह एक उत्पादन सम्बन्धी कार्यमा सहजीकरण गर्ने,
- औद्योगिक ग्रामको स्थापना सम्बन्धमा सहजीकरण गर्ने,
- सार्वजनिक निजी प्रवर्धन सम्बन्धी कार्यहरू गर्ने,
- स्थानीय आर्थिक विकास योजनाको निर्माण तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,
- स्थानीय उत्पादनको प्रवर्धन सम्बन्धी कार्यमा सहजीकरण गर्ने,
- निजी लगानी आकर्षण सम्बन्धमा समन्वय गर्ने,
- आर्थिक सशक्तीकरण सम्बन्धी कार्यमा सहजीकरण गर्ने,
- स्थानीय तहमा नवप्रवर्तनशाला सञ्चालन गर्न सहजीकरण गर्ने
- आर्थिक सचेतना कक्षा सञ्चालनमा सहजीकरण गर्ने,
- स्थानीय आर्थिक विकास वा व्यवसाय सम्बन्धी सम्लेलन आयोजना गर्ने

### चरण ४: स्थानीय आर्थिक विकासको स्थितिपत्र तयार गर्ने

१) स्थानीय तहले आर्थिक सशक्तीकरण, सीप विकास, उद्योग विकास, विशिष्टीकृत वस्तु उत्पादन र स्थानीय आर्थिक पूर्वाधार निर्माण क्षेत्रलाई समेटी स्थानीय तहमा उत्पादन र रोजगारीको वर्तमान अवस्था र सम्भावना सहितको विवरण समावेश गरी स्थानीय आर्थिक विकासको वस्तुस्थिति विवरण तयार गरी कार्यपालिका बैठकबाट स्वीकृत गराइ वेबसाइट वा अन्य सार्वजनिक माध्यमबाट प्रकाशन गर्नु पर्दछ ।

२) स्थानीय आर्थिक विकासको वस्तुस्थिति विवरण तयार गर्दा स्थानीय आर्थिक विकास सर्वेक्षणको आधारमा तयार गर्नु पर्दछ । नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मा उल्लेख भएअनुसार स्थानीय आर्थिक विकासको वस्तुस्थिति विवरणमा समावेश गर्नुपर्ने नमूना विवरण अनुसूची-३ मा समावेश गरिएको छ । यो नमूना ढाँचालाई आफ्नो आवश्यकताको आधारमा स्थानीय तहले परिमार्जन गर्नु पर्दछ ।

### चरण ५: स्थानीय आर्थिक विकास योजना निर्माण

१) गाउँपालिका वा नगरपालिकाले स्थानीय आर्थिक विकासको वस्तुस्थिति विवरणको आधारमा आगामी ५ वर्षको लागि स्रोत अनुमान सहित स्थानीय आर्थिक विकास योजना तयार गरी स्थानीय आर्थिक विकास प्रवर्धन समितिको सिफारिसमा कार्यपालिका बैठकबाट स्वीकृत गराई स्थानीय सभाबाट समेत यसको अनुमोदन गरी कार्यान्वयनमा लैजानु पर्दछ ।

२) स्थानीय आर्थिक विकास योजना गाउँपालिका वा नगरपालिकाको स्थानीय आवधिक योजनाको अभिन्न अङ्गको रुपमा रहने गर्छ। नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मा उल्लेख भएअनुसार स्थानीय आर्थिक विकास योजनाको नमूना ढाँचा अनुसूची-४ मा समावेश गरिएको छ।

३) स्थानीय आर्थिक विकास योजना निर्माण गर्दा राष्ट्रिय योजना आयोगबाट तयार गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनले तय गरेका सबै प्रक्रियालाई पालन गर्नु पर्दछ।

४) परामर्शदाताको सहजीकरणमा स्थानीय आर्थिक विकास योजना निर्माण गर्दा परामर्शदाताको टोलीले स्थानीय तहको भूगोल, आर्थिक विकासका क्षेत्र तथा सम्भावना, विद्यमान आर्थिक गतिवधि समेतका आधारमा कम्तिमा १ महिना नियमितरुपमा सम्बन्धित स्थानीय तहमै रहेर आर्थिक विकास शाखा लगायतका स्थानीय संयन्त्रको पूर्ण सहभागितामा योजना निर्माणको कार्य गर्नु पर्दछ।

५) स्थानीय आर्थिक विकास योजना निर्माणमा संलग्न हुने परामर्शदाताको टोलीमा अर्थशास्त्र वा वाणिज्य शास्त्रमा स्नात्तकोत्तर तह उत्तीर्ण गरी स्थानीय आर्थिक विकासका क्षेत्रमा कार्यानुभव भएको विज्ञको नेतृत्वमा स्थानीय आर्थिक विकासको सम्भावना र प्राथमिकतामा आधारित रहेर कृषि, उद्योग, पर्यटन जस्ता क्षेत्रको विज्ञता भएका सदस्य समावेश हुनु आवश्यक छ। यसबाट स्थानीय अवस्थामा आधारित र कार्यान्वयनयोग्य स्थानीय आर्थिक विकास योजना तयार हुन सक्दछ। आर्थिक विकास योजना निर्माणको कार्यमा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई प्राविधिक सहयोग गर्ने हदसम्म मात्र परामर्शताको प्रयोग गर्ने र योजना निर्माणको मुख्य भूमिका स्थानीय तह स्वयंले निर्वाह गरेमा मात्र आर्थिक विकास योजनामा अपनत्व हुने र योजना कार्यान्वयनमा जाने अधिक सम्भावना रहन्छ।

### चरण ६: स्थानीय आर्थिक विकास वार्षिक सर्वेक्षण प्रतिवेदन तयारी

१) सङ्घीय सरकार र प्रदेश सरकारहरूले आर्थिक सर्वेक्षण हरेक साल सार्वजनिक गर्ने गरेका छन्। विगत केही समय यता केही स्थानीय तहले समेत सभामा बजेट पेस गर्नुअघि स्थानीय आर्थिक सर्वेक्षण सार्वजनिक गर्ने गरेका छन्।

२) स्थानीय तहले बजेट पेस गर्नुअघि स्थानीय आर्थिक सर्वेक्षण प्रतिवेदन प्रकाशन गरी सार्वजनिक गर्नु पर्दछ र यसलाई सबैको जानकारीका लागि वेबसाइटमा समेत राख्नु पर्दछ। सङ्घीय सरकारले जारी गरेको स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधिको अनुसूची-६ मा उल्लेख भएअनुसार स्थानीय आर्थिक सर्वेक्षणमा समावेश हुने विषयहरूको नमूना ढाँचा यस पुस्तिकाको अनुसूची-५ उल्लेख गरिएको छ। यो ढाँचालाई स्थानीय तहहरूले आफ्नो आवश्यकता अनुसार परिमार्जन गर्न सक्छन्।

### चरण ७ : स्थानीय आर्थिक विकास सूचकको लेखाजोखा

१) स्थानीय तहले स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०८२ अनुसार स्थानीय शासनका सूचकको लेखाजोखा गरी यसअन्तर्गत आर्थिक विकासका नतिजालाई स्थानीय आर्थिक विकास प्रवर्धन समितिमा छलफल गर्नु पर्दछ।

२) स्थानीय आर्थिक विकास योजना र परियोजना सूची निर्माण गर्दा यी सूचकहरूलाई समावेश गर्नु पर्दछ। स्थानीय आर्थिक विकासका लागि संस्थागत व्यवस्थासँग सम्बन्धित प्रमुख क्रियाकलापहरूको सारांश तालिका ६ मा छ।

**तालिका ६ : स्थानीय आर्थिक विकासका लागि संस्थागत संरचनाहरूको निर्माणको नतिजा सूचक**

| क्र.सं | विवरण | नतिजा |
|---|---|---|
| १ | स्थानीय आर्थिक विकास शाखाको स्थापना | स्थानीय आर्थिक विकास शाखाको दरबन्दी, संरचना र कार्यविवरण स्वीकृत भई सो शाखा क्रियाशील भएको |
| २ | स्थानीय आर्थिक विकास शाखाको वार्षिक कार्यसम्पादनको मूल्याङ्कन | प्रमुख प्रशासकीय अधिकृतबाट स्थानीय आर्थिक विकास शाखाको वार्षिक कार्यसम्पादनको मूल्याङ्कन गरी नतिजालाई वेबसाइटमा सार्वजनिक गरिएको |
| ३ | उद्यम विकास सहजकर्ताको व्यवस्था | स्थानीय आर्थिक विकास शाखामा उद्योग विकास सहजकर्ता कार्यरत रहेको |
| ४ | स्थानीय आर्थिक विकास संवाद समितिको गठन | स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ को दफा १४ बमोजिम स्थानीय आर्थिक विकास संवाद समितिको गठन भई यसको कम्तिमा त्रैमासिकरूपमा बैठक बस्ने गरेको |
| ५ | स्थानीय आर्थिक विकासको स्थितिपत्र तयार | स्थानीय आर्थिक विकासको स्थितिपत्र तयार भई यसलाई स्थानीय तहको वेबसाइटमा प्रकाशन भएको र यस दस्तावेजको हरेक वर्ष अद्यावधिक हुने गरेको |
| ६ | स्थानीय आर्थिक विकास योजनाको निर्माण | स्थानीय तहले स्थानीय आर्थिक विकास योजना निर्माण गरी वेबसाइटमा राखेको र यस योजनाको परियोजना सूचीमा रहेका स्थानीय आर्थिक विकास योजनाहरूका लागि वार्षिक बजेट विनियोजन गरेको |
| ७ | स्थानीय आर्थिक विकास वार्षिक सर्वेक्षण | स्थानीय तहले आगामी आर्थिक वर्षका लागि सभामा बजेट पेस गर्नु अघि स्थानीय आर्थिक सर्वेक्षण प्रतिवेदन प्रकाशन गरी सार्वजनिक गरेको र यसलाई वेबसाइटमा समेत राखिएको |
| ८ | स्थानीय शासन कार्यसम्पादन सूचकको सूचकको लेखाजोखा | स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको कार्यविधि कार्यान्वयन गर्ने । |

## आर्थिक सशक्तीकरण

आर्थिक सशक्तीकरण स्थानीय आर्थिक विकासको कार्यमात्र नभई महत्वपूर्ण उद्देश्य समेत हो । आर्थिक रुपमा पछि परेका गरिब, महिला, दलित, सीमान्तकृत समुदायलाई आयमुलक क्रियाकलापमा सहभागी हुने अवसर उपलब्ध गराई आर्थिक हैसियत अभिवृद्धिका लागि आर्थिक सशक्तीकरणको कार्य गर्नु पर्दछ । आर्थिक सशक्तीकरण जीविकोपार्जन सुधार, उद्यमशीलता प्रवर्धन, उद्योग र व्यवसाय विकास जस्ता कार्य अघि बढाउँदा पछि परेका वर्ग र समुदायलाई समेट्ने महत्वपूर्ण विधि पनि हो । आर्थिक सशक्तीकरणका कार्य तल प्रस्तुत चरण अनुसार कार्यान्वयन गरेमा त्यसको प्रभावकारिता र दिगोपन सुनिश्चित हुन सक्दछ ।

### चरण १: टोल विकास संस्था गठन

१) टोल विकास संस्था स्थानीय विकास प्रक्रियामा नागरिक सहभागिता प्रवर्धन गर्ने तथा सरकारले गरेका कामको नागरिक निगरानी बढाई स्थानीय सहभागितामुलक लोकतन्त्रको अभ्यास गर्नमा योगदान गर्ने सामुदायिक संगठन हो । टोल विकास संस्थाले स्थानीय आर्थिक-सामाजिक विकास, संस्कृति संरक्षण र प्रवर्धन एवं स्थानीय आवश्यकतामा आधारित विकास अभ्यासको प्रवर्धनमा टोल विकास संस्थाले उल्लेख्य भूमिका निर्वाह गर्न सक्छन् । आर्थिक सशक्तीकरणका कार्य अघि बढाउन समेत स्थानीय तहले टोल विकास संस्था परिचालन गर्नु उपयुक्त हुन्छ ।

२) स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्र आर्थिक-सामाजिक सशक्तीकरणका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरिएको टोल विकास संस्था (गठन तथा परिचालन) सम्बन्धी नमूना कार्यविधि, २०७७ लाई आधार मानी टोल विकास संस्था सम्बन्धी कार्यविधि तर्जुमा गरी यसलाई कार्यपालिका बैठकबाट स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्दछ ।

३) स्थानीय तहले आर्थिक सशक्तीकरण कार्यक्रम सञ्चालन गर्नुअघि कार्यपालिका बैठकबाट स्वीकृत टोल विकास संस्था सम्बन्धी कार्यविधि बमोजिम टोल विकास संस्था गठन गर्नु पर्दछ ।

४) टोल विकास संस्था गठन गर्दा सभा वा वडा कार्यालयले तोकेको चार किल्लाभित्र भौगोलिक तथा सामाजिक सामिप्यका आधारमा टोल तथा बस्तीका बासिन्दाको भेलाबाट टोल तथा बस्तीभित्रका सबै घरधुरी समावेश हुने गरी गठन गर्नु पर्दछ ।

### चरण २ : आर्थिक सचेतना केन्द्र स्थापना

१) आर्थिक सचेतना केन्द्र स्थापना गर्न टोल बस्ती भेला: वडा कार्यालयले टोल विकास संस्थाको सहजीकरणमा टोल विकास संस्थामा आबद्ध व्यक्तिमध्येबाट आर्थिक सशक्तीकरण कार्यक्रम कार्यान्वयन लागु हुने टोल विकास क्षेत्रको पायक पर्ने स्थानमा आर्थिक सचेतना कक्षा सञ्चालनका लागि टोल बस्ती भेला गराइ एक आर्थिक सचेतना केन्द्र स्थापना गर्नु पर्दछ ।

२) आर्थिक सचेतना केन्द्र रहने स्थान निर्धारण: आर्थिक सचेतना केन्द्र टोल विकास संस्थाका सबै सदस्यका लागि पायक पर्ने स्थान र सम्भव भएसम्म सामुदायिक भवन उपलब्ध भएको स्थानमा सो नभएमा कुनै सार्वजनिक भवनमा स्थापना गर्नु पर्दछ ।

३) टोल विकास संस्थाका सदस्यहरूलाई अभिमुखीकरण गरी आर्थिक सचेतना केन्द्र व्यवस्थापन समितिको गठन: वडा कार्यालयले उद्यम विकास सहजकर्तालाई परिचालन गरी टोल विकास संस्थाको सदस्यको भेला गराई आर्थिक सशक्तीकरण कार्यक्रम र यसको महत्वका बारेमा अभिमुखीकरण गर्नु पर्दछ । यसै

भेलाबाट  एक आर्थिक सचेतना केन्द्र व्यवस्थापन समिति गठन गर्नु पर्दछ । यस्तो समिति एक जना संयोजक सहित ३ देखि ५ जनाको गठन गर्नु उपयुक्त हुन्छ । समिति गठन गर्दा महिला सहभागिता अनिवार्य हुने गरी समावेशी रुपमा गठन गर्नु पर्दछ । सचेतना केन्द्र व्यवस्थापन समितिमा एक जना सदस्यसचिव राख्नु आवश्यक हुन्छ । सदस्यसचिवले सचेतना केन्द्र व्यवस्थापन समितिका तर्फबाट गरिने सचेतना कक्षा सञ्चालन, बैठकका माइन्यूट व्यवस्थापन, प्रतिवेदन तयारी लगायतका कार्य गर्नुपर्ने हुन्छ ।

४) आर्थिक सचेतना व्यवस्थापन समितिको जिम्मेवारीः आर्थिक सचेतना व्यवस्थापन समितिको काम सामान्यतया निम्नानुसार हुन्छ ।

क. आर्थिक सचेतना कक्षा सञ्चालन गर्ने
ख. आर्थिक सचेतना कक्षामा भाग लिने सहभागीहरूलाई सहजीकरण गर्ने
ग. आर्थिक सचेतना केन्द्रको व्यवस्थापन गर्ने
घ. आर्थिक सशक्तीकरण कार्यक्रम कार्यान्वयन गर्ने
ङ. आर्थिक सशक्तीकरण सम्बन्धमा बहस र पैरवीहरू गर्ने
च. टोल बस्तीका आर्थिक गतिविधिहरूको तथ्याङ्क सङ्कलन गरी वडालाई उपलब्ध गराउने
छ. टोल बस्तीमा आर्थिक सचेतना प्रवर्धन गर्ने
ज. वडा कार्यालय र टोल विकास संस्थासँग आर्थिक सचेतनाका बारेमा समन्वय गर्ने ।

स्थानीय आवश्यकता अनुसार जिम्मेवारी केही फरक पनि हुन सक्दछ ।

## चरण ३: आर्थिक सचेतना कक्षा सञ्चालन

१) आर्थिक सचेतना केन्द्रका सामुदायिक आर्थिक सहजकर्तालाई प्रशिक्षक प्रशिक्षण तालिमः उद्यम विकास सहजकर्ताको प्राविधिक सहजीकरणमा आर्थिक सचेतना केन्द्रका सामुदायिक आर्थिक सहजकर्तालाई आर्थिक सचेतना कक्षा सञ्चालनका बारेमा प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने र सोको अवधी तीन दिनको हुने नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मा उल्लेख छ ।

**तालिकाः ७. आर्थिक सचेतना कक्षमा सहजीकरणका विषयहरू**[२]

| | |
|---|---|
| • आर्थिक सेवा सुविधामाथि पहुँचको विश्लेषण नक्साङ्कन (Access Mapping)<br>• आर्थिक स्रोतको नक्साङ्कन<br>• गरिबीका अन्तरनिहीत कारणहरू<br>• गाउँ नगरको दुर्बल पक्ष, अवसर र चुनौती विश्लेषण कार्यशाला<br>• टोलको दुर्बल पक्ष, अवसर र चुनौती विश्लेषण कार्यशाला | • असल अभ्यासहरू<br>• आर्थिक जोखिम विश्लेषण र यसको नियन्त्रण<br>• आर्थिक हिँडाई (Economic Walk)<br>• उद्यम विकास योजना निर्माण<br>• ऋण तथा बचत परिचालन सम्बन्धी<br>• कर्जा लिने तरिकाहरू |

[२] नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८० को ६ मा उल्लेखित विषयलाई आधार बनाइएको ।

| | |
|---|---|
| • वडाको दुर्बल पक्ष, अवसर र चुनौती विश्लेषण कार्यशाला<br>• वित्तीय साक्षरता<br>• व्यक्तिको सबल, दुर्बल, अवसर र चुनौती विश्लेषण कार्यशाला<br>• शक्ति र शक्तिको सम्बन्ध<br>• सम्पन्नता स्तरीकरण (Well–being ranking)<br>• सीपको नक्साङ्कन र सम्भावना<br>• स्थानीय आर्थिक अवस्थाको पहिचान | • गाउँ नगरमा उपलब्ध रोजागारको अवसर र सम्भावना<br>• बजार विकास<br>• लघु घरेलु उद्योग दर्ताको प्रक्रियाहरू<br>• वस्तु तथा सेवा उत्पादनको सम्भावना<br>• सफल कथाहरू<br>• स्थानीय आर्थिक विकास कार्यक्रमको परिचय<br>• अन्य उपयुक्त विषयहरू |

१) सहभागी छनौटः सामुदायिक आर्थिक सहजकर्ताको सहजीकरणमा आर्थिक सचेतना केन्द्रले टोल विकास संस्थाको भेला गराई आर्थिक सचेतना कक्षामा भाग लिन उत्प्रेरित २०-२५ जना सहभागीको नाम छनौट गरी आर्थिक सचेतना कक्षा सञ्चालन गर्नु पर्दछ ।

२) कक्षा सञ्चालनः हरेक हप्ता एक पटक आर्थिक सचेतना कक्षाका सहभागीहरूलाई तालिका-४ मा उल्लिखित पाठ्यक्रम अनुसार सामुदायिक आर्थिक सहजकर्ताले उद्यम विकास सहजकर्ताको प्राविधिक सहयोगमा देहाय अनुसार आर्थिक सचेतना कक्षा सञ्चालन गर्नु पर्दछः

क) आर्थिक सचेतना कक्षाको सञ्चालन आर्थिक सचेतना केन्द्रमा हुने गर्छ र यसलाई सामुदायिक आर्थिक सहजकर्ता र उद्यम विकास सहजकर्ताले सहजीकरण गर्नु पर्दछ ।

ख) तालिम सामग्रीको व्यवस्था सम्बन्धित वडा कार्यालयले गर्नु पर्दछ ।

ग) कक्षामा नियमित भाग लिनेलाई आर्थिक सचेतना परिपक्वताको प्रमाणपत्र प्रदान गर्नु पर्दछ ।

घ) सचेतना कक्षा प्रति दिन ३ घण्टाको दरले करिब १० दिनको हुन्छ ।

ङ) आर्थिक सचेतना कक्षामा सहभागी हुन टोल विकास संस्थामा आबद्ध हुनैपर्ने व्यवस्था गर्नु उचित हुन्छ ।

३) स्थायी लेखा नम्बरः आर्थिक सचेतना कक्षामा छनौट भएका सहभागीलाई कर कार्यालयबाट स्थायी लेखा नम्बर दिलाउन वडा कार्यालयले सहजीकरण गर्नु पर्दछ ।

## चरण ४ : जीविकोपार्जन सुधार परियोजना सञ्चालन

१) जीविकोपार्जन सुधार परियोजना सञ्चालनः नगरपालिका वा गाउँपालिकाले आर्थिक सचेतना परिपक्वताको प्रमाणपत्र लिएका व्यक्तिलाई समेटी जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

२) परियोजना प्रस्ताव मागः आर्थिक सचेतना केन्द्रले आर्थिक सचेतना परिपक्वताको प्रमाणपत्र लिएका व्यक्तिहरूको भेला गराई अनुसूची-७ मा उल्लिखित विषयमध्ये कुन सदस्यले कुन क्रियाकलापमा भाग लिन इच्छुक रहेको हो सो विवरण सङ्कलन गरी इच्छुक व्यक्तिबाट जीविकोपार्जन सुधारका लागि अनुसूची-८ बमोजिम परियोजना प्रस्ताव माग गरी सो प्रस्तावलाई कार्यान्वयन गर्नका लागि सहयोग गर्नु पर्दछ ।

३) उद्यम विकास समूह गठनः प्रस्तावकहरूले समूहमा कार्यक्रम सञ्चालन गर्न चाहेमा उद्यम विकास समूह गठन गरी टोल विकास संस्थाको रोहवरमा सो समूहलाई वडा कार्यालयमा सूचीकृत गर्नु पर्दछ ।

४) नतिजामूलक सम्झौता: गाउँपालिका वा नगरपालिकाले परियोजना कार्यान्वयन गर्दा आर्थिक सचेतना केन्द्रको रोहबरमा प्रस्तावकसँग नतिजामूलक सम्झौता गर्नु पर्नेछ । प्रति परियोजना कति रकम उपलब्ध गराउने भन्ने विषय विनियोजित बजेट, वार्षिक कार्यक्रम कार्यान्वयन खाकाले निर्धारण गरे बमोजिम हुने गर्छ ।

५) परियोजना कार्यान्वयन: नगरपालिका वा गाउँपालिकाले जीविकोपार्जन सुधार परियोजनाका लागि नतिजामूलक सम्झौता भएपछि देहाय बमोजिम परियोजना कार्यान्वयन गर्नु पर्दछ ।

क. जीविकोपार्जन सुधार कार्यक्रममा आवेदकले व्यहोर्नुपर्ने लागत सहभागिता रकम कार्यपालिकाले निर्णय गरेबमोजिम हुने गर्दछ ।

ख. परियोजना कार्यान्वयनको नियमित सहजीकरणको जिम्मेवारी आर्थिक सचेतना केन्द्रको हुने गर्दछ । कार्यक्रमको अनुगमन वडा कार्यालयबाट समेत गर्नु पर्दछ ।

ग. परियोजना कार्यान्वयनको मासिक प्रगति हरेक महिनाको ७ गते भित्र नागरिक सचेतना केन्द्रले वडा कार्यालय र उद्योग विकास शाखालाई उपलब्ध गराउनु उचित हुन्छ ।

घ. परियोजना सीप सिकेर मात्र गर्न सकिने भएमा आर्थिक सचेतना केन्द्रको सहजीकरणमा यस सम्बन्धी तालिम उपलब्ध गराउनु पर्दछ ।

**तालिका ८ : आर्थिक सशक्तीकरण कार्यक्रमका नतिजा सूचकहरू**

| क्रियाकलाप | नतिजा मापनको सूचक |
|---|---|
| १. टोल विकास संस्था गठन सम्बन्धी कार्यविधि तर्जुमा | टोल विकास संस्था सम्बन्धी कार्यविधि तर्जुमा भई स्थानीय राजपत्रमा प्रकाशन गरिएको |
| २. टोल विकास संस्थाको गठन | टोल विकास संस्था सम्बन्धी स्वीकृत कार्यविधि बमोजिम टोल विकास संस्था गठन भई वडामा सूचीकृत भएको |
| ३. टोल विकास संस्थाको अभिमुखीकरण | आर्थिक सशक्तीकरण कार्यक्रमका सम्बन्धमा टोल विकास संस्थाका सदस्यहरूलाई अभिमुखीकरण गरिएको |
| ४. आर्थिक सचेतना केन्द्रको स्थापना | टोल बस्तीको भेलाबाट आर्थिक सचेतना केन्द्र व्यवस्थापन समितको गठन भई सो केन्द्र स्थापना गरिएको |
| ५. सामुदायिक आर्थिक सहजकर्ताको छनौट | आर्थिक सचेतना केन्द्र सञ्चालनका लागि सामुदायिक आर्थिक सहजकर्ताको छनौट भई निजहरूलाई आर्थिक सचेतना कक्षा कसरी सञ्चालन गर्ने भन्ने बारेमा प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरिएको |
| ६. आर्थिक सचेतना कक्षा सञ्चालन | आर्थिक सचेतना कक्षा सञ्चालन भई सहभागीहरूले आर्थिक सचेतना परिपक्वताको प्रमाणपत्र लिएको |
| ७. सहभागीहरूको स्थायी लेखा नम्बर | आर्थिक सचेतना परिपक्वताको प्रमाणपत्र लिएकाहरूले नजिकको कर कार्यालयबाट स्थायी लेखा नम्बर लिएको |
| ८. जीविकोपार्जन सुधार परियोजना सञ्चालन | आर्थिक सचेतना परिपक्वताको प्रमाणपत्र लिएका सहभागीका लागि जीविकोपार्जन सुधार परियोजना सञ्चालन गरिएको |

# स्टार्टअप व्यवसाय प्रवर्धन

## १. परिचय

उद्यम वा व्यवसाय गर्न चाहनेहरूले वस्तु, सेवा र प्रकियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण एवं सृजनशील सोचको प्रयोग गरी व्यावसायिक रूपमा सञ्चालन भई स्तरोन्नतिको सम्भावना रहेका उद्यम वा व्यवसायलाई स्टार्टअप व्यवसाय भनिन्छ । यसमा एक वा सो भन्दा बढी उद्यमी तथा व्यवसायीहरूको वित्तीय लगानीमा नयाँ तथा विशेष वस्तु तथा सेवाको उत्पादन वा बिक्री सम्बन्धी व्यवसायको स्थापना र सञ्चालन गरिन्छ । स्टार्टअप व्यवसायमा उद्यमी तथा व्यवसायीले जोखिम लिएका हुन्छन् । यस्तो कार्य गर्दा सामान्यतया साविकमा गरिँदै आएका व्यवसायको सञ्चालन गर्ने रणनीति (Red Ocean Strategy) भन्दा पनि नयाँ तरिका, नयाँ बजार र नवीनतम सोच, नयाँ वस्तु वा सेवा (Blue Ocean Strategy) को रणनीति अवलम्बन गरिन्छ ।

स्टार्टअप व्यवसायले युवालाई व्यवसायमा प्रवेश गराई स्वरोजगारको अवसर प्रदान गर्दछ । यसले उद्यम वा व्यापारको नयाँ सम्भावानको ढोका खोलिदिन्छ । स्टार्टअपमा जोखिम समेत हुने गर्दछ । स्टार्टअपमा युवाको प्रवेश हुने भएकाले उनीहरूलाई प्रारम्भिक चरणमा सहयोग र उत्प्रेरणा आवश्यकता पर्दछ । चलिरहेको व्यवसायमा भन्दा पनि यसमा नयाँ क्षेत्रमा युवाले नवीनतम विचार लिएर व्यवसाय सुरूआत गर्न खोज्ने हुनाले नीतिगत स्थिरता, प्रक्रियागत सरलता र उपयुक्त कार्य वातावरणको आवश्यकता पर्दछ ।

स्टार्टअप भनेको नयाँ उद्यमको विशिष्ट स्वरुप हो । यसमा बिल्कुलै नयाँ वस्तु तथा सेवा उत्पादन वा उत्पादित वस्तु वा सेवा नवीनतम विधिबाट बिक्री वितरण हुन्छ । स्टार्टअप नवप्रवर्तनमा आधारित हुन्छ । छोटो अवधिमा उच्च वृद्धि वा विस्तार र उच्च प्रतिफल हासिल हुने विशषेता स्टार्टअपमा हुन्छ । स्टार्टअपको सम्भावना सामान्यतयाः सूचना प्रविधिमा आधारित उद्योग व्यवसायमा बढी हुने भएपनि अन्य क्षेत्रमा समेत यो सम्भव छ । स्टार्टअपमा उच्च जोखिम पनि रहने हुनाले सरकार वा ठूला लगानीकर्ताबाट स्टार्टअप सञ्चालनमा लगानी गर्ने वा जोखिम बहनमा सहयोग गर्ने प्रबन्ध हुनु पर्दछ ।

## २) स्टार्टअप व्यवसाय सञ्चालनका चरण

स्टार्टअप व्यवसाय सञ्चालनका लागि नीतिगत प्रबन्ध, संस्थागत व्यवस्था, व्यवसाय छनोट, कार्यान्वयन जस्ता चरण निर्धारण गर्नु पर्दछ । यसका लागि सामान्यतः निम्न चरण पार गर्नु आवश्यक हुन्छ ।

### चरण-१ : स्टार्टअप व्यवसाय कोष स्थापना

१) बजेट तथा कार्यक्रम तर्जुमाः स्टार्टअप व्यवसायलाई प्राविधिक तथा वित्तीय सहयोग गर्नु परेमा गाउँपालिका वा नगरपालिकाले स्टार्टअप कोष स्थापना गरी यसलाई वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नु पर्दछ ।

२) कोषको कार्य सञ्चालन विधि स्वीकृतः स्टार्टअप कोष स्थापना गर्दा यो कोषको कार्य सञ्चालन विधि स्वीकृत गरी आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्दछ ।

३) स्टार्टअप कोषमा रकम जम्मा गर्नेः गाउँपालिका वा नगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रमको सीमाभित्र रही स्टार्टअप कोषमा रकम जम्मा गर्नु पर्दछ र सो रकमबाट यस सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

## चरण-२ : स्टार्टअप व्यवसायको क्षेत्रको पहिचान

१) गाउँपालिका वा नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा सम्भाव्यता भएका स्टार्टअप व्यवसायको सम्भावित क्षेत्रहरूको पहिचान गरी त्यसमा सहजीकरण गर्नु पर्दछ । त्यस्ता सम्भावनाका बारेमा सार्वजनिक- निजी संवाद समितिको बैठकमा छलफल गराउनु उपयुक्त हुन्छ ।

२) स्टार्टअप व्यवसायका केही सम्भावित क्षेत्रको सूची देहाय बमोजिम रहेको छः

क) अटोमोबाइल्स
ख) कृषि तथा पशुपंछीमा आधारित विषय
ग) खाद्य उत्पादन तथा प्रशोधन
घ) खाद्य खनिज, खनिज, अनुसन्धान विकाससँग सम्बन्धित क्षेत्र
ङ) घरायसी, दैनिक जीवनलाई सहज, सरल, सुरक्षित बनाउने विषय
च) परम्परागत पेसा, उद्यमको पुनः जागरण सम्बन्धी क्षेत्र
छ) पर्यटन प्रवर्धन, मनोरञ्जन, अतिथि सत्कारसँग सम्बन्धित विषय
ज) पूर्वाधार निर्माणसँग सम्बन्धित क्षेत्र
झ) फोहोरमैला व्यवस्थापन र वातावरण
ञ) भवन निर्माण सेवासँग सम्बन्धित क्षेत्र
ट) मानव स्वास्थ्य सेवासँग सम्बन्धित क्षेत्र
ठ) वन, जडीबुटी, वन पैदावारमा आधारित विषय
ड) वस्तु वा सेवाको वितरण प्रणालीसँग सम्बन्धित क्षेत्र
ढ) विज्ञान, प्रविधि, सञ्चार, मनोरञ्जनसँग सम्बन्धित विषय
ण) विद्युतीय सवारी साधन, अटोमोबाइलसँग सम्बन्धित क्षेत्र
त) शिक्षा तथा शिक्षण इकाईसँग सम्बन्धित क्षेत्र
थ) सहज सुरक्षित यातायात तथा पारवहन सेवासँग सम्बन्धित क्षेत्र
द) स्थानीय उत्पादनको नवीन विधिबाट बिक्री वितरण गर्ने सम्बन्धी विषय
ध) सार्वजनिक निजी संवाद समितिले निर्धारण गरेको क्षेत्र

## चरण-३ : स्टार्टअप व्यवसाय गर्न इच्छुक युवाको वार्षिक सम्मेलन

१) गाउँपालिका वा नगरपालिकामा अध्यक्ष वा प्रमुखको संयोजकत्वमा रहेको सार्वजनिक-निजी संवाद समितिले निजी क्षेत्र र स्थानीय उच्च माध्यमिक विद्यालय वा विश्व विद्यालयसँग सहकार्य गरी अधययनरत युवालाई स्टार्टअप व्यवसायमा आकर्षित गर्न युवाको स्टार्टअप व्यवसाय सम्मेलन (Start Up Conference) आयोजना गरी नवीनतम प्रस्तावहरूका बारेमा प्रस्तुति गर्न लगाउन सक्छ । प्रस्ताव सङ्कलन र मूल्याङ्कन गर्दा अनुसूची-१३ मा समावेश विषयलाई आधार बनाउनु पर्दछ ।

२) स्टार्टअप व्यवसाय सम्मेलनमा सार्वजनिक-निजी संवाद समितिले आवश्यकता अनुसार विभिन्न क्षेत्रबाट विशेषज्ञलाई पनि आमन्त्रण गर्न सक्दछ ।

३) नयाँ उद्यम वा व्यवसायका उत्कृष्ट प्रस्तावलाई स्टार्टअप व्यवसाय कोषबाट गरेको आंशिकरूपमा प्रारम्भमा वा नतिजाका आधारमा प्राविधिक वा वित्तीय सहायता प्रदान गर्न सकिन्छ ।

४) सामान्यतया स्टार्टअप व्यवसाय सम्मेलन तथा स्टार्टअप व्यवसायको प्रस्तुति एक आर्थिक वर्षमा एक पटक मात्र गर्दा व्यवहारिक हुन्छ । प्रस्तावहरू स्थानीय तहले निर्धारण गरेका मापदण्डमा र नवप्रवर्तनमा आधारित हुनु पर्दछ । स्टार्टअप र सामान्य प्रकृतिका अन्य व्यवसाय छुट्याउने आधार र मापदण्ड स्पष्ट र पूर्वनिर्धारित हुनु पर्दछ ।

५) नयाँ व्यवसाय सम्मेलन सम्बन्धी विस्तृत कार्यविधि प्राविधिक समितिको सिफारिसमा सार्वजनिक निजी संवाद समितिले निर्धारण गर्दा उचित हुन्छ । यस्तो कार्यविधिमा स्टार्टअप व्यवसायको क्षेत्र, स्टार्टअप व्यवसायीलाई प्रदान गरिने अनुदानको सीमा, स्टार्टअप व्यवसायको सङ्ख्या, स्टार्टअप व्यवसायीले पालना गर्नुपर्ने सर्त आदि उल्लेख गरिएको हुन्छ ।

**चरण-४: स्टार्टअप व्यवसाय कार्यक्रमको सञ्चालन**

१) स्थानीय तहले स्टार्टअप व्यवसाय सम्मेलनमा उत्कृष्ट प्रस्तावहरूलाई सार्वजनिक निजी संवाद समितिको सिफारिसमा कार्यपालिका बैठकबाट स्वीकृत गराई छनौटमा परेका युवा स्टार्टअपसँग सम्झौता गर्नु पर्दछ ।

२) सम्झौता गरिएका स्टार्टअपसँग सम्बन्धित उद्यमीलाई स्थानीय तहले व्यवसाय विकास सेवा प्रदायक वा सफल व्यवसायीबाट अभिमुखीकरण गर्नु पर्दछ ।

३) स्टार्टअप युवालाई उद्यमशीलता सम्बर्धन केन्द्रमा राखेर आफ्नो व्यवसाय सञ्चालन गर्ने अवसर प्रदान गर्न सकिन्छ ।

४) सार्वजनिक निजी संवाद समितिमा स्टार्टअप व्यवसायले गरेका कामको समीक्षा गरिन्छ ।

**चरण-५: स्टार्टअप व्यवसाय सञ्चालनका लागि आवेदन माग**

स्टार्टअप व्यवसायमा भाग लिन चाहने युवालाई स्टार्टअप व्यवसायका लागि आवेदन भर्दा अनुसूची-१३ मा प्रस्तुत ढाँचामा स्थानीय तहले गरेको परिमार्जन समेतका आधारमा विवरण भर्न लगाउनु पर्दछ । यसले उनीहरूको व्यवसायिक तत्परता र क्षमता बारे थाहा पाउन सकिन्छ । यस फारमले स्वःमूल्याङ्कनको समेत काम गर्दछ ।

**चरण ६: स्टार्टअप व्यवसायको प्रशिक्षक र गति प्रदायक छनौट**

१) व्यवसाय सञ्चालन गरिसकेका स्टार्टअप व्यवसायीहरू मध्येबाट सार्वजनिक निजी संवाद समितिको निर्णयबाट भविष्यमा तीव्र वृद्धिको सम्भावना भएको स्टार्टअप व्यवसायमा युवालाई आकर्षित गर्न र स्टार्टअप व्यवसायमा प्रवेश गरेका व्यवसायीलाई सहयोग गर्न गति प्रदायकको रूपमा छनौट गर्न सकिन्छ ।

२) स्टार्टअपका नयाँ व्यवसायीलाई अभिमुखीकरणका लागि सफल स्टार्टअपलाई परिचालन गर्न सकिन्छ ।

३) स्टार्टअप व्यवसाय सञ्चालन कार्यतालिका : छनोटमा परेका सबै स्टार्टअपहरु सफल व्यवसायमा रुपान्तरण हुन्छन् भन्ने छैन । स्टार्टअप बिल्कुलै नयाँ व्यवसाय भएकाले जोखिम ज्यादा हुने र सबै स्टार्टअप सफल व्यवसायसम्म पुग्न नसक्ने अवस्था रहन्छ । त्यसलाई दृष्टिगत गरी स्टार्टअप सम्बन्धी क्रियाकलाप र त्यसको सफलताको मापनका सूचक पूर्व निर्धारित गरी अघि बढाउनु आवश्यक छ । यसका लागि तालिका-१० मा उल्लिखित क्रियाकलाप र सूचकलाई आधार बनाउन सकिन्छ ।

**तालिका १० : स्टार्टअप क्रियाकलाप कार्यतालिका**

| स्टार्टअप क्रियाकलाप | सूचक |
|---|---|
| १. स्टार्टअप कानुन गाउँ वा नगर सभाबाट स्वीकृत गरी कोषको स्थापना गरिएको | स्थानीय कानुन बमोजिम स्टार्टअप कोष स्थापना भएको |
| २.स्टार्टअप कोषका लागि बजेट विनियोजन भएको | वार्षिक योजना तथा कार्यक्रममा सो कार्यक्रम समावेश भएको |
| ३. स्टार्टअप व्यवसायका लागि विश्वविद्यालय वा उच्च माध्यमिक विद्यालयसँग समझदारी गरिएको | विश्वविद्यालय वा उच्च माध्यमिक विद्यालयका विद्यार्थीलाई स्टार्टअप व्यवसायमा संलग्न गराउन विश्वविद्यालय वा उच्च माध्यमिक विद्यालयसँग समझदारीपत्रमा हस्ताक्षर भएको |
| ४. स्टार्टअप व्यवसायमा भाग लिन विश्वविद्यालय वा उच्च माध्यमिक विद्यालयका विद्यार्थीबाट प्रस्ताव आह्वान गर्ने | स्टार्टअप व्यवसायमा भाग लिन विश्वविद्यालय वा उच्च माध्यमिक विद्यालयका विद्यार्थीबाट पत्रपत्रिका, सूचना पाटी, वेबसाइट आदिबाट प्रस्ताव आह्वान गरिएको |
| ५. स्टार्टअप व्यवसायीको छनौट | स्टार्टअप व्यवसायी छनौट गरी सम्झौता गरिएको |
| ६. स्टार्टअप व्यवसायी छनौट गरी सम्झौता गरिएको | स्टार्टअप व्यवसायीलाई अभिमुखीकरण गरिएको |
| ७. स्टार्टअप व्यवसायीलाई अभिमुखीकरण गरिएको | स्टार्टअप व्यवसायिका गतिप्रदायक र प्रशिक्षकलाई सूचीकृत गरी वेबसाइटमा राखिएको |
| ८. स्टार्टअप व्यवसायीले व्यवसाय सञ्चालन गरेको | वस्तु वा सेवा बिक्रीको कारोबार |
| ९. स्टार्टअप व्यवसायको व्यवसायिक अवस्थाको लेखाजोखा | केही सूचकसहित स्टार्टअपको वित्तीय स्वास्थ्यको लेखाजोखा |
| १०. सफल स्टार्टअपलाई पुरस्कार | सफल स्टार्टअपलाई पुरस्कारको व्यवस्था गरिएको |

### ३) स्टार्टअप व्यवसाय सञ्चालनको कानुनी आधार

नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० ले स्टार्टअप व्यवसाय सञ्चालनको विधि निर्धारण गरेको छ । सङ्घीय सरकारको कार्यक्रम स्थानीय तहमा सञ्चालनका लागि यो विधि तय गरिएको भएपनि स्थानीय तहले आर्थिक विकासका कार्यक्रम आफैं सञ्चालन गर्ने सन्दर्भमा पनि यो कार्यविधिको अनुसरण गर्नु उपयुक्त हुन्छ । कार्यविधिका सान्दर्भिक प्रावधान तालिका-११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ११ : स्टार्टअप व्यवसायको अभ्यास**
**(नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० मा स्टार्टअप सम्बन्धी प्रावधान)**

| |
|---|
| **१. युवाहरूको नवप्रवर्तनमा आधारित व्यवसाय सम्मेलन आयोजना** |
| (१) स्थानीय तहले नवप्रवर्तनमा आधारित नयाँ व्यवसाय गर्न ईच्छुक स्थानीय युवालाई लक्षित गरी वार्षिक रुपमा युवाहरूको व्यवसाय सम्मेलन आयोजना गर्न सक्नेछ । |
| (२) उपदफा (१) बमोजिमको सम्मेलनका लागि प्रवर्धन समितिले निजी क्षेत्र, स्थानीय प्राविधिक शिक्षालय, विश्वविद्यालय, गैरसरकारी संस्था, व्यावसायिक प्रतिष्ठित व्यक्ति वा संस्था समेतको समन्वय तथा सहकार्यमा विश्वविद्यालय वा प्राविधिक शिक्षालयमा अध्ययनरत वा अध्ययन पुरा गरेका युवालाई व्यवसायमा आकर्षण गर्न युवाहरूको व्यवसाय सम्मेलन (विजिनेश स्टार्टअप कन्फरेन्स) आयोजना गर्नुपर्नेछ । |

(३) उपदफा (२) बमोजिमको सम्मेलनमा नवप्रवर्तनमा आधारित व्यावसायिक प्रस्ताव प्रस्तुति गर्न लगाउन सकिनेछ ।

(४) प्रस्तुतिको आधारमा प्रवर्धन समितिले उत्कृष्ट ठहऱ्याएका बढीमा ५ वटा प्रस्तावलाई नयाँ व्यवसाय सञ्चालन गर्ने गरी कार्यक्रमबाट अनुदान उपलब्ध गराउने स्वीकृतिका लागि कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

**२. नवप्रवर्तनमा आधारित व्यवसाय बीउ पूँजी उपलब्ध गराइने**

(१) नवप्रवर्तनमा आधारित व्यवसाय शुरुवात गर्नका लागि दफा १९ बमोजिमको सम्मेलनबाट सिफारिस भई आएका प्रस्तावहरूलाई कार्यपालिकाले प्रति प्रस्ताव बढीमा रू.२ लाख बीऊ पूँजी स्वरुप अनुदान उपलब्ध गराउनेछ ।

**३. बीऊ पूँजी अनुदान प्राप्त गर्न देहायका शर्त पूरा गर्नु पर्नेछ**

(क) प्रस्तावित परियोजनाको कम्तिमा १५% रकम लागत सहभागिता गर्ने प्रतिबद्धता जनाएको,

(ख) स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणपत्र पेस गरेको,

(ग) कम्तीमा ३ वर्षसम्म उक्त व्यवसायलाई निरन्तरता दिने प्रतिवद्धता पेस गरेको,

(घ) प्रचलित कानून बमोजिम पूरा गर्नुपर्ने अन्य शर्त पुरा भएको ।

***स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय***

**नोटः** नेपाल सरकारले नवीनतम ज्ञान, सोच, सीप र क्षमता भएको उद्यमीलाई स्टार्टअप उद्यममा संलग्न हुन उत्प्रेरित गर्न सहुलियत कर्जा प्रवाह सम्बन्धी कामकारबाहीलाई सरल स्पष्ट र व्यवहारिक बनाउन स्टार्टअप उद्यम कर्जाकोष कार्यविधि, २०७९ स्वीकृत गरेको छ ।

## ४) स्टार्टअप व्यवसायको सम्भाव्यता

स्टार्टअप व्यवसायको सिर्जना उद्योग व्यवसाय गर्नका लागि उपयुक्त अवसरको विश्लेषण र पहिचान गर्नु आवश्यक छ । वस्तु तथा सेवाको उपलब्धता तथा वस्तु तथा सेवाप्रवाह र प्राप्तिमा रहेका समस्याको पहिचान र त्यस्ता समस्या समाधानको उपयुक्त विकल्प तय गर्ने प्रक्रियाको परिणामस्वरुप स्टार्टअप सुरु हुन्छ । उदाहरणका लागि, नेपालको राजधानी काठमाडौंमा सार्वजनिक यातायातको विश्वसनीयताको कमी, ट्याक्सीहरूको महँगो शुल्क, खोजेको समयमा ट्याक्सी नपाइने तथा समयमा नै काममा जाने र फर्कनमा नागरिकले भोगिरहेका समस्या समाधानका लागि पठाओ, इनड्राइभ, ट्याक्सीमाण्डु लगायतका अनलाइन प्रविधिबाट ट्याक्सी तथा मोटरबाइकको सेवा घरबाटै लिनसक्ने गरी सूचना प्रविधिमा आधारित व्यवसाय सुरु भयो । यसले छोटो अवधिमा नै नागरिकका यातायातको असुविधा हटाउन योगदान गर्ने नयाँ व्यवसायको विकास भयो । त्यसैले स्टार्टअप सुरु गर्नुअघि सम्बन्धित व्यवसायी तथा स्थानीय तहले तल उल्लिखित प्रश्न लगायतका आधारमा स्टार्टअपको सम्भावना पहिचान गर्नु पर्दछ ।

## चित्र १: स्टार्टअप व्यवसायका प्रश्न



# व्यवसाय विकास

## १. परिचय

१) नाफाको लागि व्यक्ति वा समूह वा संस्थाबाट गरिने वस्तु र सेवाको खरिद र बिक्री सम्बन्धी कारोवारलाई व्यवसाय भनिन्छ । चिया पसल खोलेर चियाको बिक्री, कपडा पसल खोलेर कपडा बिक्री, भाँडाबर्तन पसलको व्यापार, मिठाइ पसल, पान पसल, चिकित्सा सेवा आदि व्यवसायका केही उदाहरण हुन् । व्यवसायमा नयाँ व्यवसायको सुरूवात वा भइरहेको व्यवसायको विस्तार दुबै पर्दछन् । व्यवसायमा संलग्न हुने व्यक्ति वा समूह वा संस्थाले वस्तु वा सेवा आफैँले उत्पादन गरेर वा अरुले उत्पादन गरेको वस्तु वा सेवा खरिद गरी बिक्री गर्न सक्छन् ।

२) स्थानीय तहले व्यवसाय विकास कार्यक्रम तर्जुमा गरी व्यवसायिक विकासका लागि पूर्वाधार निर्माण, व्यवसायको स्थापना तथा सञ्चालनका लागि व्यवसायिक वातावरणको सृजना, व्यवसायमा लाग्नेको लागि सीप तथा क्षमता विकास कार्यक्रम सञ्चालन, स्वस्थ्य व्यवसाय प्रवर्धनको नियमन, नयाँ व्यवसाय गर्न चाहनेका लागि प्रोत्साहन, बजार केन्द्रको स्थापना आदि क्रियाकलापहरू सञ्चालन गर्न सक्छन् । व्यवसाय विकास अन्तर्गत नयाँ व्यवसाय स्थापना तथा भइरहेका व्यवसायको स्तरोन्नति विकास र विस्तारका कार्य समेत पर्दछन् । स्थानीय सरकारले निश्चित लघु उद्यम व्यवसायको विकासका लागि गर्नसक्ने क्रियाकलापहरू क्रमशः प्रस्तुत गरिएको छ ।

### चरण-१ : व्यवसायको आधारभूत सर्वेक्षण

१) स्थानीय तहको स्थानीय आर्थिक विकासको जिम्मेवारी रहेको शाखाले स्थानीय तहको भौगोलिक क्षेत्रभित्र को कसले के कस्ता व्यापार व्यवसाय सञ्चालन गरेका छन् सो को आधारभूत सर्वेक्षण गर्नु पर्दछ । यस्तो सर्वेक्षण गर्दा सर्वेक्षण फारम विकास गरी नजिकको कलेज, क्याम्पस, उच्च माध्यमिक विद्यालयसँग सहकार्य गरी विद्यार्थीबाट, टोल विकास संस्था भएमा टोल विकास संस्था मार्फत् वा स्थानीय तहमा रहेको उद्योग वाणिज्य संघसँग सहकार्य गरेर गर्न सकिन्छ । व्यवसायको सर्वेक्षण गर्दा व्यवसाय करको दायरामा आउनेको विवरण लिई टोल विकास संस्थाको सहयोगमा गर्न सकिन्छ । सर्वेक्षेत्रको कार्य अघि बढाउँदा सर्वेक्षकको विवरण र सर्वेक्षण फारम तयार गर्नु पर्दछ ।

**तालिका १२: सर्वेक्षकको नामावली फारम**

| सर्वेक्षकको नाम | सर्वेक्षकको ठेगाना | सर्वेक्षकले सर्वेक्षण गर्नुपर्ने टोल वा बस्ती वा वडा | सर्वेक्षकले काम सम्पन्न गर्नुपर्ने समय |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

२) व्यवसायको आधारभूत सर्वेक्षण गर्दा सर्वेक्षणमा जाने व्यक्तिहरूको छनौट गरी सर्वेक्षण फारम, यसको कार्यतालिका र यस सम्बन्धी तौरतरिका बारेमा सर्वेक्षकहरूलाई अभिमुखीकरण गर्नु पर्दछ । सर्वेक्षण फारमका आधारमा व्यवसायहरूको एकीकृत विवरण बनाउनु पर्दछ (तालिका १३)।

**तालिका १३: व्यवसाय सर्वेक्षण फारम**

| व्यवसायको नाम ( इमेल र मोबाइल नम्बर सहित ) | व्यवसाय रहेको ठेगाना | व्यवसायको मुख्य काम | व्यवसायको स्वामित्व संरचना (व्यक्तिगत, सामुहिक, संस्थागत) | व्यवसाय करमा दर्ता भएको भए दर्ता मिति | व्यवसायीको नाम, इमेल ठेगाना र मोबाइल नम्बर समेत | व्यवसायको वार्षिक बिक्री वा कारोबार | बजार केन्द्र भएको स्थानमा भए सो बजारको नाम |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

## चरण-२ : व्यवसाय दर्ता प्रवर्धन

१) स्थानीय आर्थिक विकास शाखाले व्यवसाय सर्वेक्षणको आधारमा आफ्नो गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र व्यवसाय गरेका र स्थानीय आर्थिक ऐन अनुसार व्यवसाय करको दायरामा आउन सक्ने तर हालसम्म व्यवसाय करको दायरामा नआएका व्यवसायलाई वडा कार्यालय मार्फत् गाउँपालिका तथा नगरपालिका कार्यालयमा आफ्नो व्यवसाय दर्ता गर्न निश्चित दिनको समय दिई आह्वान गर्नु पर्दछ ।

२) व्यवसाय करको दायरामा दर्ता हुन आउने सम्बन्धी सूचना मोबाइल ठेगानामा मेसेज दिएर, इमेलबाट पत्र पठाएर वा अन्य तरिका प्रयोग गरेर गर्न सकिन्छ । व्यवसाय करको दर्तामा आएकालाई व्यवसाय दर्ता प्रमाणपत्र दिनु पर्दछ । गाउँपालिका तथा नगरपालिकामा सञ्चालन गर्न सकिने केही व्यवसायको सूची अनुसूची-९ मा प्रस्तुत गरिएको छ । व्यवसाय करको दर्ता फारमको नमूना अनुसूची-१० मा उल्लेख गरिएको छ ।

३) स्थानीय तहमा व्यवसाय दर्ता भएपछि नजिकको कर कार्यालयसँग सहकार्य गरी व्यवसायीहरूलाई स्थायी लेखा नम्बर दिलाउन सहजीकरण गर्नु पर्दछ ।

## चरण-४: व्यवसायीलाई अग्रीम अभिमुखीकरण

१) स्थानीय तहले चालु व्यवसायको क्षमता विस्तार र नयाँ व्यवसाय सञ्चालन गर्न इच्छुक व्यवसाय करदाताका लागि सार्वजनिक सूचना आह्वान गरी कम्तिमा १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

२) यस्तो अग्रिम अभिमुखीकरण कार्यक्रममा सहभागीलाई उनीहरूको सोचलाई स्टार्टअप व्यवसायका रुपमा अघि बढाउन उपयुक्त हुने वा नहुने मूल्याङ्कन गर्न लगाउनु पर्दछ। त्यसका लागि देहायको ढाँचामा व्यवसाय विकल्प विश्लेषण फारम प्रस्तुत गर्न लगाउनु पर्दछ । (तालिका १४)

**तालिका १४ : व्यवसाय विकल्पको प्रारम्भिक लेखाजोखा फारम**

| स्कोरिङ स्केल: अति कमजोर (१), कमजोर (२), सन्तोषजनक (३), राम्रो(४), अतिराम्रो(५) | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्र सं** | **सम्भावित व्यवसाय** | **व्यवसायसँग परिचित भए नभएको** | **पारिवारिक सहयोग, प्रक्षेपित आय** | **रोजगारी सृजना** | **लगानी सम्भावना** | **जम्मा अंक** |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |

क. तालिका १४ को प्रारम्भिक लेखाजोखाबाट उच्च अंक प्राप्त गरेका व्यवसायमध्ये व्यवसाय योजना बनाई सञ्चालनमा लैजान सकिने व्यवसाय पहिचानका लागि विभिन्न सूचकका आधारमा सूक्ष्म विश्लेषण गर्नु पर्दछ । त्यसका लागि आवश्यकता अनुसार थप सूचना समेत सङ्कलन गर्न सकिने गरी तालिका १५ लाई प्रयोगमा ल्याउन सकिन्छ ।

**तालिका १५ : व्यवसाय विकल्पको सूक्ष्म लेखाजोखा फारम**

| स्कोरिंग स्केल: अति कमजोर (१), कमजोर (२), सन्तोषजनक (३), राम्रो(४), अतिराम्रो(५) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **क्र. सं** | **राम्रो व्यवसाय** | **बजार** | **कच्चा पदार्थ** | **प्रविधि** | **जनशक्ति** | **लगानी** | **बजारीकरण** | **पूर्वाधार** | **जम्मा अंक** |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |

## चरण-५: नयाँ व्यवसाय स्थापना तथा व्यवसायको क्षमता विस्तार

१) स्थानीय स्तरमा नयाँ व्यवसाय गर्न वा व्यवसायको क्षमता विस्तार गर्न इच्छुक व्यवसायीमध्ये स्थानीय करको दायरामा आएका व्यवसायलाई व्यवसाय विकास (क्षमता विस्तार) कार्यक्रममा सहभागी गराउनु उपयुक्त हुन्छ । नयाँ व्यवसाय स्थापनाका लागि सूक्ष्म लेखाजोखा फारम भर्दा उच्च अंक हासिल गरेका सम्भाव्य व्यवसायलाई लक्षित गरिनु पर्दछ । व्यवसायको क्षमता विस्तारका लागि प्रस्ताव अनुसूची-११ को ढाँचामा माग गर्न सकिन्छ ।

२) व्यवसाय विस्तार र नयाँ व्यवसाय स्थापना सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुअघि सार्वजनिक निजी संवाद समितिको सिफारिसमा प्रचलित कानुन बमोजिम प्रस्ताव स्वीकृत गर्नु पर्दछ । यसक्रममा व्यवसायी, स्थानीय सरकारको सम्बन्धित शाखा (सामान्यतया: आर्थिक विकास शाखा) र निजी क्षेत्रको छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघको स्थानीय इकाई वा जिल्ला वा नगर स्तरीय संगठनका बिचमा प्रभावकारी समन्वय आवश्यक हुन्छ ।

# सीप विकास

## परिचय

सीप भनेको कुनैपनि काम कुशल र प्रभावकारी ढङ्गले सम्पादन गर्ने व्यक्तिको क्षमता हो । व्यक्तिको प्रतिभा, तालिम, अभ्यास र अनुभवबाट यस्तो क्षमता निर्माण हुने गर्दछ । सीपले कम समय र स्रोतबाट बढी प्रतिफल प्राप्त गर्ने आधार दिन्छ । व्यावसायिक खेती, पशुपालन, कृषि र वनजन्य उद्योग, घरेलु तथा साना उद्योग तथा अन्य उद्योग, रिक्सा, ठेलालगायतका सेवामूलक व्यवसाय, विभिन्न जातजातिका परम्परागत पेसामा आधारित व्यवसाय, घरबास, बहुमूल्य धातु प्रशोधन जस्ता कामको सीप भएमा यसले रोजगारीको ढोका खोलिदिन्छ ।

सीपले व्यक्तिको उत्पादन र आय गर्ने क्षमता बढाउँछ भने उद्यमीका लागि सीप उत्पादनशीलता बढाउने माध्यम हो । सीप विकासमा व्यक्तिमा नयाँ सीपको विकास र भइरहेको सीपको वृद्धि गरी दुईवटा तरिका अपनाइने गरिन्छ । सीप विकासका लागि गरिने क्रियाकलापहरूको चरण तल प्रस्तुत गरिएको छ ।

## चरण-१ : सीपको सर्वेक्षण

१) सीप विकास कार्यक्रम सञ्चालन गर्नुअघि स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका सीपमा आधारित पेसा तथा व्यवसाय, उपयोगी सीप, सीप प्रयोगको अवस्था, सीपको माग र उपलब्धता आदि सहित सीप सम्बन्धी तथ्याङ्क नियमित अद्यावधिक गर्नुपर्ने हुन्छ । त्यसका लागि सीपको सर्वेक्षण गर्नु पर्दछ । सीपको सर्वेक्षण गर्दा तालिका १६ अनुसारको सर्वेक्षण फारम तयार गर्नु पर्दछ ।

**तालिका १६: सीपको सर्वेक्षण फारम**

| सीपको नाम | स्थानीय जनशक्तिको सङ्ख्या | बाह्य जनशक्तिको सङ्ख्या | आवश्यक सङ्ख्या |
|---|---|---|---|
| काठको काम गर्ने मिस्त्री | | | |
| घर बनाउने मिस्त्री | | | |
| घरको छाना लगाउन जान्ने मानिस | | | |
| घरको रंग लगाउने मिस्त्री | | | |
| घरमा टाईल लगाउने मिस्त्री | | | |
| घरमा बिजुली जडान गर्ने मिस्त्री | | | |
| डोजर चालक | | | |
| धाराको पाईप जोड्ने मिस्त्री | | | |
| पशुको सामान्य उपचार गर्न जान्ने मानिस | | | |
| फलामे ग्रिलको काम गर्न जान्ने मिस्त्री | | | |
| फिजियोथेरापीको तालिम लिएको मानिस | | | |
| बाटमा ढुङ्गा छाप्न जान्ने मिस्त्री | | | |
| मोटर मर्मत गर्न जान्ने मानिस | | | |
| मोटरसाइकल मर्मत गर्न जान्ने मानिस | | | |
| मोबाइल मर्मत गर्न जान्ने मानिस | | | |
| रेस्टुरेन्ट वा होटेलमा कुक | | | |
| साइकल मर्मत गर्न जान्ने मानिस | | | |

| | | | |
|---|---|---|---|
| स्थानीय अवस्था अनुसार अन्य सीपयुक्त जनशक्ति (नाम) | | | |

२) सीप विकासको कार्य सञ्चालन गर्नुअघि सीपयुक्त जनशक्तिका लागि रोजगारी र स्वरोजगारीको उपलब्धता विश्लेषण गर्नुपर्ने हुनाले सीपको सर्वेक्षणका क्रममा संस्थागत तहमा सीपको आवश्यकता र उपलब्धताको पनि लेखाजोखा गर्नुपर्ने हुन्छ । सीपको सर्वेक्षण गर्दा तालिका १७ अनुसार स्थानीय तहभित्र सीपको उपयोग गर्ने व्यवसाय र संघसंस्थाको समेत विवरण सङ्कलन गर्नु पर्दछ ।

**तालिका १७ : स्थानीय तहभित्र सीप प्रयोग गर्ने संस्थाको विवरण**

| संस्थाको नाम | सीपयुक्त जनशक्ति विवरण | उपलब्ध सीपयुक्त जनशक्ति | आवश्यक सङ्ख्या | नपुग सङ्ख्या |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**चरण-२: तालिम प्रदायक संस्था र स्रोत व्यक्तिहरूको रोष्टर तयारी**

१) सीप विकास सम्बन्धी तालिम प्राप्त गरेका जनशक्तिको विषय क्षेत्रगत समूह अनुसार सूची तयार गरी स्थानीय तहले आफ्नो वेबसाइट मार्फत् रोष्टर सार्वजनिक गर्नु पर्दछ **(तालिका १८)**। यस्तो रोष्टरलाई समय समयमा अद्यावधिक समेत गर्नु पर्दछ ।

२) आफ्नो क्षेत्र वा प्रदेशमा वा नजिकको प्रदेशमा सीप विकासको तालिम प्रदान गर्ने तालिम प्रदायक संस्थाहरूको रोष्टर तयार गरी यसलाई समेत आफ्नो वेबसाइटमा राख्नु पर्दछ र यसलाई समय समयमा अद्यावधिक समेत गर्नु पर्दछ ।

**तालिका १८ : सीप सम्बन्धी तालिम प्रदायक संस्थाको विवरण**

| तालिम प्रदायक संस्थाको नाम | तालिम प्रदायक सस्थाले दिन सक्ने तालिम | तालिमको समयावधि |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |

## चरण-३: सीप विकासका सहभागी छनोट

१) सीप विकास कार्यक्रममा भाग लिन इच्छुक व्यक्तिलाई लक्षित गरी स्थानीय तहले सञ्चालन हुने तालिम तथा यसको आधारभूत सर्तहरू तोकी निश्चित समय दिई आफ्नो वेबसाइट मार्फत् इच्छुक व्यक्तिलाई प्रस्ताव पेस गर्न सार्वजनिक सूचना आह्वान गर्नु पर्दछ । सीप विकास कार्यक्रममा सहभागिताका लागि प्रशिक्षणका विषयवस्तु बुझ्न र प्रयोग गर्न सक्ने व्यक्ति छनोटका लागि शैक्षिक योग्यता तोक्न सकिन्छ। सीप विकास कार्यक्रममा समावेश हुने व्यक्तिहरूको अन्तिम नामावली सार्वजनिक निजी संवाद समितिको बैठकको सिफारिसमा गर्न सकिन्छ । सीप विकासमा सहभागी हुन चाहने व्यक्तिले निम्नानुसारको ढाँचामा प्रस्ताव पेस गर्ने व्यवस्था गर्न सकिन्छ ।

**तालिका १९: सीप विकास सम्बन्धी परियोजना प्रस्तावको ढाँचा**

| | |
|---|---|
| १. आवेदकको नाम र ठेगाना | |
| २. सिक्न खोजेको सीप | |
| ३. सीप सिक्नका लागि निकाल्न सकिने समय | |
| ४. सीप सिक्नुको उद्देश्य | |
| ५. सीप सिकेपछि गर्ने क्रियाकलाप | |
| ६. प्रस्तावित सीपमा यस अघिको अनुभव | |
| ७. आवेदकको शैक्षिक योग्यता | |
| ८. आवेदकले यसअघि सिकेका सीप र अवधि | |
| ९. आवेदककले यसअघि गरेका कामहरू | |
| १०. सीपले स्थानीय औद्योगीकीकरणमा गर्न सक्ने योगदान | |
| ११. सीप सिकेपछि स्थानीय क्षेत्रमा पाउने रोजगारीको सम्भावना | |
| १२. सीप पछि स्थानीय क्षेत्रमै रोजगारी पाउने सम्भावना | |
| १३. सीपले बाह्य श्रमिक माथिको निर्भरता घटाउन गर्ने योगदान | |
| १४. सीपले स्वरोजगारीमा गर्ने योगदान | |

स्रोत : अनुसूची-१२, नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

## चरण-४: सीप विकास तालिम सञ्चालन

१) सीप विकास सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले निर्धारण गरेको पाठ्यक्रममा आधारित र परिषद्बाट मान्यताप्राप्त संस्था मार्फत् सार्वजनिक खरिद ऐनले निर्धारण गरेको प्रक्रिया अनुसार कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

२) सीप विकास सम्बन्धी कार्यक्रमको लागत अनुमान तयार गर्दा नेपाल सरकार वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले निर्धारण गरेको दररेट तथा मापदण्ड बमोजिम तयार गर्नु पर्दछ ।

३) सीपको सर्वेक्षणका आधारमा पहिचान गरिएका सीप विकासको आवश्यकता र सीप विकास योजनामा आधारित रहेर रोजगारमुलक सीप विकासका कार्यक्रम सञ्चालन गर्नु पर्दछ । केही रोजगारमुलक सीप विकासका विषय तालिका २० मा प्रस्तुत गरिएको छ ।

## तालिका २० : केही रोजगारमुलक सीपहरू

| भवन तथा निर्माण सीप | सवारी साधन तथा उपकरण | घरमा उपयोग हुने सीप | कृषि तथा खाद्य | विविध |
|---|---|---|---|---|
| टाईल लगाउने | घडी, रडियो तथा मोबाईल मर्मत | गलैंचा बुनाई | अचार बनाउने | हाते कागज निर्माण |
| ढुङ्गा छपाई | हेभी ईक्वीपमेन्टका सवारी चालक | ढाका कपडा बुनाई | पशु उपचार/प्राविधिक | थाङ्का चित्र बनाउने |
| प्लम्बिङ | सवारी साधन मर्मत | कपाल काट्ने | पाउरोटी बनाउने | मिथिला कला निर्माण |
| विद्युतीकरण | साईकल तथा मोटरसाईकल मर्मत | मैन बत्ती बनाउने | पुष्प व्यवसाय | र्‍याफ्टिङ |
| भवन निर्माण | फ्रिज तथा रेफ्रिजिरेटर मर्मत | साधारण थेरापी | कुकिज, बेकरी पाउरोटी, जुस, बिस्कुट, लप्सी प्रशोधन, अदुवा प्रशोधन, बेसार प्रशोधन, टिम्बुर प्रशोधन, खुर्सानी प्रशोधन, बिउ प्रशोधन | बंगुरपालन |
| वेल्डिङ | | सिलाई कटाइ | अस्ट्रिच, बट्टै, कुखुरा, | मैनबत्ती, अगरबत्ती, खाम बनाउने, |
| सिकर्मी, डकर्मी | पानी तान्ने पम्प, जेनरेटर मर्मत तथा जडान | नेल आर्ट तथा मेहन्दी | खुरसानी प्रशोधन | च्याउ खेती |
| हाउस वाइरिङ | घरायसी विद्युतीय सामग्री जस्तै वासिङ मेसिन, ओभन, विद्युतीय चुलो मर्मत सम्भार तथा जडान | कौसी खेती | बिउ विजन प्रशोधन | बेत बाँसका फर्निचर |
| फर्निचर निर्माण | कम्प्युटर मर्मत | घर सजावट | कालिज पालन | मौरी पालन, |
| भवनको रंगरोगन | इन्भर्टर मर्मत तथा जडान विविध | हाँस पालन, | नर्सरी व्यवस्थापन | ब्रिकेट निर्माण |



## स्थानीय औद्योगिक प्रवर्धन

स्थानीय तहको भौगोलिक क्षेत्रमा वस्तु वा सेवा उत्पादन गरी रोजागारी सृजनाका लागि गरिने क्रियाकलापहरू औद्योगिक प्रवर्धन अन्तर्गत पर्दछन् । स्थानीय तहले निजी क्षेत्र, सामुदायिक क्षेत्र र सहकारी क्षेत्रलाई नीतिगत सहजीकरण, प्राविधिक सहयोग वा लगानीमैत्री वातावरण निर्माणमा केन्द्रित सहयोग, उत्पादित वस्तु वा सेवाको लागि बजार सृजना वा बजार पहुँच विस्तारमा केन्द्रित क्रियाकलापबाट औद्योगिक प्रवर्धन गर्न सक्छ ।

स्थानीय तहहरूले आफ्नो क्षेत्रमा लघु घरेलु तथा साना उद्योगको प्रवर्धन गर्न तथा साना, मझौला र ठूला उद्योग स्थापनाका लागि पहल गर्न सक्छन् । यस्ता उद्योगहरूले स्थानीय आय बढाउन सहयोग गर्नुका साथै रोजगारी र स्वरोजगारीका अवसर बढाउन योगदान गर्छन् । स्थानीय औद्योगिक प्रवर्धनका लागि गरिने क्रियाकलापहरू सञ्चालनका चरणहरू क्रमशः प्रस्तुत गरिएको छ ।

### चरण-१ : स्थानीय औद्योगिक सर्वेक्षण

१) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र के कस्ता उद्योग सञ्चालनमा आएका छन् र के कस्ता उद्योग सञ्चालन गर्न सकिन्छ भन्ने बारेमा औद्योगिक सर्वेक्षण गर्नु पर्दछ । यस्तो कार्य वडा कार्यालयको संयोजनमा टोल विकास संस्थाबाट गर्न सकिन्छ । औद्योगिक सर्वेक्षणबाट तालिका २१ अनुसारको तथ्याङ्क तयारी वा अद्यावधिक गर्न सकिन्छ ।

**तालिका २१ : वडा तहमा औद्योगिक सर्वेक्षण**

| क.सं. | उद्योगको नाम र मुख्य उत्पादन | संचालकको नाम र उद्योग रहेको स्थान | रोजगारीको सङ्ख्या | वार्षिक कारोबार |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

२) औद्योगिक सर्वेक्षण गर्दा सङ्कलन गरिनु पर्ने तथ्याङ्क, तथ्याङ्क सङ्कलन विधि, उपलब्ध तथ्याङ्कको प्रयोग, तथ्याङ्क सङ्कलनकर्ता अनुशिक्षण, तथ्याङ्क प्राप्ति र विश्लेषण जस्ता हरेक चरणमा स्थानीय उद्योग वाणिज्य क्षेत्रका संघसंस्था वा संगठनसँग सहकार्य गर्नु पर्दछ ।

### चरण-२ : स्थानीय औद्योगिक सम्मेलन

१) गाउँपालिका वा नगरपालिकाले चौमासिक रुपमा औद्योगिक सम्बाद र वार्षिक रुपमा एक दिने औद्योगिक सम्मेलन गर्नु उपयुक्त हुन्छ । त्यसक्रममा स्थानीय उद्योग वाणिज्य क्षेत्रका संघ संगठनसँगको सहकार्यमा स्थानीय उद्यमी व्यवसायी र सम्भव भएसम्म सम्भाव्य लगानीकर्ताहरूको समेत सहभागिता हुनु पर्दछ । औद्योगिक सम्मेलन आयोजना अघि अद्यावधिक वस्तुस्थिति, उद्योग वाणिज्य क्षेत्रको स्थानीय तहको आर्थिक विकास रणनीति, लगानीका प्राथमिकता र क्षेत्र, नयाँ उद्योग स्थापना गर्न चाहनेका लागि स्थानीय तहले अघि सारेका नीतिगत र संस्थागत सहजीकणका प्राथमिकता आदिबारे स्पष्टता हासिल गर्नु अपरिहार्य छ ।

२) औद्योगिक विषयमा निम्न सवालमा सहभागी बिच छलफल गरी सुझाव सङ्कलन गर्नु पर्दछ ।

- लगानीका सम्भावित क्षेत्रहरू
- सार्वजनिक निजी साझेदारीका सम्भावना
- औद्योगिक उत्पादनको बजारको सम्भावना
- स्थानीय उद्योगका लागि प्रविधि र जनशक्ति
- स्थानीय उद्योगका लागि आवश्यक नीति तथा पूर्वाधारहरू
- नवप्रवर्तन र स्टार्टअप
- अन्य सान्दर्भिक विषय

३) औद्योगिक सम्बाद र सम्मेलनमा आएका सुझावलाई समेटी गाउँपालिका वा नगरपालिकाले एक प्रतिवेदन तयार गरी आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्दछ ।

**चरण-३ : उद्योगको क्षमता विस्तारको प्राविधिक सहयोगको लागि प्रस्ताव आह्वान**

१) उद्योग क्षमता विस्तारका क्षेत्रबारे नीतिगत र कानुनी स्पष्टता आवश्यक हुन्छ । बजार विस्तार, पुँजी विस्तार, उत्पादन विस्तार र विविधिकरण, जनशक्तिको क्षमता विकास, सूचना प्रविधिको प्रयोग जस्ता विषय क्षमता विस्तारका विषय हुन् । त्यसमा आधारित रहेर क्षमता विस्तारको प्रस्ताव आह्वान गर्नुपर्ने हुन्छ ।

२) गाउँपालिका वा नगरपालिकाले सभाबाट स्वीकृत कानुन तथा कार्यपालिका बैठकबाट स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन खाका बमोजिम आफ्ना क्षेत्रमा रहेका उद्योगको क्षमता विस्तार गर्न चाहने उद्यमीलाई लक्षित गरी प्राविधिक सहयोग उपलब्ध गराउन प्रचलित खरिद कानुन बमोजिम सार्वजनिक सूचना आह्वान गरी अनुसूची-१२ का विषयमा प्रस्तावहरू माग गर्न सकिन्छ ।

३) प्राप्त प्रस्तावमध्ये रीत पुगेका प्रस्तावलाई सार्वजनिक निजी संवाद समिति बैठकमा बोलाई आफूले प्रस्ताव गरेको उद्यम विकास योजना प्रस्तुत गर्न लगाउनु पर्दछ । यस्तो प्रस्तावलाई प्रस्तुतिको आधारमा मूल्याङ्कन गरी सर्वोत्कृष्ट प्रस्तावलाई प्राविधिक सहयोग उपलब्ध गराउन सकिन्छ ।

४) मुख्य आवेदकले परियोजना प्रस्ताव पेस गर्दा अन्य लाभग्राहीसँग समेत लागत साझेदारीमा आफ्नो नेतृत्व र जिम्मेवारीमा परियोजना सञ्चालन गर्न सक्नेगरी प्रस्ताव पेस गर्ने सक्ने व्यवस्था मिलाउन सकिन्छ ।

५) अन्य लाभग्राहीसँगको लागत साझेदारीमा परियोजना प्रस्ताव पेस गर्दा साझेदारको लागत-साझेदारी र कार्यजिम्मेवारीको स्पष्ट विवरण परियोजना प्रस्तावका साथ पेस गर्नुपर्ने व्यवस्था मिलाउनु पर्दछ ।

**चरण-४ : योग्य आवेदकहरूको छनौट**

१) क्षमता विस्तारको कार्यक्रममा समावेश गर्नका लागि पूर्व निर्धारित मापदण्ड पुरा गरेका आवेदकहरूलाई प्रतिस्पर्धाका आधारमा छनोट गरिनु पर्दछ ।

२) आवेदकहरू स्थानीय तहमा रीतपूर्वक लघु, घरेलु तथा साना उद्योग सञ्चालन गरी वस्तु वा सेवाको उत्पादनमा संलग्न रहेको, स्थानीय तहबाट लिएको कुनै पेस्की बाँकी नरहेको, निजको नाममा कुनै प्रकारको बेरुजू नरहेको, कुनै सार्वजनिक पदमा बहाल नरहेको, स्थानीय तहलाई निजले तिर्नुपर्ने कुनै बक्यौता नरहेको, सार्वजनिक खरिद ऐन बमोजिम कालोसूचीमा नपरेको, प्रचलित कानूनले अयोग्य नरहेको, कर कार्यालयबाट स्थायी लेखा नम्बर लिएको, स्थानीय तहको व्यवसाय करको दायरामा आएको जस्ता आधार लिनु उपयुक्त हुन्छ ।

३) प्रचलित खरिद कानुन बमोजिम योग्य आवेदक छनौट गरी सम्झौता गर्नु पर्दछ ।

# विशिष्टीकृत वस्तु उत्पादन

## १. परिचय

कुनै भौगोलिक क्षेत्रको विशिष्ट पहिचान बनाएका वा बनाउन सक्ने वस्तुलाई विशिष्टीकृत वस्तु भन्न सकिन्छ । नेपालमा परम्परागत रुपमा उत्पादन भई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा स्थापित भएका, भविष्यमा पनि स्थापित हुन सक्ने वा विगतमा स्थापित भएका तर हाल आएर छायाँमा परेका नेपाली विशेष उत्पादनलाई पुनः स्थापित गरी ब्रान्डिङ गर्ने र यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवर्धन गरी नेपाली उत्पादनलाई अन्तर्राष्ट्रिय स्तरको बनाई निर्यातयोग्य बनाउन सकिन्छ । त्यस्ता वस्तुलाई नेपालको विशिष्टीकृत वस्तु (Niche Product) का रुपमा लिन सकिन्छ ।

यस्तो उत्पादन  अन्यत्र उत्पादन नहुने मौलिक प्रकृतिको हुनु पर्दछ । विशिष्टीकृत वस्तु सामान्यतया निजी क्षेत्र आफैंले गर्ने भएता पनि स्थानीय तहले प्रदेश सरकारको समन्वय र निजी क्षेत्रका संघसंस्थासँग सहकार्य गरी प्रवर्धन गर्न सक्छन् । निश्चित क्षेत्रमा नवप्रवर्तन (Innovation) र Business Incubation को अवधारणामा मागमा आधारित विशिष्टीकृत वस्तु उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुन्छ। विशिष्टीकृत वस्तुको उत्पादनले स्थानीय आर्थिक पहिचानलाई संस्थागत गर्नुका साथै दिगो रोजगारीका अवसर सिर्जना गर्दछ। विशिष्टीकृत वस्तुको विकासमा नवप्रवर्तनको ठूलो भूमिका रहन्छ। यस्ता उत्पादनमा अनुसन्धान तथा विकासलाई जोड दिनु पर्दछ।

विशिष्टीकृत वस्तु स्थानीय सम्भाव्यता र मौलिकतामा आधारित हुने भएकाले वस्तु पहिचान र छनोट देखि त्यसको उत्पादन र स्तरवृद्धि लगायतका समग्र चरणमा स्थानीय तहले गतिप्रदायकको भूमिका निर्वाह गर्न सक्छ । विशिष्टीकृत वस्तुको उत्पादनका लागि गरिने क्रियाकलापहरू र तिनको चरण निम्नानुसार हुन सक्दछ।

### चरण-१ : विशिष्टीकृत वस्तुको छनौट

१) स्थानीय तहले सहभागितामुलक विधि र निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा सम्भाव्य विशिष्टीकृत वस्तुको पहिचान  गर्ने ।

२) विशिष्टीकृत वस्तु पहिचान गर्दा उत्पादन सम्भाव्यता, मौलिकता, बजार पहुँच र प्रतिस्पर्धी क्षमता लगायतका विषयलाई आधार लिने ।

३) सङ्घीय सरकार मार्फत् कार्यान्वयन हुने विशिष्टीकृत वस्तु उत्पादन सम्बन्धी कार्यक्रम कार्यान्वयनका सन्दर्भमा पहिचान गरिएका विशिष्टीकृत वस्तुको विवरण सम्बन्धित मन्त्रालयमा पठाउने र मन्त्रालयले अन्तिम सूची तयार पारी नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ३४ अनुसारको विधि अवलम्बन गर्नु पर्दछ ।

४) स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमका सन्दर्भमा स्थानीय तहको आर्थिक विकास समिति वा कार्यपालिकाले तोकेको अन्य समितिले स्थानीय सरोकारवालासँग चरणबद्ध छलफल गरी प्राविधिक मूल्याङ्कन समेतका आधारमा कार्यपालिकामा सिफारिस गर्ने र कार्यपालिकाबाट अन्तिम सूची तयार गर्ने ।

५) पहिचान गरिएका सबै वस्तु विशिष्टीकृत उत्पादनको सूचीमा समावेश गर्न सकिँदैन । विशिष्टीकृत वस्तु हुनसक्ने केही उत्पादनको सूची तालिका २२ मा प्रस्तुत गरिएको छ ।

### तालिका २२ : नेपालमा केही सम्भाव्य विशिष्टीकृत वस्तुको सूची

| | |
|---|---|
| नेपाली ढाका-पाल्पाली | चरेसको थाल र कचौरा |
| गुल्मेली कफी | जुम्लाको मार्सी धान |
| खुकुरी | तोरीको तेल |
| राडीपाखी | अल्लो |
| काष्ठकलाको वस्तु | मूर्तीकलाको वस्तु |
| ढुङ्गाको टायल | थाङ्का चित्र |
| मिथिला कला | ताप्लेजुङको चौरीको छुर्पी |
| टिकापुरको बेत बाँस | सोलुको आलु |

स्रोत : अनुसूची-१५, नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० समेत

### चरण-२: विशिष्टीकृत उत्पादन सम्बन्धी सम्झौता

१) विशिष्टीकृत वस्तु उत्पादन सम्बन्धी परियोजनाका लागि उद्योग वाणिज्य क्षेत्रका स्थानीय संघसंस्थाले आवेदन गर्न सक्ने व्यवस्था मिलाउन सकिन्छ ।

२) छनौटमा परेका विशिष्टीकृत वस्तुको उत्पादनका लागि पालिका र स्थानीय उद्योग वाणिज्य संघ बिच समझदारी पत्रमा हस्ताक्षर गरी अघि बढाउन सकिन्छ ।

३) सङ्घीय र प्रादेशिक कार्यक्रम वा सशर्त अनुदान अन्तर्गत स्थानीय तहमा सञ्चालन हुने विशिष्टीकृत वस्तु उत्पादन सम्बन्धी कार्यक्रम सम्बन्धित तहबाट निर्धारित कानुन वा कार्यविधि अनुसार कार्यान्वयन गर्नु पर्दछ । त्यस बाहेकका कार्यक्रम सञ्चालनका सन्दर्भमा स्थानीय आर्थिक विकास सम्बन्धी स्थानीय कानुनका आधारमा गर्नु उपयुक्त हुन्छ ।

### चरण-३ : सम्भावित उत्पादकको छनौट

१) विशिष्टीकृत उत्पादनमा भाग लिन इच्छुक उद्यमीको छनौटका लागि स्थानीय तह आफैं वा सम्झौताका आधारमा स्थानीय उद्योग वाणिज्य संघले सार्वजनिक सूचना आह्वान गर्नु पर्दछ ।

२) विशिष्टीकृत वस्तु उत्पादन गर्ने सम्भावित उद्यमी छनौटका आधारहरू पालिका र स्थानीय उद्योग वाणिज्य संघबाट आपसी सहमतिमा तय गर्न सकिन्छ ।

३) स्थानीय उद्योग वाणिजय संघबाट पालिकासँग समन्वय गरी सम्भावित उद्यमीको अन्तिम सूची तयार गर्न सकिन्छ ।

### चरण-४: सम्भावित उत्पादकलाई उद्यम विकास योजना सम्बन्धी तालिम

१) स्थानीय उद्योग वाणिज्य संघसँग सहकार्य गरी उद्यम विकास सहजकर्ता वा विशिष्टीकृत वस्तु तथा सेवा उत्पादन सम्बन्धी तालिम सञ्चालनको निर्धारित योग्यता पुगेका सहजकर्ता मार्फत् पालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन निर्देशिका, २०७७ ले निर्धारण गरेको मोडेलमा आधारित रहेर निर्माण गरिने पाठ्यक्रममा आधारित उद्यम विकास योजनाको तालिम सम्भावित उद्यमीलाई प्रदान गर्नु पर्दछ ।

### चरण-५: बिजिनेस इन्क्युबेसनमा आधारित उत्पादन तालिम र उद्यमी सृजना

१) स्थानीय उद्योग वाणिज्य संघले विशिष्टीकृत उत्पादनमा यसअघि नै संलग्न भएका उद्यमीका सहयोगमा सम्बन्धित क्षेत्रमा नै सम्भावित उद्यमीलाई विशिष्टीकृत वस्तु उत्पादन सम्बन्धी तालिम प्रदान गर्नु पर्दछ ।

२) तालिमका लागि लाग्ने प्रविधि, उपकरण, सहभागीको खर्च, जनशक्तिको खर्च आदि सम्पूर्ण खर्च स्थानीय तहले निर्धारित कार्यक्रमबाट व्यहोर्ने गरी प्रति उद्यमी सिर्जनाका लागि लाग्ने लागतको स्थानीय उद्योग वाणिज्य संघसँगको सम्झौतामा उल्लेख गर्नु पर्दछ । सशर्त अनुदान बाहेकका स्रोतबाट स्थानीय तहले आफैं गर्ने कार्यक्रम कार्यान्वयनको खर्चका सन्दर्भमा स्थानीय तहले कार्यविधि बनाई व्यवस्थित गरी सम्पूर्ण खर्च बेहोर्ने वा लागत सहभागिताको विधि अवलम्बन गर्ने विकल्पमा जान सकिन्छ ।

३) तालिममा विशिष्टीकृत वस्तु उत्पादन, गुणस्तर नियन्त्रण, ब्राण्डिङ, प्याकेजिङ लगायतका बजारीकरणका विधि र प्रक्रियाका विषयवस्तु पनि समावेश गर्नु पर्दछ ।

**चरण-५: बजारीकरण र गुणस्तर प्रमाणीकरण**

१) विशिष्टीकृत वस्तुको बजारीकरणको प्रमुख भूमिका सम्बन्धित स्थानीय उद्योग वाणिज्य संघको हुन सक्दछ । तर उत्पादन र स्थानीय तहले पनि त्यसका लागि भूमिका खेल्नु आवश्यक छ ।

२) सम्बन्धित वस्तुको उत्पादक र स्थानीय तहसँग सम्झौता भएका उद्योग वाणिज्य क्षेत्रका संघसंस्थाले वस्तु तथा सेवाको गुणस्तर नियन्त्रणका विधिहरू निर्धारण गरी कार्यान्वयन गर्नु पर्दछ भने विशिष्टीकृत वस्तुको गुणस्तर प्रमाणीकरण नेपाल गुणस्तर तथा नापतौल विभागबाट गराउने व्यवस्था गर्नु पर्दछ ।

# स्थानीय आर्थिक पूर्वाधार विकास

## १. परिचय

१) स्थानीय आर्थिक विकासमा लगानी मैत्री वातावरण सृजना गर्न र लागत घटाएर लगानीको प्रतिफल बढाउन गाउँपालिका तथा नगरपालिकाले स्थानीय आर्थिक विकास सम्बन्धी भौतिक पूर्वाधारहरू निर्माण गर्नुपर्ने हुन्छ । त्यस्ता पूर्वाधारलाई आर्थिक पूर्वाधार भनिन्छ ।

२) स्थानीय आर्थिक विकासका पूर्वाधार निर्माणको एक नियमित कार्य हो । वार्षिक विकास कार्यक्रममा यसलाई समावेश गरी नियमितरूपमा सञ्चालन गर्नु पर्दछ ।

३) आर्थिक विकासमा योगदान गर्नसक्ने सडक, सिंचाइ, गोदामघर, चिस्यान केन्द्र, औद्योगिक ग्राम, सीप विकास केन्द्र, साझा सुविधा भवन, कोसेली घर जस्ता सार्वजनिक क्षेत्रले गर्ने निर्माण र निजी क्षेत्रले निर्माण गर्ने औद्योगिक पूर्वाधार, होटल, सीप विकास केन्द्र जस्ता पूर्वाधारलाई पनि स्थानीय आर्थिक पूर्वाधारका रुपमा लिन सकिन्छ ।

४) स्थानीय तहले व्यवसायिक गतिविधि बढाउन र राजश्वका दिगो स्रोत तयार गर्ने उद्देश्यले निर्माण गरिने व्यापारिक कम्लेक्स वा व्यवसायिक प्रयोजनमा भाडामा लगाउन सकिने राजस्व सम्भाव्य पूर्वाधारलाई पनि स्थानीय आर्थिक पूर्वाधारका रुपमा लिन सकिन्छ ।

## २. गाउँपालिका तथा नगरपालिकाबाट गरिने क्रियाकलापहरू

१) निजी क्षेत्रका सरोकारवालासँग चरणबद्ध छलफल र प्राथमिकीकरणको प्रक्रियाबाट स्थानीय आर्थिक विकास पूर्वाधार योजनाको सूची तयार गर्ने,

२) सार्वजनिक निजी संवाद समितिको बैठकमा छलफल गरी सूचीलाई परिष्कृत गर्ने,

३) स्थानीय आर्थिक पूर्वाधार विकासका लागि सभाबाट योजना तथा कार्यक्रम पारित गर्ने,

४) स्थानीय आर्थिक विकास पूर्वाधार कार्यक्रमलाई वार्षिक कार्यक्रम कार्यान्वयन खाकामा समावेश गर्ने,

५) कार्यविधि आवश्यक पर्ने विषयका लागि कार्यविधिहरू निर्माण गरी स्वीकृत गराउने,

६) कार्यप्रकृति हेरी वार्षिक खरिद योजना वा बहुवर्षीय खरिद योजना स्वीकृत गर्ने,

७) निश्चित लागत भन्दा माथिका आयोजनाका लागि विस्तृत परियोजना प्रस्ताव तयार गर्नुपर्ने भएका सो तयार गर्ने,

८) छनौट भएका योजनाको कार्यान्वयनका लागि प्रचलित कानून बमोजिम लागत अनुमान तयार गर्ने,

९) स्वीकृत कार्यक्रमहरू कार्यान्वयन गर्ने

१०) कार्यप्रगतिका बारेमा सार्वजनिक निजी संवाद समितिमा समीक्षा गर्ने ।

## ३. स्थानीय आर्थिक विकास पूर्वाधारको निर्माण सम्बन्धी परियोजना

गाउँपालिका वा नगरपालिकाले आफ्नो कार्यप्रकृति र स्थानीय आवश्यकतका आधारमा स्थानीय आर्थिक विकास पूर्वाधारका लागि देहायका कार्यक्रमहरू सञ्चालन गर्न सक्छन् ।

१) स्थानीय औद्योगिक करिडोर स्थापना सम्बन्धी कार्यक्रम

२) औद्योगिक ग्राम स्थापना र निर्माण सम्बन्धी कार्यक्रम

३) हाट बजार स्थापना र यसको पूर्वाधार निर्माण सम्बन्धी कार्यक्रम

४) बजार केन्द्रको स्थापना, विकास एवम् विस्तार सम्बन्धी कार्यक्रम

५) सामुदायिक संस्थाले चलाउने सामुदायिक शीतभण्डार (चिस्यान केन्द्र)

६) सामुदायिक उपयोगको लागि यन्त्र उपकरण स्थापना र सञ्चालन

७) सामुदायिक गोदाम घर, सङ्कलन केन्द्र

८) सामुदायिक तथा सहकारी बिक्री कक्ष स्थापना

९) बजार केन्द्र रहेका स्थानमा आर्थिक विकासलाई योगदान गर्ने सामुदायिक तथा सार्वजनिक पूर्वाधार

१०) उत्पादन ढुवानी गर्ने स्थानीय रज्जु, रोपवे मार्ग

११) सहरी क्षेत्रमा क्लस्टर आधारमा विशेष व्यवसायिक क्षेत्र (जोन) निर्माण (कृषि सामानको जोन, हार्डवेयर जोन, अटोमोबाइल जोन आदि)

१२) विशिष्टीकृत वस्तु उत्पादन, बजारीकरण र ब्राण्डिङ सम्बन्धी पूर्वाधार, यन्त्र, उपकरण आदि

१३) विशेष उत्पादनका औद्योगिक ग्राम सञ्चालन

१४) प्रतिस्पर्धी लाभको कृषि उत्पादनका लागि सतही सिंचाइ योजना वा पोखरी निर्माण

१५) सामुदायिक औद्योगिक पूर्वाधार निर्माण र सञ्चालन

१६) उत्पादन, भण्डारण, बिक्री वितरण, आय र रोजगारीका क्षेत्रमा योगदान गर्ने अन्य पूर्वाधार

## ४. सार्वजनिक निजी साझेदारी सम्बन्धी क्रियाकलापको सञ्चालन

१) सार्वजनिक निजी साझेदारी सम्बन्धी स्थानीय कानुन तर्जुमा गर्ने

२) स्थानीय आर्थिक विकास शाखाले आफ्नो स्थानीय क्षेत्र भित्रमा सञ्चालन हुनसक्ने सार्वजनिक निजी साझेदारीका परियोजनाका तौरतरिका निश्चय गर्ने

३) सार्वजनिक निजी साझेदारीबाट सञ्चालन हुन सक्ने परियोजनाको सूची तयार गर्ने

५) सार्वजनिक निजी साझेदारीका लागि वार्षिक योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने

**तालिका २३ : सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुन सक्ने सम्भावित केही परियोजना**

| | |
|---|---|
| सडक | सुरूङ्ग |
| केबुलकार | मेट्रो |
| परिवहन बिसौनी | अस्पताल |
| शीतभण्डार | फोहोरमैला व्यवस्थापन |
| मनोरञ्जन पार्क | पर्यटन संरचना |
| विशेष वस्तुको औद्योगिक क्षेत्र | होटेल |
| प्रदर्शनी स्थल | क्यान्टिन |

| | |
|---|---|
| जलविद्युत | सौर्य उर्जा |
| जलाशय | बाँध |
| वेस्ट टु इनर्जी | खानेपानी प्रशोधन |
| फोहोरमैला प्रशोधन | कृषिलाई आधुनिकीकरण |
| यातायात पूर्वाधारका योजना | सार्वजनिक नीजि संवाद समितिले निर्धारण गरेका अन्य परियोजना |
| शव बाहन | दमकल, एम्बुलेन्स सेवा |

## ५. सार्वजनिक निजी साझेदारीका केही स्वरूप

१) सेवा करार
२) व्यस्थापन करार
३) राजश्वमुखी व्यवस्थापन करार
४) निर्माण तथा हस्तान्तरण
५) निर्माण, सञ्चालन तथा हस्तान्तरण
६) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरण
७) निर्माण, स्वामित्वकरण तथा सञ्चालन
८) निर्माण, हस्तान्तरण तथा सञ्चालन
९) विकास, सञ्चालन तथा हस्तान्तरण
१०) राजश्वमुखी निर्माण, सञ्चालन तथा हस्तान्तरण

## ६. स्थानीय आर्थिक विकासका पूर्वाधार निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरू

स्थानीय आर्थिक विकासका पूर्वाधार निर्माण गर्दा सम्बन्धित पूर्वाधारको लाभ-लागत विश्लेषण गर्नु पर्दछ। यस्ता पूर्वाधारमा गरिएको लगानीले उत्पादन र रोजगारीमा सकारात्मक प्रभाव पार्नुपर्ने हुन्छ। कृषि तथा औद्योगिक उत्पादनको लागत न्यूनीकरण, उत्पादनको बजार पहुँच विस्तार, उत्पादन परिमाण र गुणस्तर वृद्धि, पर्यटन आगमन, बसाई र खर्चमा हुने वृद्धि जस्ता पक्षको पर्याप्त अध्ययन र विश्लेषण बिना आर्थिक पूर्वाधार विकासमा लगानी गर्नु हुँदैन। आर्थिक पूर्वाधार निर्माण भएपछि त्यस्तो पूर्वाधारले लामो समयसम्म स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष योगदान गर्नुपर्ने हुन्छ।

नेपालमा गोदाम घर, शीतभण्डार, दुग्ध चिस्यान केन्द्र, कृषि थोक तथा खुद्रा बजार, कृषि हाटबजार तथा सङ्कलन केन्द्र, फोहोर प्रशोधन केन्द्र, व्यवसायिक भवन, औद्योगिक ग्राम तथा पार्क, भ्यू टावर आदिमा गरिएको लगानीले प्रतिफल दिन नसकेको तथा कतिपय पूर्वाधारको सम्बन्धित उद्देश्यमा उपयोग हुन नसकेका कैयौं उदाहरण छन्। त्यसैले पूर्वाधारमा लगानी गर्नुअघि त्यसको उपयोग गर्ने सरोकारवालाहरूका पर्याप्त छलफल गरेर मात्र लगानीको अन्तिम निर्णय गर्नु आवश्यक हुन्छ।

पूर्वाधारको प्रत्यक्ष सम्बन्ध उत्पादनमा हुनुपर्ने हुनाले सम्बन्धित पालिकाले आफ्नो सीमाना भित्र हुने उत्पादनको वर्तमान अवस्था र सम्भावनाको पर्याप्त लेखाजोखा गर्नु आवश्यक छ। त्यस्ता पूर्वाधार सम्बन्धित क्षेत्रका कृषक, उद्योगी, व्यवसायी लगायतका सरोकारवालाहरूको पनि प्राथमिकतामा परेको हुनु आवश्यक छ। त्यसैगरी स्थानीय आर्थिक विकासका पूर्वाधारको सञ्चालन र व्यवस्थापनको विधि तयार गरेर मात्र निर्माण कार्य अघि बढाउनु पर्दछ। त्यस्तो पूर्वाधार निर्माणमा निजी क्षेत्रको संलग्नता र लागत साझेदारी आवश्यक छ। त्यसैगरी पूर्वाधारको संरक्षण र व्यवस्थानको जिम्मेवारी निजी क्षेत्रले लिनेगरी कार्य अघि बढाउनु उपयुक्त हुन्छ।

# पर्यटन विकास

## १. परिचय

१) घुमफिर, मनोरञ्जन, अध्ययन, अवलोकन, व्यवसाय आदि उद्देश्यले आफ्नो नियमित बसोबासको स्थानबाट अन्यन्त्र जाने कार्यलाई पर्यटन भन्न सकिन्छ । आर्थिक दृष्टिकोणबाट पर्यटन भनेको नियमित बसोबास गर्ने स्थान भन्दा बाहिर गएर खर्च गर्ने व्यक्तिहरूका कारणले सिर्जना हुने आर्थिक गतिवधि वा आम्दानी र खर्च गर्ने कार्यलाई पर्यटनका रुपमा लिन सकिन्छ । खाना तथा आवास, यातायात, मनोरञ्जनात्मक गतिविधिमा आधारित आर्थिक क्रियाकलाप पर्यटन अन्तर्गतका प्रमुख आर्थिक गतिविधि हुन् ।

२) पर्यटनले स्थानीय रोजगारी र आयका अवसर दिन्छ । यसले स्थानीय उत्पादनको लागि बजार उपलब्ध गराउँछ । पर्यटन प्रकृतिले दिएको हुन्छ र यसलाई सृजना गर्न पनि सकिन्छ । पर्यटनमा आन्तरिक तथा बाह्य पर्यटक दुबैको भूमिका हुन्छ । पर्यटकहरू सुरक्षित, सुविधायुक्त र आकर्षक स्थानमा रमाउने गर्छन् । नेपालमा आन्तरिक र स्थानीय पर्यटनको समेत भूमिका बढ्दै गएको छ ।

३) पर्यटनका लागि गाउँपालिका तथा नगरपालिकाले नीति, नीतिको कार्यान्वयन र पूर्वाधार निर्माणमा लगानी गर्नु पर्दछ । पर्यटन क्षेत्र र विषयका सबैभन्दा राम्रा प्रचारक पनि पर्यटक स्वयं नै हुन् । सबै स्थानमा पर्यटनको समान सम्भावना भने हुँदैन । तर पर्यटनको सम्भावना हुँदै नभएको स्थान पनि हुँदैन ।

४) पर्यटन विकासमा स्थानीय तहबाट गर्नुपर्ने क्रियाकलापहरू

१) पर्यटन विकासको सङ्क्षिप्त रणनीति योजना तयार गर्ने
२) पर्यटकीय सम्भाव्यता भएका क्षेत्रको पहिचान गर्ने
 क धार्मिक सम्पदाहरू
 ख ऐतिहासिक सम्पदाहरू
 ग प्राकृतिक सम्पदाहरू
 घ साँस्कृतिक सम्पदाहरू
३) पर्यटनमा लगानीकर्तालाई आकर्षित गर्ने
४) सम्भाव्य स्थानहरूको बारेमा प्रचारप्रसार गर्ने
५) पर्यटन विकासको योजना तर्जुमा र कार्यान्वयन गर्ने

## ५. पर्यटकीय सम्भावना पहिचान र पर्यटन विकास

नेपालका धेरै स्थानीय सरकारहरूले स्थानीय तहको भौगोलिक क्षेत्रभित्र रहेका मठमन्दिर, गुम्बा, पार्क, झरना, पोखरी जस्ता दर्शनीय स्थल एवं स्थानीय कला र संस्कृतिका आधारमा आफूलाई पर्यटकीय गन्तव्यका रुपमा लिने र स्थानीय तहलाई महत्वपूर्ण पर्यटकीय गन्तव्यका रुपमा प्रस्तुत गर्ने गरेको पाइन्छ । यस आधारमा पर्यटन क्षेत्रका केही कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरिएको छ । यसबाट मात्र पर्यटन क्षेत्रको विकासमा स्थानीय तहको भूमिका प्रभावकारी हुँदैन । स्थानीय तहले पर्यटनका कार्यक्रम तय गर्दा निम्न कुरामा ध्यान दिनु आवश्यक छ ।

१) स्थानीय तहले हरेक योजना तथा कार्यक्रम सञ्चालन गर्नुअघि आफूले सञ्चालन गर्ने कार्यमा आधारित रहेर विषयगत क्षेत्र निर्धारण गर्ने क्रममा पर्यटनलाई आर्थिक विकास क्षेत्र अन्तर्गत समेट्ने र पर्यटन सम्बन्धी विकास र सेवाको कार्य गर्ने जिम्मेवारी उपयुक्त शाखा र कर्मचारीलाई तोक्ने ।

२) पर्यटनले हाल स्थानीय अर्थतन्त्रमा गरिरहेको र भविष्यमा गर्न सक्ने योगदान, पर्यटक आगमन र खर्चको प्रवृत्ति, पर्यटकीय पूर्वाधार र सेवाका आवश्यकता र उपलब्धता जस्ता पक्षको तथ्याङ्क सङ्कलन र विश्लेषण गरी वस्तुस्थिति विवरण तयार गर्ने ।

३) वस्तुस्थिति विवरणका आधारमा स्थानीय भाषा, कला, संस्कृति, ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदा, प्राकृतिक र पर्यावरण आदि पर्यटक आकर्षित गर्ने सम्भाव्य माध्यम वा गन्तव्यहरूको पहिचान गर्ने ।

४) पर्यटकीय गन्तव्यको विशिष्टता, उल्लेख्य सङ्ख्यामा पर्यटक आगमन भइरहेको वा हुन सक्ने सम्भावना, गन्तव्यसम्मको यातायातको पहुँच वा उपयुक्त पदमार्गको प्रबन्ध, अन्य राष्ट्रिय वा क्षेत्रीय वा स्थानीय पर्यटकीय गन्तव्यसँगको निकटता, गन्तव्य आसपास खाना तथा आवास, शान्ति सुरक्षा, विद्युत, खानेपानी जस्ता आधारभूत सेवाको उपलब्धता र पहुँच जस्ता आधारमा पर्यटकीय गन्तव्यको वर्गीकरण र स्तरीकरण गर्ने ।

५) पर्यटन क्षेत्रका सरोकारवालासँग चरणबद्धरुपमा छलफल र अन्तर्क्रिया गरी पर्यटकीय गन्तव्य र आकर्षणको वर्गीकरण र स्तरीकरणका आधारमा स्थानीय अर्थतन्त्रमा उल्लेख्य योगदान गर्न सक्ने गन्तव्य वा पर्यटकीय आकर्षणलाई प्रमुख आधार बनाएर पर्यटन विकासको दिर्घकालीन रणनीति तथा योजना तयार गर्ने ।

६) कार्ययोजनामा समावेश योजनालाई स्थानीय सरकारले आफैँ गर्ने, सार्वजनिक निजी साझेदारीमा सञ्चालन गर्ने र निजी क्षेत्रले मात्र गर्ने कार्यमा वर्गीकरण गर्ने र सोही अनुसार वार्षिक कार्यक्रम तथा बजेटमा समावेश गरी क्रमशः कार्यान्वयन गर्ने ।

पर्यटन क्षेत्रमा लागानी गर्ने पनि अन्य उद्योग व्यवसाय जस्तै निजी क्षेत्रले नै हो । पर्यटकीय सेवाको प्रवर्धनका लागि सहयोगी पूर्वाधार निर्माण गर्ने, पर्यटन क्षेत्रका लागि आवश्यक दक्ष जनशक्ति उत्पादनका लागि सीप विकासका कार्यक्रम सञ्चालन गर्ने, प्रवर्धनात्मक कार्य गर्ने र यस क्षेत्रमा सञ्चालन हुन सक्ने उद्यमशीलता विकास, स्टार्टअप, व्यवसाय विकास जस्ता कार्यमा उत्प्रेरणात्मक भूमिका निर्वाह गर्ने दायित्व स्थानीय सरकारको हो । यी समग्र कार्यमा स्थानीय सरकारले निजी क्षेत्रका सरोकारवाला र समुदायस्तरमा निरन्तर सम्बाद गर्नु अपरिहार्य हुन्छ ।

पर्यटन विकासमा सरकार र निजी क्षेत्रले गर्ने कामको प्राथमिकताका बारेमा दुवै पक्षको साझा बुझाई हुनु आवश्यक छ । पर्यटकीय पूर्वाधार विकास गर्दा पुरातात्विक, ऐतिहासिक र सांस्कृतिक सम्पदामा नकारात्मक असर नपुग्ने कुरामा पर्याप्त सावधानी अपनाउनु आवश्यक छ । पर्यटन विकासमा गर्न सकिने गतिविधिको सूची तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २४ : पर्यटन विकासका सम्भाव्य परियोजनाको सूची**

| | |
|---|---|
| ● सङ्ग्रहालय निर्माण र संरक्षण<br>● मठमन्दिर, गुम्बा, धार्मिक सम्पदा संरक्षण<br>● होम स्टे कार्यक्रम<br>● पटके यज्ञहरू सञ्चालन<br>● ऱ्याफ्टिङ<br>● जात्रा, रीतिथिती, भेषभूषा, रैथाने नाचगानहरूको प्रवर्धन<br>● बन्जी जम्पिङ, क्यानिङ्ग<br>● होटेल व्यवसाय सञ्चालन<br>● पर्यटन गाइड<br>● हरित पदमार्ग<br>● धार्मिक पदयात्रा<br>● वर्कसप, सेमिनार, सभाहल | ● विशेष खेलकूद कार्यक्रमहरू<br>● साहसिक पदयात्रा, पर्वतारोहण<br>● केबल कार<br>● पर्यटकीय मेला<br>● वन्यजन्तु अवलोकन<br>● ध्यान केन्द्र<br>● पर्यटकीय महत्वका संरचना जस्तै विशेष झोलुङ्गे पुल<br>● विशेष वास्तुकलाका भवनहरू<br>● दृश्यावलोकन<br>● विशेष प्रकारका खानाहरू<br>● विशेष प्रकारका फर्महरू<br>● नौका बिहार संरक्षण |

## ६. पर्यटनको अन्य आर्थिक क्षेत्रसँग सम्बन्ध

पर्यटन सम्भाव्य स्थानीय तहमा स्थानीय अर्थतन्त्रको सबलीकरणका लागि पर्यटन क्षेत्रले महत्वपूर्ण योगदान गर्न सक्दछ । पर्यटन क्षेत्रले स्थानीय अर्थतन्त्रमा योगदान गरे वा नगरेको यकिन गर्न सामान्यतया पर्यटक आगमन प्रवृत्ति, औषत दैनिक खर्च र बसाई दिन सम्बन्धी तथ्याङ्क विश्लेषण गरिन्छ । त्यसबाहेक पर्यटन र आर्थिक विकासका अन्य क्षेत्रसँगको सम्बन्धलाई पनि पर्यटन विकासका कार्यक्रम तर्जुमा गर्दा ध्यान दिनु पर्दछ ।

पर्यटनबाट स्थानीयले प्राप्त गरिरहेको वा गर्नसक्ने रोजगारीको अवसर, स्थानीय होटल तथा रेष्टुरेन्टहरूमा स्थानीय कृषि उत्पादनको उपभोग, पर्यटकहरूका कारण स्थानीय औद्योगिक उत्पादन लगायत स्थानीय बजारमा गर्ने वस्तु तथा सेवा खरिद आदिलाई पर्यटनको अन्य क्षेत्रसँगको आबद्धता मापनको आधार बनाउन सकिन्छ । यसले पर्यटन क्षेत्रबाट मात्र नभई कृषि, उद्योग र अन्य सेवा क्षेत्रबाट समेत स्थानीय अर्थतन्त्र विस्तारमा के कसरी योगदान भइरहेको छ भन्ने यकिन गर्न मद्दत पुग्नुका साथै पर्यटन क्षेत्रको माग धान्न सक्नेगरी अन्य क्षेत्रको योजना तर्जुमा र कार्यान्वयन गर्न सहज हुन्छ ।

## ७. पर्यटन विकासका तात्कालिक कार्यसूची

नेपाल प्राकृतिक सम्पदा लगायत अनेक सम्भावनायुक्त देश हो । यहाँका हिमाल, हिमताल, डाँडाकाँडा, छाँगा झरनाले आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गरिरहेका छन् । यसरी आउने पर्यटकका लागि ठूला राजमार्ग, पाँचतारे होटल वा रिसोर्ट नै आवश्यक हुँदैन । स्रोतसाधन सम्पन्न देशबाट नेपालका डाँडाकाँडा हेर्न आउने पर्यटक हाम्रो जस्तो देशमा सुखसुविधा खोज्न मात्र आउँछन् भन्ने सोच राख्नु गलत पनि हुन सक्दछ । त्यसैले उपलब्ध प्राकृतिक स्रोतको संरक्षण गर्ने, सहज पैदलयात्रा गर्न सकिने गरी गोरेटो र घोरेटो बाटोको विकास, पैदलमार्गमा निश्चित दुरीमा घाम र पानी छेक्ने ससाना विश्राम केन्द्र निर्माण, धारा र कुवाको सफाइबाट निश्चित दुरीमा खानेपानीको सुविधा, सफा र स्वस्थ खाना खान र सफा सुग्घर गरी खाने र बस्ने सुविधा भएका ग्रामीण परिवेश अनुसारको अतिथी गृह वा होमस्टे सञ्चालन जस्ता विषयलाई दुर्गम पहाडका स्थानीय तहहरूले प्राथमिकतामा राख्नु पर्दछ ।

समुदायलाई पर्यटक सत्कारको आधारभूत अनुशिक्षण, सरसफाइ र स्वच्छताको आधारभूत सचेतना र पूर्वाधार, पर्यटकका लागि सुरक्षाको प्रत्याभूति, अनलाइन भुक्तानीको सुविधा जस्ता ससाना काममा स्थानीय तहले ध्यान दिन सकेमा ठूला पूर्वाधार निर्माणको आवश्यकता देखिएमा निजी क्षेत्र स्वतः लगानी गर्न आउँछन् । त्यसैले ठुल्ठुला स्वागतद्वार, भ्यू टावर, केबलकार, राजमार्ग निर्माण जस्ता कार्यले भन्दा पर्यटकको आवश्यकता सम्बोधन गर्ने कार्यमा स्थानीय तहहरूले ध्यान दिनु पर्दछ ।

माथिको तालिकामा उल्लिखित समस्या र समाधानका उपाय सबै स्थानीय तहका लागि समान रुपमा उपयोग नहुन सक्छ । त्यसैले स्थानीय तहले कृषि क्षेत्रको मुलभूत समस्या पहिचान र समाधानका लागि सम्बन्धित सरोकारवालासँग पर्याप्त र समयबद्ध छलफल गर्नु आवश्यक छ । यसक्रममा समस्या पहिचान, प्रमुख चुनौती तथा अवसर पहिचान र स्थानीय सरकारले अघि बढाउने कार्यक्रम तथा परियोजना छनोटको आधार तयार हुन्छ । सोही आधारमा कृषि क्षेत्रका कार्यक्रम तथा आयोजना निर्माण गर्नु आवश्यक छ ।

### २) रणनीतिक प्राथमिकता निर्धारण

कृषि विकासको लागि अध्ययन र अनुसन्धान र सम्बन्धित सरोकारवालासँग परामर्शका आधारमा स्थानीय तहले स्थानीय आय र रोजगारीमा उल्लेख्य प्रभाव पररिाखेका वस्तु तथा सेवा केन्द्रित गरेर रणनीतिक प्राथमिकता निर्धारण गर्नु पर्दछ । कृषि क्षेत्रको रणनीतिक प्राथमिकता तयार गर्ने क्रममा निर्धारित प्राथमिकता बारे कृषि क्षेत्रका सरोकारवाला र स्थानीय सरकारका बिच समान बुझाइ निर्माण गर्नु अपरिहार्य हुन्छ ।

### ३) कृषि क्षेत्रको प्राथमिकता, आवधिक योजना र मध्यमकालीन खर्च संरचनाको सामाञ्जस्यता

रणनीतिक प्राथमिकतामा आधारित रहेर स्थानीय सरकारको आवधिक योजनामा कृषि विकासको खण्ड तयार पार्नु आवश्यक छ । स्थानीय तहको आर्थिक विकास शाखाले कृषि क्षेत्रको आवधिक योजनाको मस्यौदा तयार गर्दा पनि रणनीतिक प्राथमिकतामा आधारिक रहेर तयार गर्ने र बृहत परामर्शबाट अन्तिम रुप दिनुपर्ने हुन्छ । आवधिक योजनाका आधारमा कृषि क्षेत्रको ३ वर्षको नतिजा खाका, वित्तीय खाका र खर्च प्रक्षेपण गरी सम्बन्धित शाखाले मध्यमकालीन खर्च संरचना तयार गरी विषयगत समिति मार्फत् कार्यपालिकामा पेस गर्नुपर्ने हुन्छ ।

### ४) कृषि क्षेत्रको वार्षिक कार्यक्रम तर्जुमा गर्ने

आवधिक योजना र मध्यमकालीन खर्च संरचनामा आधारित रहेर कृषि क्षेत्रका प्रमुख समस्या समाधान गरी उत्पादन, उत्पादकत्व, बजारीकरण र मूल्य अभिवृद्धिमा प्रत्यक्ष योगदान गर्ने कार्यक्रम तथा आयोजनाको सूची निर्माण गर्नु पर्दछ । लागत र सम्पन्न हुन लाग्ने समयका आधारमा एक वर्षभित्र सम्पन्न भई प्रतिफल दिने कार्यक्रमलाई प्राथमिकतामा राखी वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरेर कार्यान्वयन सुरु गर्नु पर्दछ । निजी क्षेत्रले गर्ने कामका सन्दर्भमा सम्बन्धित उत्पादक वा लगानीकर्तासँग समन्वय गरी काम अघि बढाउन सहजीकरण गरिदिनु पर्दछ । कार्यक्रमलाई मुलतः कृषि पूर्वाधार विकासका कार्यक्रम र कृषि सेवा तथा पूर्वाधार बाहेकका अन्य कार्यक्रममा वर्गीकरण गर्नु आवश्यक छ ।

कृषि पूर्वाधार विकासका सम्भाव्य आयोजनाहरूमा सिंचाइ पूर्वाधार, कृषि सडक, शीतभण्डार (कोल्ड स्टोर), दुग्ध चिस्यान केन्द्र, कृषि तथा पशुहाट बजार, सङ्कलन केन्द्र, च्याम्बर, गोदाम घर, गड्यौला मल तथा कम्पोष्ट मल उत्पादन गर्ने जस्ता आयोजना हुन सक्छन् । यी आयोजनामा स्थानीय सरकार, अन्तर-स्थानीय तह सहलगानी, सार्वजनिक निजी साझेदारी तथा निजी क्षेत्रको मात्र लगानी हुने आयोजना हुन सक्छन् । निर्धारित कार्यक्रममध्ये स्थानीय सरकारको लगात पर्ने आयोजनालाई आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटमा समावेश गरी क्रमशः कार्यान्वयन गर्नु पर्दछ ।

कृषि विकासका अन्य कार्यक्रमहरूमा कृषि अनुदानका कार्यक्रम, प्राविधिक सेवा विस्तारका कार्यक्रम, किसानको सीप विकासका कार्यक्रम, उन्नत जातका बिउबिजन विकास तथा वितरण कार्यक्रम, पशु नश्ल सुधार कार्यक्रम, दाना घाँसको उपलब्धता विस्तार कार्यक्रम लगायत समावेश हुन सक्छन् । कृषिको विशिष्टताका आधारमा आलु, उखु, केरा, सुन्तला, अलैंची, चिया, कफी, च्याउ जस्ता नगदेबाली प्रवर्धन कार्यक्रम, कृषि प्रसार तथा बजारीकरण, खाद्यान्न बैंक, प्राङ्गारिक खेती प्रवर्धन लगायतका कार्यक्रममध्ये स्थानीय परिवेश अनुकूलका कार्यक्रम छनोट गरी सञ्चालन गर्न सकिन्छ । स्थानीय तहमा गर्न सकिने कृषिका सम्भाव्य परियोजनाको सूची तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २६: कृषि तथा पशु विकासका लागि परियोजना सूची**

| | |
|---|---|
| • फलफूल बगैंचा प्रवर्धन ( केरा, सुन्तला, आँप, स्याउ, लिच्ची आदि)<br>• फलफूलको पर्या-पर्यटन जस्तै टिकापुरको केरा रेष्टुरेन्ट<br>• अस्ट्रिच फारम, बगेडी फारम, कालिज फारम, कुखुरा फारम (जस्तै रुपन्देहीको अस्ट्रिच फारम)<br>• व्यवस्थित दुग्ध चिस्यान केन्द्रको व्यवस्था<br>• उत्पादन पकेट क्षेत्र, व्यवसाय सञ्चालनमा सहजीकरण, सहुलियत तथा सुविधा, कर छुट लगायतका प्रावधान सहितको कृषि उत्पादन नीति<br>• आहारा तथा दाना उत्पादन, साइस मिल लगायत कृषि प्रशोधन उद्योग, फलफूलमा आधारित साना तथा मझौला उद्योग व्यवसायको विकास र प्रवर्धन<br>• उत्पादनमा आधारित अनुदान कार्यक्रम<br>• एक वडा एक बाली वस्तु प्रवर्धन कार्यक्रम<br>• रासायनिक मल उपलब्धतामा सहजीकरण, नियमन<br>• कृषि आधुनिकीकरण कार्यक्रम<br>• बाली बिमा कार्यक्रम<br>• पकेट, प्याकेज कार्यक्रम (मौरी, च्याउ)<br>• रासायनिक मलको विकल्पमा प्राङ्गारिक मल प्रवर्धन कार्यक्रम<br>• बालीवस्तुको उत्पादन उपरान्त बजार व्यवस्थापन (सङ्कलन केन्द्र, शीतभण्डार, न्यूनतम समर्थन मूल्य) कार्यक्रम<br>• माटोको दिगो गुणस्तर सुधार (माटो जाँच, माटो सुधार सामग्री वितरण) कार्यक्रम<br>• सहकारी, निजी फर्मसँग सहकार्य (सहकारी, करार खेती)<br>• कार्यक्रमको प्रभावकारी अनुगमन, निरीक्षण तथा नियमन<br>• बाखा खोर सुधार, बोका वितरण | • जलाशय निर्माण र सिंचाइ<br>• उत्पादन पकेट क्षेत्र, व्यवसाय सञ्चालनमा सहजीकरण, सहुलियत तथा सुविधा, कर छुट लगायतका प्रावधान सहितको कृषि उत्पादन नीति<br>• बंगुरपालक किसान प्रवर्धन कार्यक्रम<br>• कुखुराको चल्ला वितरण र खोर सुधार मागमा आधारित कार्यक्रम<br>• पंक्षी खोप कार्यक्रम<br>• ल्याब सेवा सञ्चालन<br>• व्यवसायिक कृषकलाई व्यवसायउन्मुख तालिम<br>• दलित जनजाति, एकल महिला विशेष बाखापालन सहयोग कार्यक्रम<br>• कृषि, वन कार्यक्रम<br>• मागमा आधारित कृषि विकास कार्यक्रम<br>• दुध उत्पादन वृद्धि<br>• घाँसमा आधारित पशुपालन कार्यक्रम<br>• घाँस नर्सरी स्थापना<br>• दुधको विविधिकरण तालिम कार्यक्रम<br>• कृषि तथा पशुपंक्षीको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक कार्यक्रम<br>• मासु उत्पादन वृद्धिका कार्यक्रम |

### ३. कृषि क्षेत्रको योजना तर्जुमामा ध्यान दिनुपर्ने विषयहरू

१. सङ्घीय तथा प्रादेशिक तहबाट सःशर्त अन्तर्गत कार्यान्वयन हुने कार्यक्रम वा हस्तान्तरण भइ आएका कार्यक्रम कार्यान्वयनमा सम्बन्धित तहका सरकारले निर्धारण गरेका विधि र प्रक्रियाको पूर्ण पालना गर्ने ।

२. कृषि तथा पशुपालन क्षेत्रमा व्यवसायिक रुपमा संलग्न भएका तथा जीविकोपार्जनको निर्विकल्प माध्यमका रुपमा अवलम्बन गरेका परिवारका लागि बेग्लाबेग्लै लक्षित कार्यक्रम सञ्चालन गर्ने । उदाहरणका लागि, जीविकोपार्जन सुधारका कार्यक्रममा समावेश गरिने किसानलाई “किसान परिचयपत्र” को व्यवस्था, सीप

विकास, उत्पादनमा आधारित अनुदान, गोठ सुधार, नश्ल सुधार, कृषि बिमा जस्ता कार्यक्रमबाट सम्बोधन गर्ने प्रयास गर्नुपर्ने हुन्छ भने व्यवसायिक कृषिमा संलग्न हुनेका लागि सहयोगी पूर्वाधार विकासमा साझेदारी, सहुलियतपूर्ण कृषि ऋणमा सहजीकरण, जग्गा भाडामा लिने चक्लाबन्दी खेती गर्ने प्रक्रियामा नीतिगत र संस्थागत सहयोग जस्ता कार्य समावेश हुन सक्छन् ।

३. कृषि तथा पशुपालनमा गर्ने लगानीले समग्र कृषि उत्पादन बढाउन, कृषिमा संलग्नहरूको आम्दानी बढाउन, थप रोजगारी सिर्जना गर्न वा विद्यमान रोजगारीका विकल्पलाई कसरी थप आकर्षक बनाउन योगदान गर्नसक्छ भन्ने पक्षबाट पर्याप्त विश्लेषण गर्नुपर्ने हुन्छ ।

४) अन्नबाली, दलहन, तरकारी, दुग्ध पदार्थ, माछा मासु जस्ता दैनिक आवश्यकताका वस्तुहरूको उत्पादन तथा भण्डारणका विषय आर्थिक समृद्धिका विषयमात्र नभइ खाद्य सुरक्षा, विपद् पूर्वतयारीका जस्ता पक्षसँग समेत जोडिने हुनाले आर्थिक बाहेक अन्य पक्षबाट पनि विश्लेषण गरी कतिपय कार्यक्रम आर्थिक रुपमा लाभदायक नभए पनि कार्यान्वयन हुनुपर्ने हुनाले यस्ता कार्यक्रममा लगानीका लागि विशिष्ट मापदण्ड तयार गर्नुपर्ने हुनाले त्यसतर्फ पनि ध्यान दिनु आवश्यक छ ।

# कृषि तथा पशु विकास

## १) परिचय

१) कृषि पेशा ग्रामीण अर्थतन्त्र र जीविकोपार्जनको प्रमुख माध्यम हो । आर्थिक वर्ष २०७८-७९ मा राष्ट्रिय तथ्याङ्क कार्यालयले गरेको कृषि गणना अनुसार करिब ६२ प्रतिशत नेपालीको जीविकोपार्जनको प्रमुख स्रोत कृषि रहेको छ । आ.व. २०८१-८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिब २५ प्रतिशत रहने अनुमान गरिएको छ । यसले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्व दर्शाउँछ । तर, ६२ प्रतिशत जनसङ्ख्या संलग्न रहेको कृषि क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा २५ प्रतिशत मात्र योगदान गर्नु भनेको कृषिमा संलग्न जनसङ्ख्याले यस क्षेत्रबाट औसतभन्दा कम आय गर्नु हो । त्यसैले कृषि पेसालाई आयमुलक पेसाका रुपमा विकास गर्न सबै तहका सरकारको भूमिका थप प्रभावकारी हुनु आवश्यक छ ।

२) कृषिको उत्पादन, उत्पादकत्व वृद्धि र बजार पहुँच विस्तारबाट नेपालीको आय र रोजगारीमा सकारात्मक योगदान गर्दछ । कृषि क्षेत्रको विकास आम्दानी र रोजगारीमा मात्र नभइ पारिवारिक उपभोग र पोषणजस्ता क्षेत्रसँग समेत जोडिएको हुन्छ । यसले दैनिक उपभोगका लागि खाद्यान्न, तरकारी, फलफूल, दूध, माछामासु जस्ता अत्यावश्यक वस्तु उपलब्ध गराउनुका साथै दैनिक उपभोगबाट बचेका उत्पादनको बिक्रीबाट शिक्षा, स्वास्थ्य जस्ता अन्य आधारभूत आवश्यकता पुरा गर्नका लागि खर्चको जोहो गर्नमा समेत मद्दत गरिरहेको छ । त्यसैले स्थानीय तहहरूले कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र बजार पहुँच वृद्धिमा किसानलाई सहयोग गर्न वा कृषकहरूसँग सहकार्य गर्नु आवश्यक छ ।

३) कृषि क्षेत्र अन्तर्गत सामान्यतया कृषि बाली र पशुपालन सम्बन्धी कार्य समावेश हुन्छन् । कृषि र पशुमा आधारित प्राथमिक उत्पादनको बिक्री वितरण कृषि उत्पादनको बजारीकरण मूल्य अभिवृद्धिको महत्वपूर्ण आधार र कृषिमा आधारित सेवा क्षेत्रका रुपमा रहेको छ । कृषि उपजमा आधारित प्रशोधन उद्योग पनि कृषि क्षेत्रसँग प्रत्यक्ष जोडिएको आर्थिक क्षेत्र हो । स्थानीय स्तरमा खुलेका होटल, रेस्टुरेन्ट, घरबास (होम-स्टे) आदिमा उपभोग हुने खाद्यान्न, तरकारी र फलफूलको आपूर्तिकर्ताका रुपमा पनि कृषि क्षेत्रले योगदान गरिरहेको हुन्छ । यसरी कृषि उत्पादनको सम्भावना भएका स्थानीय तहको अर्थतन्त्रमा कृषि क्षेत्र प्रत्यक्ष र परोक्ष रुपमा सकरात्मक योगदान गरिरहेको हुन्छ । त्यसैले कृषि क्षेत्रमा स्थानीय तहले कार्यक्रम बनाउँदा खाद्य र पोषण सुरक्षाका अतिरिक्त कृषिलाई अन्य क्षेत्रसँग आबद्धता बढाउन अधिकतम प्रयास गर्नु आवश्यक हुन्छ ।

४) नेपालको अधिकांश स्थान कुल क्षेत्रफलको सीमित भूमिमात्र कृषिजन्य प्रयोगमा आएको छ । कृषि गणना २०७८ अनुसार नेपालमा जम्मा (खेत र पाखो समेत) २२ लाख १८ हजार ४०९ हेक्टर जमिन मात्र कृषिमा उपयोग भएको छ । यो कूल क्षेत्रफलको करिब १५ प्रतिशत मात्र हो । कृषि उत्पादनमा प्रयोग भइरहेको जमिनमध्ये ५४.५ प्रतिशत क्षेत्रमात्र सिंचित छ । सानो सानो जगामा धेरै व्यक्तिको स्वामित्व रहेकाले प्रतिव्यक्ति उत्पादन पनि कम छ । अव्यवस्थित बसोबास र भूउपयोग योजना नहुँदा कृषियोग्य जमिनलाई आवासीय प्रयोजनमा प्रयोग गर्ने तथा सडक लगायतका सुविधा विस्तार गर्दा कृषि क्षेत्रको संरक्षणमा पर्याप्त ध्यान नपुग्दा उब्जाउ भूमि साँघुरिँदै गएको छ । खण्डीकृत भू-स्वामित्वका कारणले लाभदायक परिमाणमा उत्पादन गरी प्रति एकाइ उत्पादन लागत कम गर्न र उत्पादकत्व अभिवृद्धि गर्नमा समस्या पर्ने गरेको छ । व्यवसायिक र चक्लाबन्दी खेतीका लागि पनि भू-स्वामित्व समस्याको विषय बन्ने गरेको छ । भारतसँगको खुला सिमाना र न्यून उत्पादकत्वका कारण कृषकहरूले आयातित कृषि उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्दा बजार पहुँचमा समस्या छ । स्थानीय सरकारहरूले भू-उपयोग योजना तर्जुमा र कार्यान्वयनबाट कृषियोग्य जग्गाको संरक्षण, चक्लाबन्दी खेती प्रवर्धन र उत्पादकत्व अभिवृद्धिलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ । यसरी निर्धारण गरिएका कृषि क्षेत्रलाई लक्षित गरी कृषि सम्बन्धी कार्यक्रम लागु गर्न सकेमा कृषिमा गरिएको लगानी दिगो हुन सक्दछ ।

५) कृषि र पशुपालनमा आधारित कतिपय उत्पादन तुरुन्तै कुहिने वा बिग्रने सम्भावना हुन्छ । भण्डारण र ढुवानी सेवाको उपलब्धता र पहुँच विस्तार गरी उत्पादनलाई कम लागतमा बजारसम्म लैजान स्थानीय सरकारले पूर्वाधार र सम्बन्धित सेवाको उपलब्धता विस्तारका लागि काम गर्नुपर्ने हुन्छ । यसले उत्पादनलाई आन्तरिक र बाह्य रुपमा प्रतिस्पर्धी बनाउन सहज हुन्छ । तरकारी, फलफूल, दुग्ध पदार्थ, आलु जस्ता छिटो कुहिन सक्ने नगदे बालीको भण्डारण र ढुवानी सहजीकरणमा स्थानीय सरकारहरूले विशेष ध्यान दिनु आवश्यक हुन्छ ।

६) नेपालमा कृषि उत्पादनको गुणस्तर नियन्त्रण, ग्रेडिङ, ब्राण्डिङ, प्याकेजिङ र बजार प्रवर्धनका कार्यले पर्याप्त प्राथमिकता पाउन सकेको छैन । उत्पादित कृषिबाली र पशुपालनमा आधारित उत्पादनलाई औद्योगिक कच्चा पदार्थका रुपमा प्रयोग गर्न सक्ने सम्भावना भएपनि आवश्यक परिमाणमा उत्पादन नहुने तथा उत्पादनको निरन्तरता नहुने जस्ता कारणले चामल, पिठो, दाना लगायत कृषिमा आधारित उद्योगका लागि चाहिने कच्चा पदार्थको मुख्य हिस्सा बाहिरबाट आयात गर्नुपर्ने अवस्था छ । प्राथमिक उत्पादनको गुणस्तर नियन्त्रण, विभिन्न तहमा मूल्य अभिवृद्धि, औद्योगिक कच्चा पदार्थका रुपमा कृषि वस्तुको उपयोग र आन्तरिक र बाह्य बजारसँग कृषि उत्पादनको आबद्धता वृद्धि र मूल्य शृङ्खला बिस्तारमा स्थानीय तहले सहजीकरण गर्नु आवश्यक छ । स्थानीय उत्पादनलाई स्थानीय होटल, रेष्टुराँ लगायतका सेवा क्षेत्रले उपयोग गर्ने वातावरण बनाउने, ग्रामीण क्षेत्रका उत्पादनसँग सहर बजारका उपभोक्तालाई जोड्ने, स्थानीय कृषि उत्पादनमा आधारित साना र घरेलु उत्पादन प्रवर्धन गर्ने तथा स्थानीय उत्पादनको प्रतिस्पर्धी क्षमता विस्तार गर्ने जस्ता कार्यलाई स्थानीय आर्थिक विकासको कार्यक्रम तथा बजेटबाट सम्बोधन गर्ने काम स्थानीय तहले गर्नु पर्दछ । त्यसबाहेक मूल्य अभिवृद्धि र मूल्य शृङ्खला बिस्तारमा निजी क्षेत्रको भूमिका बढाउन नीतिगत र संस्थागत सहयोग र सहजीकरण पनि स्थानीय तहले गर्न सक्छन् ।

## २) कृषि विकासमा स्थानीय तहबाट गर्नुपर्ने क्रियाकलापहरू

कृषियोग्य जमिन र पशुपालनको कार्य गर्न उपयुक्त क्षेत्र रहेका स्थानीय तहले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गर्नुपर्ने हुन्छ । कतिपय सहरी क्षेत्रका स्थानीय तहमा कृषि कार्यमा लगानी गर्ने सम्भावना नहुन सक्दछ । त्यसैले विद्यमान भू-उपयोग र कृषि क्षेत्रमा सरकार, निजी क्षेत्र र समुदाय स्तरबाट काम भइरहेका वा हुन सक्ने स्थानीय तहमा कृषि क्षेत्रको विकासका लागि निम्न कार्य चरणबद्ध रुपमा गरिनु पर्दछ ।

## ३) कृषि क्षेत्रमा रहेका प्रमुख समस्या, सबल पक्ष, चुनौती र अवसर पहिचान

कृषि तथा पशु वस्तुको उत्पादन, बिक्री वितरण, मूल्य अभिवृद्धि, प्रशोधन आदिमा रहेका कठिनाइका आधारमा कृषि क्षेत्रको समस्या पहिचान गरिनु पर्दछ । पहिचान गरिएका समस्या समाधानका स्थानीय तहको आन्तरिक क्षमताको पर्याप्त विश्लेषण गरी सबल पक्ष पहिचान गर्नु पर्दछ । सङ्घ तथा प्रदेश सरकारका नीति, आन्तरिक र बाह्य बजारमा आएका परिवर्तन, आन्तरिक र बाह्य प्रतिस्पर्धा जस्ता क्षेत्रको विश्लेषणबाट अवसर र चुनौती पहिचान गर्न सहज हुन्छ । त्यसैले स्थानीय तहले कृषिका कार्यक्रम तर्जुमाको प्रारम्भिक चरणमा अवस्था विश्लेषण गर्नु पर्दछ । स्थानीय परिवेश अनुसार कृषि क्षेत्रका समस्या र चुनौती फरक हुन सक्छन् । नेपालमा देखिएका कृषि क्षेत्रका प्रमुख समस्या र समाधानका उपाय तल सुझावका रुपमा प्रस्तुत गरिएको छ ।

## तालिका १ सरकारी कार्यक्रमको प्रभावकारीतामा रहेका समस्या र समाधान

| समस्याहरू | समाधानका केही उपाय |
|---|---|
| ● कृषि अनुदानका कार्यक्रमको न्यून प्रभावकारिता, अनुदानको दुरूपयोग, कृषि अनुदान र सहुलियत दरका ऋणमा असमान पहुँच | ● कृषि अनुदानलाई उत्पादनमा आधारित बनाउने, पुँजी लगानी, उत्पादन सम्भाव्यता लगायतका मापदण्डका आधारमा सहुलियतपूर्ण ऋण प्राप्तिमा स्थानीय तहबाट सहजीकरण गर्ने । |
| ● कृषि बिमामा कमजोर सहभागिता र प्रभावकारितामा कमी, रासायनिक मल समयमा नै र पर्याप्त रुपमा उपलब्ध नहुनु | ● बिमा दाबी भुक्तानी सहज बनाउन स्थानीय तहका तर्फबाट बिमितले पुरा गर्नुपर्ने प्रक्रिया पुरा गर्नमा सहजीकरण गर्ने र कृषि बिमामा सहभागिता बढाउने । |
| ● कृषि तथा पशुमा आधारित उत्पादनमध्ये प्रतिस्पर्धात्मक लाभ भएका वस्तु तथा सेवाको पहिचान र रणनीतिक प्राथमिकता निर्धारण हुन नसक्नु | ● उत्पादक लगायत कृषि र पशुपालन क्षेत्रका सरोकारवालासँग चरणबद्ध छलफलको विधिबाट स्थानीय तहभित्र उत्पादन हुनसक्ने तुलनात्मक लाभका कृषिबाली तथा पशुपालन व्यवसाय प्रवर्धनको रणनीति बनाउने र साझेदारीमा कार्यान्वयन गर्ने । |
| ● कृषि र पशु प्राविधिक सेवाको पहुँच र गुणस्तरमा कमी, पशु उपचारका समस्या, दक्ष जनशक्तीको कमी, सीमित पशुपंक्षी उपचार केन्द्र तथा प्राविधिक सेवाको कमी | ● वडागत रुपमा नभइ कृषि पेसाको सघनतामा आधारित रहेर वा आधारित बनाएर कृषि र पशु प्राविधिकको सेवा क्षेत्र निर्धारण गर्ने। एक भन्दा बढी स्थानीय तहका बिच सहकार्य गरी लागत साझेदारीका आधारमा कृषि विज्ञ तथा पशु चिकित्सकको सेवा विस्तार गर्ने । |
| ● रैथाने बालीहरूको अनुसन्धान र संरक्षण हुन नसक्नु | ● रैथाने बालीको अभिलेख तयार गरी त्यस्ता वस्तु उत्पादनमा संलग्न कृषकका उत्पादनको ब्राण्डिङ र बजारीकरणमा सहयोग र सहकार्य गर्ने । |
| ● युवाहरू कृषिमा आकर्षित नहुनु | ● युवालाई नयाँ प्रविधिको कृषि अभ्यास र डिजिटल प्रविधि मार्फत् कृषि उत्पादनको बजारीकरण जस्ता सेवा व्यवसायमा संलग्न हुन प्रोत्साहन गर्ने । |

## तालिका २ सहयोगी पूर्वाधार र सेवाको उपलब्धता र उपयोग

| **समस्याहरू** | **समाधानका केही उपाय** |
|---|---|
| ● कृषि उपजहरूको भण्डारण, शीतभण्डार, प्रशोधन केन्द्र, सिंचाइ जस्ता कृषि पूर्वाधारको सीमित उपलब्धता, उपलब्ध कोल्ड स्टोरेज, च्याम्बर, गोदाम घर, सिंचाइ कुलो आदिको दिगो उपयोगमा रहेका समस्या, कृषि भूमिको अपूर्ण उपयोग । | ● कृषि उत्पादनको परिमाण र सम्भाव्यता विश्लेषण गरेर मात्र सिंचाइ लगायत कृषि पूर्वाधारमा लगानी गर्ने । अन्तर स्थानीय तह साझेदारीमा भण्डारण केन्द्र तथा शीतभण्डारको प्रबन्ध गर्ने । उत्पादनको ढुवानीको लागत न्यून हुने अवस्था रहेसम्म शीतभण्डार वा भण्डार केन्द्र बढाउने भन्दा स्थानीय तहभित्र उपलब्ध पूर्वाधारको उपयोगलाई प्राथमिकतामा राख्ने । |

| | |
|---|---|
| ● सङ्कलन केन्द्र, दूध चिस्यान केन्द्र, पशुपंक्षी बधशाला, पशु हाटबजार जस्ता पशुपालनका पूर्वाधारको अभाव । | ● सङ्कलन केन्द्र निर्धारण गरी आधारभूत पूर्वाधार तयार गर्ने, हाट बजारमा खरिदको अभ्यास भएका स्थानीय तहमा हाट बजार क्षेत्र तोक्ने र आधारभूत पूर्वाधार निर्माण गर्ने । उपलब्ध पूर्वाधारको अवस्था सहितको विवरण राख्ने र संरक्षण र उपयोग योजना बनाई कार्यान्वयन गर्ने । आवासीय क्षेत्र बाहिर पशु बधशाला निर्माणका लागि आवश्यक सहजीकरण गर्ने । |

## तालिका ३ कृषि उत्पादनको बजारीकरण र मूल्य अभिवृद्धि

| समस्याहरू | समाधानका केही उपाय |
|---|---|
| ● कृषि उपजहरूको प्रवर्धन र बजारीकरणको न्यून अभ्यास र बजारको उपलब्धतामा कमी | ● बजारमा उच्च माग भएका वस्तु उत्पादनलाई प्राथमिकता दिने, बिक्रीका लागि उत्पादन गरिएका कृषि उपज भित्र्याउनु अघि नै ग्रेडिङ गर्ने, स्थानीय बजारमा स्थानीय उत्पादन उपलब्ध हुने गरी बजार शृङ्खला निर्माणमा सजीकरण गर्ने । |
| ● पशुपंक्षीको बजार विस्तार तथा प्रवर्धन गर्न नसकिनु । पशुको ढुवानी तथा क्वारेन्टाइन सम्बन्धी समस्या । | ● पशु ढुवानीका साधनको मापदण्ड निर्धारण गर्ने, स्थानीय प्रशासनसँग समन्वयमा पशु क्वारेन्टाइनलाई व्यवस्थित गर्ने, छरिएका पशु उत्पादन सङ्कलन र बिक्री वितरणमा सहजीकरण गर्ने । |
| ● दूध प्रशोधन तथा उत्पादन विविधिकरण हुन नसक्नु । | ● दूधबाट बन्ने पनिर लगायतका परिकारको उपभोग संस्कृति बढाउन प्रवर्धनात्मक क्रियाकलाप गर्ने । दुग्ध प्रशोधन उद्योगहरूसँग समन्वय गरेर खपत हुन नसकेको दूध बिक्रीका लागि सहजीकरण गर्ने । |
| ● कृषि उपजहरूको प्रशोधन र मूल्य अभिवृद्धि हुन नसक्नु, कृषिलाई उद्योग र सेवा क्षेत्रसँग राम्ररी आबद्ध गर्न नसकिनु । | ● सङ्कलन केन्द्र वा सहकारी मार्फत् ससाना परिमाणमा भएको उत्पादन सङ्कलन र उचित भण्डारण तथा बिक्री वितरणमा पारिमाणात्मक लाभ हासिल गर्ने । व्यवसायिक र चक्लाबन्दी खेती प्रवर्धन गर्ने । उत्पादित वस्तुलाई सोझै उपभोगका लागि व्यक्तिगत उपभोक्ता, होटल, रेष्टुरेन्ट तथा प्रशोधन उद्योगको कच्चा पदार्थको रुपमा उपयोगका लागि सहजीकरण गर्ने । |

## तालिका ४ कृषि क्षेत्र र उत्पादन अभ्यास

| समस्याहरू | समाधानका केही उपाय |
|---|---|
| ● माटो परीक्षण, सोही अनुसारको बाली लगाउने अभ्यास नहुनु | ● स्थानीय तहले समय समयमा कृषि क्षेत्रको माटो परीक्षण गरी उपयुक्त बाली सिफारिसको अभ्यास बढाउने । |

| | |
|---|---|
| • बाँदर, बँदेल जस्ता जङ्गली जनावरबाट कृषि उत्पादन जोगाउन कठिन | • जङ्गली जनावरले क्षति कम गर्ने किसिमका बालीको खोजी र प्रवर्धन गर्ने । |
| • छिटो उत्पादन हुने र आम्दानी गर्न सकिने नगदेबालीमा कम प्राथमिकता | • न्यून उत्पादन, उत्पादकत्व र मूल्य भएका उत्पादन पहिचान गरी क्रमशः नगदेबालीबाट बिस्थापन गर्न सहजीकरण गर्ने । |
| • निर्वाहमुखी र परम्परागत कृषि अभ्यासको निरन्तरता | • सीप विकास, बिउविजन र कृषि औजारको पहुँच विस्तारका कार्यक्रम मार्फत कृषिमा व्यवसायीकरण र जीविकोपार्जन सुधार गर्ने । |
| • जमिनको खण्डीकरण, कृषि क्षेत्रको संरक्षण नहुनु | • भूउपयोग नीति र योजना मार्फत् कृषि क्षेत्र निर्धारण र संरक्षण गर्ने । |
| • उन्नत नश्लका पशुपालनको कमी | • उन्नत पशु नश्ल सम्बन्धी सचेतना, आधुनिक पशुपालन अभ्यासको तालिम र बढी उत्पादन दिने पशु नश्लको विकास वा पहुँच बढाउनमा सहजीकरण । |

माथिको तालिकामा उल्लिखित समस्या र समाधानका उपाय सबै स्थानीय तहका लागि समान रुपमा उपयोग नहुन सक्छ । त्यसैले स्थानीय तहले कृषि क्षेत्रको मुलभूत समस्या पहिचान र समाधानका लागि सम्बन्धित सरोकारवालासँग पर्याप्त र समयबद्ध छलफल गर्नु आवश्यक छ । यसक्रममा समस्या पहिचान, प्रमुख चुनौती तथा अवसर पहिचान र स्थानीय सरकारले अघि बढाउने कार्यक्रम तथा परियोजना छनोटको आधार तयार हुन्छ । सोही आधारमा कृषि क्षेत्रका कार्यक्रम तथा आयोजना निर्माण गर्नु आवश्यक छ ।

### ४) रणनीतिक प्राथमिकता निर्धारण

कृषि विकासका लागि अध्ययन र अनुसन्धान र सम्बन्धित सरोकारवालासँग परामर्शका आधारमा स्थानीय तहले स्थानीय आय र रोजगारीमा उल्लेख्य प्रभाव परिराखेका वस्तु तथा सेवा केन्द्रित गरेर रणनीतिक प्राथमिकता निर्धारण गर्नु पर्दछ । कृषि क्षेत्रको रणनीतिक प्राथमिकता तयार गर्ने क्रममा निर्धारित प्राथमिकता बारे कृषि क्षेत्रका सरोकारवाला र स्थानीय सरकारका बिच समान बुझाइ निर्माण गर्नु अपरिहार्य हुन्छ ।

### ५) कृषि क्षेत्रको प्राथमिकता, आवधिक योजना र मध्यमकालीन खर्च संरचनाको सामञ्जस्यता

रणनीतिक प्राथमिकतामा आधारित रहेर स्थानीय सरकारको आवधिक योजनामा कृषि विकासको खण्ड तयार पार्नु आवश्यक छ । स्थानीय तहको आर्थिक विकास शाखाले कृषि क्षेत्रको आवधिक योजनाको मस्यौदा तयार गर्दा पनि रणनीतिक प्राथमिकतामा आधारित रहेर तयार गर्ने र बृहत परामर्शबाट अन्तिम रुप दिनुपर्ने हुन्छ । आवधिक योजनाका आधारमा कृषि क्षेत्रको तीन वर्षको नतिजा खाका, वित्तीय खाका र खर्च प्रक्षेपण गरी सम्बन्धित शाखाले मध्यमकालीन खर्च संरचना तयार गरी विषयगत समिति मार्फत् कार्यपालिकामा पेस गर्नुपर्ने हुन्छ ।

### ६) कृषि क्षेत्रको वार्षिक कार्यक्रम तर्जुमा गर्ने

आवधिक योजना र मध्यमकालीन खर्च संरचनामा आधारित रहेर कृषि क्षेत्रका प्रमुख समस्या समाधान गरी उत्पादन, उत्पादकत्व, बजारीकरण र मूल्य अभिवृद्धिमा प्रत्यक्ष योगदान गर्ने कार्यक्रम तथा आयोजनाको सूची निर्माण गर्नु पर्दछ । लागत र सम्पन्न हुन लाग्ने समयका आधारमा एक वर्षभित्र सम्पन्न भइ प्रतिफल दिने कार्यक्रमलाई प्राथमिकतामा राखी वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरेर कार्यान्वयन सुरु गर्नु पर्दछ । निजी क्षेत्रले गर्ने कामका सन्दर्भमा सम्बन्धित उत्पादक वा लगानीकर्तासँग समन्वय गरी काम अघि

बढाउन सहजीकरण गरिदिनु पर्दछ । कार्यक्रमलाई मूलतः कृषि पूर्वाधार विकासका कार्यक्रम र कृषि सेवा तथा पूर्वाधार बाहेकका अन्य कार्यक्रममा वर्गीकरण गर्नु आवश्यक छ ।

कृषि पूर्वाधार विकासका सम्भाव्य आयोजनाहरूमा सिंचाइ पूर्वाधार, कृषि सडक, कोल्ड स्टोर, दुग्ध चिस्यान केन्द्र, कृषि तथा पशुहाट, सङ्कलन केन्द्र, च्याम्बर, गोदाम घर, गड्यौला मल तथा कम्पोष्ट मल उत्पादन गर्ने जस्ता आयोजना हुन सक्छन् । यी आयोजनामा स्थानीय सरकार, अन्तर-स्थानीय तह सहलगानी, सार्वजनिक निजी साझेदारी तथा निजी क्षेत्रको मात्र लगानी हुने आयोजना हुन सक्छन् । निर्धारित कार्यक्रम मध्ये स्थानीय सरकारको लागत पर्ने आयोजनालाई आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटमा समावेश गरी क्रमशः कार्यान्वयन गर्नु पर्दछ ।

कृषि विकासका अन्य कार्यक्रमहरूमा कृषि अनुदानका कार्यक्रम, प्राविधिक सेवा विस्तारका कार्यक्रम, किसानको सीप विकासका कार्यक्रम, उन्नत जातका बिउबिजन विकास तथा वितरण कार्यक्रम, पशु नश्ल सुधार कार्यक्रम, दाना घाँसको उपलब्धता विस्तार कार्यक्रम लगायत समावेश हुन सक्छन् । कृषिको विशिष्टताका आधारमा आलु, उखु, केरा, सुन्तला खेती, अलैंची, चिया, कफी, च्याउ जस्ता नगदेबाली प्रवर्धन कार्यक्रम, कृषि प्रसार तथा बजारीकरण, खाद्यान्न बैंक, प्रांगारिक खेती प्रवर्धन लगायतका कार्यक्रममध्ये स्थानीय परिवेश अनुकूलका कार्यक्रम छनौट गरी सञ्चालन गर्न सकिन्छ । स्थानीय तहमा गर्न सकिने कृषिका सम्भाव्य परियोजनाको सूची तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २६: कृषि तथा पशु विकासका लागि परियोजना सूची**

| | |
|---|---|
| ➢ खाद्यान्न बाली विकास<br>➢ तरकारी खेती विकास<br>➢ फलफूल बगैंचा प्रवर्धन (केरा, सुन्तला, आँप, स्याउ, लिच्ची आदि)<br>➢ दलहन तथा तेलहन बाली विकास<br>➢ कृषि र पर्यटनका एकीकृत व्यवसाय प्रवर्धन । जस्तै, टीकापुरको केरा रेष्टुरेन्ट<br>➢ हाँस तथा कुखुरापालन कार्यक्रम<br>➢ व्यवस्थित दुग्ध चिस्यान केन्द्रको व्यवस्था<br>➢ पशु आहारा तथा दाना उत्पादन, धान र पिठो ( कोदो, फापर आदि) मिल लगायत कृषि प्रशोधन उद्योग, फलफूलमा आधारित साना तथा मझौला उद्योग व्यवसायको विकास र प्रवर्धन<br>➢ एक वडा एक बाली वस्तु प्रवर्धन<br>➢ कृषि यान्त्रिकरण कार्यक्रम<br>➢ पकेट, प्याकेज कार्यक्रम (तरकारी, फलफूल, मौरी, च्याउ, आलु, प्याज, बीउ उत्पादन)<br>➢ गँड्यौले मल र जैविक मल उत्पादन<br>➢ रासायनिक मलको बिकल्पमा प्रागांरिक मल प्रवर्धन<br>➢ माटोको दिगो गुणस्तर सुधार (माटो जांच, माटो सुधार समाग्री वितरण)<br>➢ बाखापालक किसानका लागि खोर सुधार, बोका वितरण, नश्ल सुधार कार्यक्रम | ➢ सिंचाइ बाँध र कुलो निर्माण कार्यक्रम<br>➢ जलाशय निर्माण र सिंचाइ क्षेत्र विकास कार्यक्रम<br>➢ माछा पालन कार्यक्रम<br>➢ बंगुरपालन कार्यक्रम<br>➢ पशुपंक्षी स्वास्थ्य तथा खोप कार्यक्रम<br>➢ कुखुराको चल्ला वितरण र खोर सुधार कार्यक्रम<br>➢ कृषि र पशु स्वास्थ ल्याब सेवा सञ्चालन<br>➢ विभिन्न प्रकारका कृषि तालिम<br>➢ दलित, जनजाति, एकल महिला विशेष सहयोग<br>➢ मागमा आधारित कृषि विकास<br>➢ कृषि वन<br>➢ नश्ल सुधार मार्फत् दूध उत्पादन वृद्धि<br>➢ घांसमा आधारित पशुपालन<br>➢ घांस नर्सरी स्थापना<br>➢ दूध प्रशोधन विविधिकरण तालिम<br>➢ मासु उत्पादन वृद्धि<br>➢ सहकारी, निजी फार्मसँग सहकार्य (सहकारी, करार खेती) कार्यक्रम<br>➢ बिउबिजन उत्पादन तथा वितरण<br>➢ फलफूल नर्सरी विकास<br>➢ जैविक विविधता संरक्षण तथा उपयोग<br>➢ जलवायु परिवर्तनसँग सम्बन्धित सचेतना |

माथि उल्लिखित कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि निम्न कामहरू गर्न जरुरी हुन्छः

- उत्पादन पकेट क्षेत्र, व्यवसाय सञ्चालनमा सहजीकरण, सहुलियत तथा सुविधा, कर छुट लगायतका प्रावधान सहितको स्थानीय कृषि उत्पादन नीति तर्जुमा तथा कार्यान्वयन ।
- उत्पादनमा आधारित अनुदान कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन ।
- रासायनिक मलको समयानुकूल र सहज उपलब्धताका लागि सहजीकरण र नियमन ।
- बाली बिमा कार्यक्रमको सहजीकरण ।
- बालीवस्तुको उत्पादन उपरान्त बजार व्यवस्थापन (सङ्कलन केन्द्र, शीतभण्डार, न्यूनतम समर्थन मूल्य) कार्यक्रम ।
- तथ्याङ्कमा आधारित कृषि कार्यक्रम र नीति बनाउन कृषि तथा पशुपंक्षीको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक कार्यक्रम ।
- समग्र कार्यक्रमको उपलब्धिका लागि प्रभावकारी अनुगमन, निरीक्षण तथा सहजीकरण ।
- कृषि उत्पादन सङ्कलन केन्द्रहरू तथा बजार स्थलहरूको निर्माण तथा सञ्चालन ।
- कृषि सूचनाको पहुँचको सुधार तथा बिस्तार ।
- सबै सरोकारवालासँग समन्वय, सहजीकरण र सहकार्य ।

## ५) कृषि क्षेत्रको योजना तर्जुमामा ध्यान दिनुपर्ने विषयहरू

१) सङ्घीय तथा प्रादेशिक तहबाट सःशर्त अन्तर्गत कार्यान्वयन हुने कार्यक्रम वा हस्तान्तरण भइ आएका कार्यक्रम कार्यान्वयनमा सम्बन्धित तहका सरकारले निर्धारण गरेको विधि र प्रक्रियाको पूर्ण पालना गर्ने ।

२) कृषि तथा पशुपालन क्षेत्रमा व्यवसायिक रुपमा संलग्न भएका तथा जीविकोपार्जनको निर्विकल्प माध्यमका रुपमा अवलम्बन गरेका परिवारका लागि बेग्लाबेग्लै लक्षित कार्यक्रम सञ्चालन गर्ने । उदाहरणका लागि, जीविकोपार्जन सुधारका कार्यक्रममा समावेश गरिने किसानलाई किसान परिचयपत्रको व्यवस्था, सीप विकास, उत्पादनमा आधारित अनुदान, गोठ सुधार, नश्ल सुधार, कृषि बिमा जस्ता कार्यक्रमबाट सम्बोधन गर्ने प्रयास गर्नुपर्ने हुन्छ भने व्यवसायिक कृषिमा संलग्न हुनेका लागि सहयोगी पूर्वाधार विकासमा साझेदारी, सहुलियतपूर्ण कृषि ऋणमा सहजीकरण, जग्गा भाडामा लिने चक्लाबन्दी खेती गर्ने प्रक्रियामा नीतिगत र संस्थागत सहयोग जस्ता कार्य समावेश हुन सक्छन् ।

३) कृषि तथा पशुपालनमा गर्ने लगानीले समग्र कृषि उत्पादन बढाउन, कृषिमा संलग्नहरूको आम्दानी बढाउन, थप रोजगारी सिर्जना गर्न वा विद्यमान रोजगारीका विकल्पलाई कसरी थप आकर्षक बनाउन योगदान गर्नसक्छ भन्ने पक्षबाट पर्याप्त विश्लेषण गर्नुपर्ने हुन्छ ।

४) अन्नबाली, दलहन, तरकारी, दुग्ध पदार्थ, माछामासु जस्ता दैनिक आवश्यकताका वस्तुहरूको उत्पादन तथा भण्डारणका विषय आर्थिक समृद्धिका विषयमात्र नभइ खाद्य सुरक्षा, विपद् पूर्वतयारी जस्ता पक्षसँग समेत जोडिने हुनाले आर्थिक बाहेक अन्य पक्षबाट पनि विश्लेषण गरी कतिपय कार्यक्रम आर्थिक रुपमा लाभदायक नभए पनि कार्यान्वयन हुनुपर्ने हुनाले यस्ता कार्यक्रममा लगानीका लागि विशिष्ट मापदण्ड तयार गर्नुपर्ने हुनाले त्यसतर्फ पनि ध्यान दिनु आवश्यक छ ।

# करिडोर र क्लष्टरमा आधारित स्थानीय आर्थिक विकास र आर्थिक वृद्धि

## १. परिचय

१) करिडोर वा क्लष्टर भनेको निश्चित राजमार्ग, रेलमार्ग, नदी क्षेत्र आदिलाई आधार परिभाषित गरिएको भौगोलिक क्षेत्र हो । यस्ता क्षेत्रमा एक भन्दा बढी जिल्ला वा स्थानीय तह रहन सक्छन् । कुनै राजनीतिक सीमाभित्र सीमित नभइ यस्तो भौगोलिक क्षेत्रको आर्थिक विकासलाई करिडोर वा क्लष्टरमा आधारित आर्थिक विकास भनिन्छ । करिडोर वा क्लष्टरमा आधारित स्थानीय विकासका कार्य गर्दा तोकिएको क्षेत्रमा कृषि, उद्योग वा सेवा क्षेत्रको विकास र विस्तार गर्ने तथा सम्बन्धित सरोकारवालाका बिच सम्बाद र सहकार्य हुनु पर्दछ ।

२) नेपालका खास प्रकृतिका उद्योग वा आर्थिक गतिविधि निश्चित भौगोलिक क्षेत्रमा केन्द्रिकृत भइ सो क्षेत्रले देशकै अर्थतन्त्रमा महत्वपूर्ण हिस्सा ओगटेको उल्लेख्य उदाहरण छैन । छरिएर हुने कृषि उत्पादन तथा मूलतः बजार र सहरी क्षेत्र केन्द्रित व्यापार व्यवसाय र उद्योगको समग्र योगदानबाट नेपालको अर्थतन्त्र सञ्चालित छ । जनसङ्ख्याको चाप, उद्योग व्यवसायको सघनता तथा उब्जाउ भूमिको उपलब्धताका कारण नेपालमा तराईका जिल्ला र अन्य क्षेत्रका सहरी इलाकाले स्थानीय, प्रादेशिक र राष्ट्रिय आय तथा रोजगारीमा तुलनात्मक रुपमा बढी योगदान गरिरहेको पाइन्छ । कृषितर्फ धान, मकै, तरकारी, फलफूल, मसला बाली, दूध, मासु जस्ता उत्पादनले अर्थतन्त्रमा मुख्य भूमिका खेलेको पाइन्छ । प्रशोधन उद्योगतर्फ कृषि, वन तथा खनिजमा आधारित प्रशोधन उद्योगले तुलनात्मक रुपमा बढी योगदान गरिरहेको अवस्था रहेको छ भने सेवा क्षेत्रमा थोक तथा खुद्रा व्यापारको योगदान सबैभन्दा धेरै रहँदै आएको छ । यसमध्ये तुलनात्मक लाभका वस्तु पहिचान गरी तिनको उल्लेख्य उत्पादन हुने भौगोलिक क्षेत्रलाई आधार बनाएर आर्थिक करिडोर वा क्लष्टरको रुपमा विकास गर्न सकेमा त्यस्ता क्षेत्रलाई आर्थिक वृद्धि केन्द्रका रुपमा विकास गर्न सकिने सम्भावना रहन्छ । आर्थिक विकास क्लष्टर वा करिडोरमा आधारित आर्थिक विकास आर्थिक वृद्धि केन्द्र निर्माणका लागि गरिने तयारीको कार्यका रुपमा पनि लिन सकिन्छ ।

३) नेपालमा सङ्घीय सरकारले विभिन्न तहबाट कार्यान्वयन गरिरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायतका कार्यक्रमबाट निश्चित वस्तुको उत्पादन हुने क्षेत्रलाई आधार बनाएर जोन, ब्लक वा पकेट निर्धारण गरी भूगोल केन्द्रित कार्यक्रम कार्यान्वयन गरिएको छ । प्रदेश र स्थानीय तहबाट पनि यस्ता केही कार्य भएको पाइन्छ । विगतमा उद्योग क्षेत्रको विकासको क्रममा हालको कोशी प्रदेशका केही क्षेत्र करिडोरका रुपमा विकास भएको भएपनि यो पूर्व नियोजित करिडोरमा आधारित स्थानीय विकास प्रयासको परिणाम भने होइन ।

४. आर्थिक विकास एक बृहत्तर अवधारणा हो । यसले उत्पादन, आय र रोजगारी मात्र नभइ शिक्षा, स्वास्थ्य, सरसफाई जस्ता सामाजिक विकास र सेवाको उपलब्धता र पहुँचको विषयलाई पनि समेट्छ । आर्थिक वृद्धिले भने कूल उत्पादन र त्यसबाट हुने कूल आयमा आउने परिवर्तनलाई हेर्छ । यस आधारमा आर्थिक विकास र आर्थिक वृद्धि करिडोर वा क्लष्टरलाई फरक रुपमा बुझ्नु पर्दछ ।

५. आर्थिक वृद्धि र आर्थिक विकास क्लष्टर वा करिडोरमा त्यस क्षेत्रका सम्बन्धित सरोकारवालाहरूले एउटै साझा एजेण्डामा आधारित रहेर सहकार्य र साझेदारी गर्छन् । त्यसका लागि स्थानीय सरकार सहितका सरोकारवालाहरू रहेको मञ्चको निर्माण आवश्यक छ । स्थानीय सरकार, वस्तु तथा सेवाका उत्पादक, कच्चा पदार्थ उत्पादक तथा आपूर्तिकर्ता, प्राथमिक र प्रशोधित वस्तुका बिक्रेताका प्रतिनिधिसहितको मञ्चले लगानी, उत्पादन, बजारीकरण, आर्थिक पूर्वाधार विकास र नीतिगत विषय लगायतमा निरन्तर सम्वाद र सहकार्य गर्छन् र सो भेगको आर्थिक विकास र तुलनात्मक लाभका वस्तु तथा सेवामा केन्द्रित रहेर दिगो आर्थिक वृद्धि हासिल गर्नका लागि काम गर्छन् । आर्थिक विकास र आर्थिक वृद्धिका लागि

सहकार्यलाई संस्थागत र व्यवस्थित गर्न नेपालको सन्दर्भमा सङ्घ र प्रदेश सरकारका तर्फबाट नीतिगत र सस्थागत सहजीकरण गर्नु उपयुक्त हुन्छ । तर यसको अग्रसरता भने स्थानीय सरकारहरूले लिनु आवश्यक छ । आर्थिक वृद्धि क्लष्टरको प्रारुप तलको चित्रमा प्रस्तुत गरिएको छ ।




**स्रोतः कम्युनिटी इन्गेजमेन्ट्स एण्ड आउटरिच, २०७९**

६. जलवायु परिवर्तनका कारण नदी आसपास बस्ती विकास र सडकको आसपासको सहरीकरणका कारणले नेपालमा करिडोरमा आधारित आर्थिक सम्बन्धहरू विकसित हुँदै गएका छन् । मानिसका आर्थिक क्रियाकलापहरू प्रशासनिक सिमामा भन्दा पनि करिडोरका क्षेत्रमा केन्द्रित भएका छन् । बाराको कोल्बीदेखि सिम्रौनगढको सडक आसपास माछापोखरीहरू केन्द्रित रहेको पाइन्छ । जुम्लामा मार्सी धानको खेती तिला नदी आसपास र हिमा नदी आसपास रहेका छन् । पूर्व-पश्चिम राजमार्ग आसपास नेपालका अधिकांश नयाँ सहरहरू निर्माण भएका छन् र आर्थिक सम्बन्धहरू पूर्व-पश्चिम तन्किएको छ । सडक र नदी आसपास बस्तीहरू तन्किएर सोही बमोजिम आर्थिक सहसम्बन्ध कायम हुन पुगेका छन् ।

७. करिडोरको अवधारणा अनुसार निश्चित सडक वा नदी आसपासको क्षेत्रमा रहेका स्थानीय तहहरूका बिच आर्थिक विकासका लागि समन्वय र साझेदारीका आधारमा उत्पादन, बजारीकरण, मूल्य अभिवृद्धि, आर्थिक पूर्वाधार निर्माण र सञ्चालनका कार्य गरिन्छ । क्लष्टर अवधारणा अनुसार भौगोलिक निकटतासँगै साझा प्राथमिकताका वस्तु तथा सेवालाई अधार बनाएर ती वस्तु वा सेवा ठूलो स्केलमा उत्पादन गर्ने, प्रशोधन गर्ने, बजारीकरण गर्ने, बजार विकास गर्ने, सीप विकास गर्ने, प्रविधिमा साझेदारी गर्ने जस्ता कार्यका लागि सम्बन्धित स्थानीय सरकार, वस्तु तथा सेवाका उत्पादक र वितरक वा व्यवसायीले परस्पर समन्वय र साझेदारी गर्छन् । क्लष्टरको विकासका लागि सम्बन्धित जिल्ला समन्वय समिति वा स्थानीय तहमध्ये कुनै एकले प्रमुख समन्वयकर्ताको भूमिका निर्वाह गर्न सक्छन् । त्यसमा सरकार मात्र नभइ निजी क्षेत्र, वित्तीय संघसंस्था, शैक्षिक केन्द्र, विषय विज्ञ आदि रहेको साझा मञ्चको नियमित सम्वाद भइरहन्छ । यसलाई आर्थिक विकास वा वृद्धिका लागि अन्तर-स्थानीय तह सहकार्यको मञ्चको रुपमा विकास गर्नु उपयुक्त हुन्छ ।

८) नेपाल सरकारले पछिल्ला वर्षका वार्षिक बजेटमा करिडोरमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रमको अवधारणालाई कार्यान्वयनम ल्याउन विभिन्न कार्यक्रम समावेश गर्दै आएको छ । करिडोरमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रममा एक भन्दा बढी स्थानीय तहले एकापसमा सहकार्य गर्छन् र यसमा प्रदेश सरकारले समन्वय गर्दा अझ बढी प्रभावकारी हुन्छ । कर्णाली प्रदेश सरकारले छिन्चु हुँदै भेरी करिडोरको जाजरकोटसम्मको क्षेत्रलाई भेरी आर्थिक करिडोरको रूपमा विकास गर्ने सोच अघि सारेको छ ।

## २. नेपालमा स्थानीय आर्थिक विकासका लागि केही सम्भावित आर्थिक करिडोर तथा क्लष्टर

नेपालमा एउटै उत्पादन ठूलो भेगमा भइरहेका र सीमाना जोडिएका स्थानीय तहहरू, प्रमुख राजमार्ग आसपासको औद्योगिक क्षेत्र, विभिन्न किसिमको आकर्षण रहेका पर्यटकीय क्षेत्रसँग नजिक रहेका स्थानीय तहहरू आदिले विभिन्न क्लष्टर वा करिडोरको अवधारणा अनुसार आर्थिक विकास र आर्थिक वृद्धिमा सहकार्य गर्न सक्छन् । आर्थिक पूर्वाधार निर्माणमा सहलगानी गर्ने, आन्तरिक र बाह्य लगानी आकर्षित गर्ने, वस्तुको उत्पादनमा परिमाणात्मक लाभ हासिल गर्ने, पर्यटन क्षेत्रको विकास र विस्तार गर्ने जस्ता एजेण्डामा स्थानीय सरकार, निजी क्षेत्र, सहकारी, बैंक तथा वित्तीय संस्था जस्ता सरोकारवाला मिलेर काम गर्न सक्छन् । यसरी काम गर्नका लागि क्लष्टर वा करिडोर विकास गर्न सकिने केही क्षेत्रको उदाहरण तलको तालिकामा प्रस्तुत छ । यसबाहेक पनि स्थानीय परिवेश अनुसार क्लष्टर वा करिडोरमा आधारित स्थानीय आर्थिक विकास गर्न सकिने धेरै क्षेत्र नेपालमा छन् ।

**तालिका २७ : स्थानीय आर्थिक विकासका केही सम्भाव्य करिडोरहरू**

| करिडोर | विषय क्षेत्र |
|---|---|
| कोल्बी- सिम्रौनगढ, बारा | माछापालन |
| हिमा करिडोर, जुम्ला | मार्सी धान |
| तिला करिडोर, जुम्ला | मार्सी धान |
| कोवाङ-जोमसोम करिडोर, मुस्ताङ | स्याउ |
| शारदा करिडोर, सल्यान | धान र माछा |
| बाराको निजगढदेखि धनुषाको ढल्के क्षेत्र | गलैंचा करिडोर |
| कालीगण्डकी करिडोर | धार्मिक करिडोर |
| आँबुखोला करिडोर, स्याङ्जा | धान र सुन्तला |
| तिनजुरे, मिल्के, जलजले (संखुवासभा, तेह्रथुम, ताप्लेजुङ) | प्राकृतिक पर्यटन |
| मोरङ, झापा, सुनसरी | धान |
| सप्तरी, सिराहा | आँप, धान |
| सिद्धार्थ करिडोर | उद्योग र धार्मिक पर्यटन |
| ताप्लेजुङ, पाँचथर | अलैंची, चिया |
| धरान, धनकुटा | पर्यटन, फलफूल, तरकारी |

## ३. करिडोरमा आधारित स्थानीय आर्थिक विकासका लागि गरिने क्रियाकलापहरू

१) स्थानीय आर्थिक विकास करिडोर र करिडोरमा हुने आर्थिक क्रियाकलापको पहिचान ।
२) स्थानीय आर्थिक विकास करिडोरले एक भन्दा बढी स्थानीय तहको भू-भाग समेट्ने भएमा दुई वा दुई स्थानीय तह बिच सहकार्य समन्वय गर्न यसको खाका तयार गर्ने ।
३) स्थानीय आर्थिक विकास करिडोर परियोजना कार्यान्वयन गर्न परियोजना दस्तावेज तयार गर्ने ।
४) स्थानीय आर्थिक विकास करिडोरका लागि पूर्वाधारमा लगानी गर्ने ।

५) स्थानीय आर्थिक विकास करिडोरमा लगानी बढाउन लगानी सम्मेलनहरू आयोजना गर्ने ।

६) करिडोरमा केन्द्रित सीप विकासका कार्यक्रम सञ्चालन गर्ने ।

७) स्थानीय आर्थिक विकास करिडोरका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने ।

८) करिडोर वा क्लष्टरमा बहुपक्षीय नियमित सम्वाद गरी प्राथमिकता पहिचान वा लेखाजोखा, समस्या समाधानको उपाय पहिचान र कार्यान्वयन ।

९) क्लष्टर वा करिडोर क्षेत्रमा लगानी गर्न चाहनेका लागि सहजीकरण, सुरक्षा, पूर्वाधार विकास, व्यवसाय विकास सहायताका लागि जिम्मेवार निकायको व्यवस्था ।

# सहकारीको परिचय र स्थानीय आर्थिक विकासमा भूमिका

## १. सहकारीको परिचय

अन्तर्राष्ट्रिय सहकारी सञ्जालका अनुसार सहकारी सदस्यहरूको संयुक्त स्वामित्व र लोकतान्त्रिक नियन्त्रणबाट सञ्चालित व्यवसाय मार्फत् आफ्ना साझा आर्थिक, सामाजिक र साँस्कृतिक आवश्यकता एवं आकाङ्क्षाहरू पुरा गर्न स्वेच्छिक रुपमा एकजुट हुने व्यक्तिहरूको स्वायत्त संगठन हो । यस्तो संगठन संयुक्त स्वामित्व र लोकतान्त्रिक नियन्त्रणका आधारमा सञ्चालित हुन्छ । सिद्धान्ततः सहकारीमा लोकतान्त्रिक विधि र प्रक्रियाका आधारमा व्यक्तिहरू संगठित हुन्छन् भने सहकारीका सबै सदस्यको हैसियत समान हुन्छ । उनीहरूले आफ्नो संगठन वा संस्थालाई पूर्ण पारदर्शी र लोकतान्त्रिक विधिबाट सञ्चालन, नियन्त्रण र स्वःनियमन गर्दछन् भन्ने मान्यता राखिन्छ । सहकारीहरू नाफाको उद्देश्यबाट भन्दा पनि आफ्ना सदस्यको हितका लागि स्थापना हुने हुनाले व्यवसायिक कार्यमा लगानी गर्दा सदस्यहरूको हितलाई केन्द्रमा राखेर काम गर्नुपर्ने हुन्छ । तथापी सहकारीलाई सदस्यहरूले एकजुट भएर व्यवसाय गर्ने व्यवसायिक संगठनका रुपमा पनि लिने गरिन्छ ।

## २. सहकारीका मूल्य र मान्यताहरू

**आधार मूल्यहरू:** स्वावलम्बन, स्वःउत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यबद्धता ।
**नैतिक मूल्यहरू:** इमान, खुलापन, सामाजिक उत्तरदायित्व र अर्काको ख्याल ।

**मान्यताहरू**

(क) नाफामा सहभागी नहुनेः अर्काको श्रम वा अर्काले तिरेको उपरि मूल्यमा लाभ नलिने ।
(ख) उपकारको भर नपर्नेः अरुको कल्याणको आश नगर्ने ।
(ग) गैर सदस्यसँग कारोबार नगर्नेः सहकारी संस्थाले व्यवसायिक सेवा सदस्यमा सीमित राख्दछन् ।
(घ) गैर सदस्यलाई सेवा दिनेः सदस्यको आर्थिक फाइदासँग असम्बन्धित सेवाहरू अर्थात गैर व्यवसायिक सेवा गैर सदस्यलाई दिने ।
(ङ) सकारात्मक कार्य गर्नेः लैङ्गिक रुपमा पक्षपात नगरी समान सहभागिताको आदर्शमा काम गर्ने । सामाजिक सीमान्तीकरणमा परेका सदस्यहरूलाई अगाडि ल्याउन सकारात्मक पहल गर्ने । सहकारी संस्था र तिनका सदस्यहरू यी मूल्यहरू प्रति प्रतिबद्ध हुनु आवश्यक छ ।

## ३. सहकारीका सात अन्तर्राष्ट्रिय सिद्धान्त

बेलायतमा सन् १८४४ मा अघि सारिएका सहकारीका आधारभूत सिद्धान्त परिमार्जन र विकास हुने क्रममा अन्तर्राष्ट्रिय सहकारी सञ्जालले सन् १९९५ मा निम्न सात सिद्धान्त प्रयोगमा ल्याएको छ । यी सिद्धान्तलाई सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तका रुपमा लिइन्छ ।

### पहिलो सिद्धान्तः ऐच्छिक तथा खुला सदस्यता

सहकारी संस्थाहरू स्वेच्छिक संगठन हुन् । यी संस्थाहरुबाट प्राप्त हुने सेवा उपयोग गर्न सक्ने र सदस्यताको जिम्मेवारी वहन गर्न चाहने सबै व्यक्तिका लागि सदस्यता खुला रहन्छ । यी संस्थाहरूमा आबद्ध सदस्यहरू बिच लिङ्ग, वर्ग, जातजाति, धर्म, वर्ण र राजनीतिक आधारमा भेदभाव रहँदैन । कुनैपनि व्यक्ति अरुको करकापमा सदस्यता लिन बाध्य हुँदैन । सदस्यता लिने र त्याग गर्ने स्वतन्त्रता सबै सदस्यहरूलाई उपलब्ध हुन्छ । सेवा उपयोग गर्ने हैसियतमा रहेका व्यक्तिहरूलाई सदस्यता प्राप्त गर्न कुनै कृत्रिम छेकबार लगाउन मिल्दैन ।

**दोस्रो सिद्धान्तः सदस्यको लोकतान्त्रिक नियन्त्रण**

सहकारी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित लोकतान्त्रिक संगठन हुन् । सहकारी संघ/संस्थाहरूका सदस्यहरू आफ्नो संस्थाको नीति तय गर्न र निर्णय गर्नमा सक्रिय रुपमा सहभागी हुन्छन् । निर्वाचित प्रतिनिधिका रुपमा चयन हुने जुनसुकै महिला तथा पुरुष सदस्यप्रति उत्तरदायी हुन्छन् । प्रारम्भिक संस्थाहरूमा एक व्यक्ति एक मतको आधारमा सदस्यहरूको समान मताधिकार हुन्छ । सहकारी संस्थाहरू लोकतान्त्रिक आधारमा गठन गरिएका हुन्छन् ।

**तेस्रो सिद्धान्तः सदस्यको आर्थिक सहभागिता**

सहकारी संघसंस्थाको सदस्यता प्राप्त गर्न चाहने हरेक व्यक्तिले संस्थाबाट जारी हुने शेयर अनिवार्य रुपमा खरिद गर्नु पर्दछ । सदस्यहरू आफ्नो संस्थाको आर्थिक क्रियाकलापमा न्यायिक रुपमा सहभागी हुनु पर्दछ । संस्थाको पूँजीमाथि सदस्यहरूले नियन्त्रण राख्छन् । सहकारी संघसंस्थामा बचत (नाफा) भएमा सदस्यहरूले चुक्ता गरेको शेयर पूँजीको आधारमा सीमित बचत फिर्ता पाउँछन् । संस्थाले आर्जन गर्ने बचत (नाफा) बाट जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष, बोनस कोष, विकास कोष, शिक्षा कोष, घाटापूर्ति कोष खडा गरी संस्थागत विकास र सदस्यहरूको सेवा तथा सुविधा सुनिश्चित गरिएको हुन्छ ।

**चौथो सिद्धान्तः स्वायत्तता तथा स्वतन्त्रता**

सहकारी संघसंस्थाहरू आफ्ना सदस्यद्वारा नियन्त्रित स्वायत्त तथा स्वावलम्बी संगठन हुन् । संस्थाको सञ्चालन तथा कामकारवाहीमा सरकार तथा अन्य बाह्य निकायको हस्तक्षेत हुँदैन । संघसंस्थाले आफ्ना सदस्यबाट बचत तथा पूँजी सङ्कलन र बाह्य स्रोतबाट सम्झौता गरी ऋण प्राप्त गर्न सक्दछन् । संघसंस्थाहरू सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रणमा बाँधिएका हुन्छन् । संघसंस्थाले स्वायत्तता कायम राख्ने हिसाबले काम गर्नु पर्दछ ।

**पाँचौ सिद्धान्तः शिक्षा, तालिम र सूचना**

सहकारी संघसंस्थाले सदस्यहरूको चौतर्फी विकासमा लागि अनवरत रुपमा शिक्षा र तालिमको व्यवस्था गर्नु गर्दछ । सञ्चालक, व्यवस्थापक र सदस्यहरूले संस्थामा प्रभावकारी रुपमा योगदान दिन सकून् भनी उनीहरूलाई शिक्षा तथा तालिम उपलब्ध गराउनु पर्दछ । सहकारी संघसंस्थाले संगठनको प्रकृति तथा लाभबारे समुदायभित्रका सामान्य जनतालाई सुसूचित गराउँदछन् ।

**छैठौं सिद्धान्तः सहकारी संस्थाहरूका बिच सहयोग**

सहकारी संस्थाहरुले प्रभावकारी रुपमा आफ्ना सदस्यलाई सेवा पु¥याउने उद्देश्यका साथ स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संरचनाहरूका माध्यमबाट आपसमा मिलेर सहकारी व्यवसायलाई प्रवर्धन गर्दछन् र गुणात्मक सेवाप्रवाह गरी सहकारी आन्दोलनलाई सुदृढ पार्दछन् ।

**सातौं सिद्धान्तः समुदायप्रतिको सरोकार**

सहकारी संस्थाहरूले निर्धारित नीतिको आधारमा समुदायको दिगो विकासको लागि कार्य गर्छन् । सहकारी संघसंस्थाहरू समुदायमा आधारित भइ स्थापित र सञ्चालित हुन्छन् । समुदायप्रतिको हरेक जिम्मेवारी हरेक सहकारी संघसंस्थाको दायित्वभित्र रहेको हुन्छ ।

## ५. सहकारी संस्थाको सदस्यता

खुला सदस्यता सहकारीको आधारभूत सिद्धान्त हो । यद्यपि सकारीको सेवा क्षेत्र र दायरा एवं सहकारीका सदस्यले आफ्नो भूमिका निर्वाह गर्नुपर्ने विषय समेतलाई दृष्टिगत गरी सहकारीको सदस्यता सम्बन्धी व्यवस्था सम्बन्धित सहकारीको कानुन र विनियममा गरिएको हुनु पर्दछ । स्थानीय तहमा सहकारीको सदस्यता सम्बन्धी प्रावधान सम्बन्धित स्थानीय कानुनले तोके बमोजिम हुन्छ । नेपालमा सङ्घीय स्तरको सहकारी ऐनले पनि यससम्बन्धी व्यवस्था गरेको छ। स्थानीय तहमा स्थानीय सहकारी कानुनमा सहकारीको सदस्यता लिने उमेर र योग्यता तोक्नुपर्ने हुन्छ। सामान्यतया, सहकारी संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरिरहेका १६ वर्ष उमेर पुगेका नेपाली नागरिक र नेपाल सरकार, प्रदेश सरकारका निकायहरू, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्रभित्रका सहकारी विद्यालय वा सामुदायिक विद्यालय, गुठी, स्थानीय समूह, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका गैरनाफामूलक संस्था, उत्पादन वा सेवामूलक संघसंस्था, उपभोक्ता समूहहरू सहकारीको सदस्य बन्न सक्दछन् ।

## ६.सहकारी संस्थाको सुपरीवेक्षण, अनुगमन र नियमन

सहकारी संस्था लोकतान्त्रिक नियन्त्रणका आधारमा सञ्चालन हुने स्वायत्त संगठन हुन् । त्यसैले सिद्धान्ततः सहकारी संस्था आफ्ना सदस्यको निर्णयबाट तय गरेका विधि र प्रक्रियाबाट स्वःनियमनमा हुन्छन् । स्थापित सिद्धान्त, मूल्य र मान्यताका आधारमा चल्ने सहकारीको अनुगमन र नियमन सरकार वा अन्य बाह्य पक्षबाट गर्नुपर्ने आवश्यकता नै रहँदैन भनिन्छ। हरेक निर्णय सहकारीका सदस्यहरूको सहमति र हरेक कामका बारे सहकारीका सदस्यलाई जानकारी हुने अवस्थामा सहकारीले आफ्ना सदस्यको आर्थिक हित बाहेक अन्यथा काम गर्ने सम्भावना नै रहँदैन । त्यसैले सहकारी संस्थालाई पूर्ण रुपमा लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा सञ्चालन गराउने लक्ष्यमा केन्द्रित रहेर स्थानीय सरकारले सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कनको कार्य गर्नु उपयुक्त हुन्छ ।

## ७. सहकारीका सदस्यको जिम्मेवारी

प्रत्येक सहकारी संस्थाले सहकारीका मूल्यमान्यता तथा सिद्धान्त अनुसार काम गरेको अवस्थामा मात्र सहकारीप्रति समुदायको स्वामित्व कायम हुन्छ। सहकारीको स्वामित्व सदस्यहरूमा रहने हुनाले सहकारीका प्रत्येक सदस्यको भूमिकाले सहकारीको प्रभावकारितामा असर गर्छ। त्यसका लागि सदस्यहरू निम्न कुरामा चनाखो हुनुपर्ने हुन्छ। सहकारीको नयाँ सदस्य बन्न चाहने व्यक्तिहरू पनि यी विषयमा उत्तिकै चनाखो हुनु पर्दछ ।

१) संस्थाले नियमित रुपमा साधारणसभा गरेको छ वा छैन ? गरेको भएपनि पूर्ण पारदर्शी र लोकतान्त्रिक विधि अवलम्बन गरेको छ कि छैन ?
२) सहकारीका सबै सदस्यलाई समान व्यवहार गरिएको छ/छैन ?
३) ऋण र सापटी प्रदान गर्दा निर्धारित विधि र प्रक्रियाको पूर्ण पालना गरिएको छ कि छैन ?
४) उत्पादनमुलक वा बहुउद्देश्यीय सहकारीले व्यवसायिक कार्यमा लगानी गर्दा कुन-कुन क्षेत्रमा गरेको छ ? लगानी गर्नुपूर्व पर्याप्त अध्ययन र सदस्यसँग परामर्श गरिएको छ कि छैन ?
५) बचत, ऋणमा ब्याजदर कति छ र त्यो कत्तिको स्वाभाविक छ ?
६) नियामक निकायले ब्याजदर तोकेको छ/छैन ? छ भने त्यसको पालना भएको छ कि छैन ?
७) ऋण र लगानीमा सदस्य र सञ्चालकलाई दिने ब्याजदर फरक छ कि समान छ ?
८) ऋण र लगानीबाट प्राप्त हुने ब्याज समयसीमा भित्र नबुझाउँदा ऋण असुलीका लागि के-कस्तो अभ्यास गर्ने गरेको छ ? साँवामा जोडेर (पूँजीकृत) त्यसमा पनि ब्याज लगाएको, अस्वाभाविक रुपमा जरिवाना गरिएको, सञ्चालक वा स्वार्थ जोडिएका व्यक्तिले लिएको ऋण असुलीलाई बेवास्ता गरिएको जस्ता गलत अभ्यास हुने गरेको छ कि छैन ?

९) सहकारी सञ्चालनको क्रममा सहकारीको विनियम, साधारणसभाको निर्णय तथा प्रचलित कानुनको पूर्ण पालना भइरहेको छ कि छैन ?

## ८. सहकारीको कार्यप्रक्रिया

सहकारीको सिद्धान्त, मूल्य र मान्यता अनुसार सञ्चालन हुने सहकारीले निम्नानुसार कार्य गर्छन् ।

१. सहकारीले एउटै भूगोलमा बस्ने समान पेसा अपनाएका र समान उद्देश्य भएका भएका व्यक्तिहरूलाई संगठित गरी समतामूलक समुदायको निर्माणमा केन्द्रित रहेर कार्य गर्छ ।

२. समुदायका सदस्यमाझ छरिएर रहेको स-सानो पूँजी, प्रविधि, प्रतिभालाई सामुदायिक संस्था मार्फत् एकीकृत र पूँजीकृत गर्दै आफ्नो आवश्यकता अनुसारको वस्तु तथा सेवाको उत्पादन, उपभोग, विनिमय र वितरण गर्दछ ।

३. सहकारीमा संगठित सदस्यलाई शिक्षा, तालिम र सूचनाको माध्यमबाट सबलीकरण, सशक्तीकरण, क्षमता विकास गर्दै आफ्ना लागि आफैंले सोच्न र गर्नसक्ने स्वावलम्बी र उद्यमशील बनाउँछ ।

४. व्यक्तिगत स्वावलम्बनमा योगदान गर्ने कार्यहरूलाई पारस्परिकताको आधारमा लोकतान्त्रिक नियन्त्रणको माध्यमबाट एकीकृत र व्यवस्थित गर्दछ ।

५. आफ्ना आवश्यकता परिपूर्तिका साथै प्रतिस्पर्धात्मक र तुलनात्मक लाभका क्षेत्रमा लगानी गरेर किफायती रुपमा वस्तु, सेवा र औद्योगिक उत्पादन, बिक्री वितरण गरी सामाजिक न्याय सहितको बचत (मुनाफा र थप पुँजी) सृजना गर्दछ ।

६. उद्यम र उद्यमशीलताका माध्यमबाट रोजगारी एवम् स्वरोजगारीका अवसरको सृजना गरी उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि मार्फत् समुदाय र राष्ट्रकै समृद्धि निर्माणमा टेवा पुऱ्याउँछ ।

७. सक्षमताको आधारमा आफ्ना उत्पादन र सेवाको बजारीकरण गर्दै सदस्यको उत्पादसँग मूल्य शृङ्खलाको सृजना गर्दछ ।

८. समक्ष, सुदृढ, सेवामूलक, जनउत्तरदायी, पारदर्शी, जवाफदेही, उन्नतिशील संस्था एवम् व्यावसायिक समाजको सृजनामा योगदान गर्छ ।

९. स्वावलम्बन, ऐक्यबद्धता, स्वःउत्तरदायित्व, लोकतन्त्र, समानता, समतामुखी सहकारी समुदाय र इमान्दारिता, पारदर्शिता, सामाजिक उत्तरदायित्व र अर्काको ख्याल राख्ने व्यावसायिक संगठनको सृजना गर्दछ ।

१०. निजी क्षेत्रको सिन्डिकेट, कार्टेलिङ, बजार असफलता र सरकारी निरङ्कुशता दुबै अतिवादी शक्तिबाट आफ्ना सदस्यहरूको संरक्षणका लागि कबचको काम गर्दछ ।

११. सरकारी, गैरसरकारी र निजी क्षेत्र नपुगेका वा पुग्न नसकेका वा गर्न नसकेका वा नचाहेका कार्यहरू प्रभावकारी रुपले सम्पादन गर्दै पछि परेका मानिस र समुदायलाई समेटी सामाजिक पूँजी निर्माण र समृद्धिको आन्दोलन सृजना गर्दछ ।

१२. नवप्रवर्तन, व्यावसायिक स्वच्छता एवम् प्रतिस्पर्धा कायम गर्दै मितव्ययी रुपमा गुणस्तरीय वस्तु तथा सेवाको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गरी बजार बिस्तार मार्फत् उपभोक्ता हित संरक्षणमा केन्द्रित रहन्छ ।

१३. नीतिगत स्थिरता, आर्थिक स्थायित्व, उच्च, दिगो, फराकिलो एवम् समावेशी विकास तथा वृद्धि मार्फत् आफ्ना सदस्यको आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरणमा केन्द्रित रहन्छ ।

## ९. स्थानीय आर्थिक विकासमा सहकारी संस्थाको भूमिका

स्थानीय आर्थिक विकासका लागि गतिप्रदायक वा सहजकर्ताको आवश्यकता पर्दछ । त्यस्ता सहजकर्ताले उद्योग व्यवसाय गर्ने इच्छा र चाहना भएको जनसङ्ख्या तयार गरी स्थानीय आर्थिक गतिविधि बढाउन र स्थानीय अर्थतन्त्रलाई चलायमान गराउन महत्वपूर्ण योगदान गर्न सक्छन् । स्थानीय सरकार र सहकारी दुवैले स्थानीय आर्थिक विकासमा गतिप्रदायकको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । स्थानीय आर्थिक विकासका निम्न विषयमा सहकारी संस्थाले गति प्रदायकको भूमिका निर्वाह गर्न सक्छन् ।

- उद्यम गर्न चाहने नागरिकलाई आफूले गर्न चाहेको व्यवसाय सम्बन्धी आवश्यक सीप विकास गर्ने,
- व्यवसाय योजना निर्माणमा सहयोग गर्ने,
- बिऊ पूँजीको प्रबन्धका लागि सहजीकरण गर्ने,
- उत्पादनका लागि आवश्यक समग्री तथा प्रविधि प्राप्तिमा सघाउने,
- उत्पादन र सेवाको गुणस्तर वृद्धिका लागि सहयोग र सुपरीवेक्षण गर्ने, र
- उत्पादनको बजार सुनिश्चित गर्नमा सहयोग गर्ने ।

सहकारीले आफ्ना सदस्यलाई उत्पादनमूलक क्रियाकलापमा संलग्न हुन आवश्यक पूँजी सहज रुपमा उपलब्ध गराउने, उत्पादित वस्तु सङ्कलन गरी परिमाणात्मक लाभ हुने गरी बिक्री वितरण गर्ने, सहकारीबाट नै उद्योग व्यवसाय सञ्चालन गर्ने, बजार अध्ययन गर्ने, विभिन्न तहका सरकारको प्राथमिकताका कार्यक्रम बारे सदस्यलाई जानकारी गराउने जस्ता कार्य मार्फत् स्थानीय आर्थिक विकासमा गतिप्रदायकको भूमिका निर्वाह गर्न सक्छन् । स्थानीय सरकारले सहकारीको नियमन गर्नुका साथै सहकारीका सदस्यको हित हुने गरी सहकारीसँग समन्वय र सहकार्यमा आर्थिक विकासमा महत्वपूर्ण सहयोग गर्न सक्दछन् ।

## १०. स्थानीय सरकारले सहकारी क्षेत्रमा गर्नुपर्ने कार्यहरू

स्थानीय सरकारले सम्बन्धित स्थानीय तहलाई कार्यक्षेत्र बनाइ सञ्चालनमा रहेका वार्षिक रु. २५ करोडसम्मको कारोबार गर्ने सहकारीको नियमन, अनुगमन र सुपरीवेक्षणको जिम्मेवारी सङ्घीय सहकारी ऐन, २०७४ ले स्थानीय तहलाई दिएको छ । सहकारी संस्थाको दर्ता, नवीकरण, अभिलेखन, मूल्याङ्कन, दण्ड तथा पुरस्कार जस्ता कार्य स्थानीय तहको हुन्छ । त्यसबाहेक स्थानीय तहले स्थानीय सहकारी नीति तथा कानुन बमोजिम निम्नानुसार कार्य गरी स्थानीय आर्थिक विकासमा सहकारीको योगदान बढाउनमा भूमिका खेल्न सक्छ ।

१. सहकारी नियमावली, २०७५ को नियम ११ अनुसार विषयक्षेत्रगत रुपमा सहकारी संस्थाको अभिलेख राखी उत्पादक, उपभोक्ता, वित्तीय, श्रमिक, बहुउद्देश्यीय जस्ता विषयगत क्षेत्र र संस्थाको कार्यक्षेत्रका आधारमा सहकारीको बेग्लाबेग्लै अभिलेख बनाइ स्थानीय आर्थिक विकास अन्तर्गत स्थानीय तहको प्राथमिकताका आधारमा सम्बन्धित विषयगत क्षेत्रका सहकारीको क्षमता विकास र सहकार्यलाई अघि बढाउने ।

२. बचतकर्ताको बचत सुरक्षा लगायत सहकारीका सदस्यको समग्र हितका लागि स्थानीय सरकारको तर्फबाट नियमित सम्वाद, सुपरीवेक्षण, अनुगमन तथा स्थानीय तह बाहेकका नियामक निकायसँगको समन्वय र सहकार्यलाई सहकारी क्षेत्रको नियमित कार्यको रुपमा अघि बढाउने ।

३. सबै सहकारीले आफ्ना सदस्यको विवरण, बचत तथा सापटीको अभिलेख, आफ्नो वित्तीय स्थिति समयबद्ध रुपमा अध्यावधिक गर्ने व्यवस्था मिलाउने तथा सहकारीहरूले कानुनी दायित्व पुरा गरे वा नगरको अभिलेख स्पष्टसँग राख्ने ।

४. उत्पादन सहकारीका लागि स्थानीय तहमा उत्पादन सम्भाव्यता, तुलनात्मक लाभ, स्थानीय तहको प्राथमिकता समेतका आधारमा कृषि र गैरकृषि वस्तुको उत्पादनका लागि स्थानीय तहको कृषि र उद्योग तर्फको कार्यक्रमबाट सम्बोधन गर्ने ।

५. सहकारीका सदस्यको आर्थिक हितका लागि सहकारीहरूले गरिरहेका कार्य तथा स्थानीय तहले जीविकोपार्जन सुधार तथा स्वरोजगारी प्रवर्धनका लागि गर्ने कामका बिचमा सामञ्जस्यता र परिपूरण हुने गरी कार्यान्वयन गर्न स्थानीय आर्थिक विकासको योजना तर्जुमाको क्रममा सहकारी संस्थाहरूसँग छलफल तथा परामर्श गर्ने ।

६. कृषि उत्पादन, कृषि उपजको सङ्कलन तथा बिक्री वितरण, चिस्यान केन्द्र, शीतभण्डार तथा भण्डार गृहका पूर्वाधारको सञ्चालन र व्यवस्थापनमा प्रतिस्पर्धाका आधारमा सहकारीको कार्यक्षेत्र र विषय समेत मिल्ने गरी जिम्मेवारी दिने ।

७. कृषि सहकारी सञ्चालनमा रहेका रहेका स्थानीय तहमा तिनको संस्थागत क्षमता, उत्पादन तथा बिक्री वितरण दक्षता, अनुभव जस्ता पक्षको विश्लेषण गरी स्थानीय तहबाट उपलब्ध गराइने पूँजीगत अनुदान सहकारी संस्थालाई उपलब्ध गराई कृषि औजार तथा उपकरणको सञ्चालन र व्यवस्थापनमा सम्बन्धित सहकारीलाई जिम्मेवार बनाउने तथा सहकारीमा आबद्ध कृषहहरूले न्यूनतम शुल्कमा त्यस्ता औजार तथा उपकरण प्रयोग गर्न पाउने व्यवस्थित विधि निर्धारण र कार्यान्वयन गर्ने ।

८. आर्थिक सचेतना र वित्तीय साक्षरता अभिवृद्धिका क्रियाकलाप सञ्चालन गर्ने ।

९. सहकारीको मूल्य, मान्यता र सिद्धान्तका बारेमा समुदायलाई सचेतना कक्षा, अभिमुखीकरण, सीप विकास तालिम आदि सञ्चालन गर्ने ।

१०. स्थानीय आर्थिक विकासका विभिन्न क्षेत्रमा केन्द्रित रहेर अन्तर्क्रिया र लगानी सम्वादहरू सहकार्यमा सञ्चालन गर्ने ।

# स्थानीय आर्थिक विकासको क्षमता विकास

## १. परिचय

स्थानीय तहले आर्थिक विकासका योजना बनाउने, कार्यान्वयन गर्ने, अनुगमन र मूल्याङ्कन गर्ने जस्ता कार्य गर्नुपर्ने हुन्छ। यस्ता कार्य गर्नका लागि अनुकूल नीति नियम र संस्थागत संरचना निर्माणका साथै जिम्मेवार जनप्रतिनिधि तथा कर्मचारीको क्षमता पनि आवश्यक पर्दछ। आर्थिक विकासको क्षमता अन्तर्गत सामन्यतयाः आर्थिक विकासमा काम गर्ने निकायमा कार्यरत मानव संशाधनको क्षमता विकासका कार्य पर्दछन्। यसबाहेक स्थानीय आर्थिक विकासमा भूमिका खेल्ने अन्य सरोकारवालाको क्षमता विकास पनि स्थानीय आर्थिक विकासका लागि आवश्यक हुन्छ।

स्थानीय सरकार, स्थानीय आर्थिक विकासमा सहजीकरण गर्ने सरकारी र गैरसरकारी क्षेत्रका गतिप्रदायक निकायहरू, कृषि, उद्योग वा सेवा क्षेत्रमा लगानी गर्ने साना लगानीकर्ता तथा उद्यमीहरू तथा स्वरोजगारीको विकल्प खोजिरहेका स्थानीयबासीका लागि आर्थिक विकासमा संलग्नता र सहभागिताका लागि बेग्लाबेग्लै क्षमता विकासका कार्यक्रम आवश्यक हुन्छ। व्यवसाय स्थापना र सञ्चालनका सीप विकास सम्बन्धी विषयमा सम्बन्धित अध्यायमा नै चर्चा गरिसकिएको छ। यस अध्यायमा स्थानीय सरकारका सम्बन्धित समिति वा शाखाको क्षमता विकासका कार्यक्रम बारे प्रकाश पारिएको छ।

स्थानीय आर्थिक विकासको क्षमता विकास अन्तर्गत आर्थिक विकास समिति तथा शाखाका लागि आवश्यक पर्ने आधारभूत तालिम र विषय क्षेत्रगत विशिष्टीकृत तालिम समावेश हुन्छन्। स्थानीय सरकारका सबै जिम्मेवार जनप्रतिनिधि र कर्मचारीमा आर्थिक विकासको आधारभूत प्रशिक्षण प्राप्त गर्नु उपयुक्त हुन्छ। विशिष्टीकृत तालिम भने सम्बन्धित शाखाका कर्मचारीलाई आवश्यकताका आधारमा उपलब्ध गराउनु पर्दछ।

## २. क्षमता विकासको आधारभूत तालिम

आधारभूत तालिममा आर्थिक विकासका क्षेत्र तथा उपक्षेत्र पहिचान, स्थानीय आर्थिक अवस्था विश्लेषण र स्थितिपत्र तयारी, आर्थिक विकास रणनीति तर्जुमा, आवधिक योजनामा आर्थिक विकासको खण्ड तयारी, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटमा आर्थिक विकासका सवाल समावेश गर्ने जस्ता विषय समेटिन्छ। त्यस अतिरिक्त सीप विकास, उद्यमशीलता विकास, स्टार्टअप, जीविकोपार्जन सुधार जस्ता आर्थिक विकासका कार्यक्रम सञ्चालन, व्यवसाय विकास सहयोग, आर्थिक विकासका कार्यक्रमको अनुगमन, मूल्याङ्कन जस्ता स्थानीय सरकारले आर्थिक विकासका कार्यक्रममा प्रभावकारिता ल्याउन आवश्यक सीप विकासमा केन्द्रित हुन्छ। आधारभूत तालिम सकेसम्म स्थानीय तहले आफैँ गर्नु उपयुक्त हुन्छ। यस्तो तालिममा सकेसम्म सिङ्गो कार्यपालिका र सबै शाखा प्रमुखलाई सहभागी गराउनु उपयुक्त हुन्छ।

### २.१. क्षमता विकासका चरणहरू

स्थानीय आर्थिक विकासको क्षमता विकास स्थानीय सरकारले सञ्चालन गर्ने संस्थागत क्षमता विकास तथा स्थानीय आर्थिक विकास अन्तर्गतका कार्यक्रम कार्यान्वयन गरिन्छ। स्थानीय आर्थिक विकासको आन्तरिक क्षमता विकासका कार्यक्रम सञ्चालनका लागि तलका चरण पार गर्नु आवश्यक छ।

क. स्थानीय आर्थिक विकासका प्राथमिकताको समीक्षा गर्ने।
ख. स्थानीय आर्थिक विकासका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सीप र क्षमता विश्लेषण गर्ने।
ग. स्थानीय कार्यपालिका अन्तर्गतका समिति, शाखा तथा इकाईमा रहेका जनशक्तिको क्षमता तथा अनुभवको लेखाजोखा।
घ. सीप र क्षमताको आवश्यकता र उपलब्धताका बिचको फरक पहिचान गर्ने।

ङ. क्षमतामा रहेका कमीका आधारमा क्षमता विकास योजना निर्माण गरी वार्षिक कार्यक्रम र बजेटमा समावेश गर्ने ।

च. विस्तृत क्षमता विकास कार्यक्रम कार्यान्वयन योजना र तालिका बनाई कार्यान्वयन गर्ने ।

**३. विशिष्टीकृत तालिमः** आर्थिक विकासका उपक्षेत्र, वस्तु, सेवा तथा खास समस्यामा केन्द्रित तालिमलाई विशिष्टीकृत तालिम भनिन्छ । व्यवसायिक केरा खेती, अलैंची उत्पादन प्रवर्धन, पर्यापर्यटन विकास जस्ता क्षेत्रको प्राविधिक पक्षमा केन्द्रित तालिम विशिष्टीकृत तालिमका उदाहरण हुन् । यस्तो तालिमलाई स्थानीय आवश्यकतामा आधारित रहेर अन्य स्थानीय तहसँगको साझेदारी, प्रदेश र राष्ट्रियस्तरका सीप विकास तथा प्रशिक्षण केन्द्र वा अन्तर्राष्ट्रिय रुपमा ख्यातिप्राप्त तालिम प्रदायक संस्थाबाट दिलाउन सकिन्छ । यस्तो प्रशिक्षणमा सहभागिताको विषयलाई स्थानीय तहले कर्मचारी उत्प्रेरणाको अमौद्रिक (सिधै पैसा नपाउने) माध्यमका रुपमा प्रयोग गर्न सक्छ ।

## ४. स्थानीय आर्थिक विकासको आधारभूत तालिमको योजना

स्थानीय तहले आर्थिक विकासलाई दिएको महत्व, विद्यमान संस्थागत क्षमता तथा अनुभव, नीति तथा कानुन जस्ता पक्षको विश्लेषण गरी स्थानीय सरकारले स्थानीय आर्थिक विकासको आधारभूत तालिम सञ्चालन गर्नुपर्ने हुन्छ । यहाँ प्रस्तुत तालिम योजनालाई आधार बनाएर स्थानीय आवश्यकता अनुसार परिमार्जन वा थपघट गरी आधारभूत तालिम सञ्चालन गर्न सकिन्छ ।

### तालिका २८ : तालिम योजना

| | |
|---|---|
| १. तालिमको नाम | स्थानीय आर्थिक विकास |
| २. तालिमको उद्देश्य | १. स्थानीय सरकारका संयन्त्रको आर्थिक विकास योजना तर्जुमा र कार्यान्वयनको दक्षता अभिवृद्धि गर्ने । |
| २. तालिमका सहभागीहरू | १. गाउँपालिका तथा नगरपालिकाका स्थानीय आर्थिक विकास शाखाका कर्मचारीहरू<br>२. सार्वजनिक निजी संवाद समितिका पदाधिकारीहरू<br>३. निजी क्षेत्रका प्रतिनिधिहरू |
| ३. तालिमको स्थान र मिति | |
| ४. तालिम अवधि | २ दिन |
| ५.सहभागी सङ्ख्याः | ३० जना |
| ६. तालिममा समावेश हुने विषयवस्तु | १. स्थानीय आर्थिक विकासको अवधारणा बारे जानकारी<br>२. कार्यक्रम तर्जुमा<br>३. रणनीतिक योजनाको निर्माण<br>४. सर्वेक्षण तयारी<br>५. सरोकारवाला पहिचान र नक्शांकन<br>६. कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| ७. तालिमको उपलब्धि | १. सहभागीहरूले स्थानीय आर्थिक विकासको अवधारणा बारेमा जानकारी प्राप्त गर्नेछन् ।<br>२. सहभागीहरूले स्थानीय आर्थिक सर्वेक्षण निर्माण गर्नेछन्<br>३. सहभागीहरूले स्थानीय आर्थिक विकास योजनाबारेमा जानकारी प्राप्त गर्नेछन्<br>४. सहभागीहरू स्थानीय आर्थिक विकास कार्यक्रम तर्जुमा सक्षम हुनेछन् । |

| | |
|---|---|
| ८. तालिमका मुख्य विषयहरू | १.स्थानीय आर्थिक विकास अवधारणा<br>२. स्थानीय आर्थिक विकासका सम्भागहरू<br>३. स्थानीय आर्थिक विकास सर्वेक्षण<br>४. स्थानीय आर्थिक विकास योजना<br>५. स्थानीय आर्थिक विकास कार्यक्रम तर्जुमा |
| ९.तालिम विधिहरू | १. प्रस्तुतिकरण विधि<br>२. समूह कार्य |

## ५. तालिमको विस्तृत तालिका

क्षमता विकासको आधारभूत तालिम कार्यान्वयन पूर्व विस्तृत एजेण्डा र कार्यतालिका तयार गर्नु पर्दछ। तलको तालिकामा आधारभूत तालिमका विषय सहितको नमुना प्रस्तुत गरिएको छ। यसलाई आवश्यकता अनुसार परिमार्जन गरी स्थानीय सरकारले क्षमता विकास तालिम सञ्चालन गर्न सक्छन्।

| तलिमका सत्रहरू | विषय | समय | विधि | स्रोत व्यक्ति |
|---|---|---|---|---|
| | | **पहिलो दिन** | | |
| १. परिचयात्मक सत्र | १. कार्यक्रमको परिचय<br>२. अपेक्षा सङ्कलन<br>३. पूर्व तालिम मूल्याङ्कन | १ घण्टा | शुभारम्भ मन्तव्य र उद्देश्यमाथि प्रकाश, पूर्वतालिम मूल्याङ्कन फारम भर्ने, मेटाकार्डमा अपेक्षा टिप्ने | |
| १. पहिलो सत्रः स्थानीय आर्थिक विकास बारे जानकारी | १. स्थानीय आर्थिक विकासको सिद्धान्त<br>२. नेपालमा स्थानीय आर्थिक विकास सम्बन्धी व्यवस्थाहरू<br>३. स्थानीय आर्थिक विकासका असल अभ्यास | ९० मिनेट | प्रस्तुति र प्रश्नोत्तर | |
| २. दोस्रो सत्रः स्थानीय आर्थिक विकास कार्यक्रमका सम्भागहरू | आर्थिक सशक्तीकरण | ९० मिनेट | प्रस्तुति र छलफल | |

| | | | | |
|---|---|---|---|---|
| ३. तेस्रो सत्रः स्थानीय आर्थिक विकासको रणनीतिक योजना | १. SWOT Analysis<br>२. PESTLE Analyis<br>३. स्थानीय आर्थिक विकास रणनीति तथा योजना निर्माण अभ्यास | ९० मिनेट | प्रस्तुति र छलफल | |
| ४. चौथो सत्रः स्थानीय आर्थिक विकासको रणनीतिक योजना | १. स्थानीय आर्थिक विकास रणनीति तथा योजना | ६० मिनेट | प्रस्तुति र छलफल | |
| **दोस्रो दिन** | | | | |
| ५. पाँचौ : स्थानीय आर्थिक विकासको रणनीतिक योजना | १. स्थानीय आर्थिक विकास रणनीति तथा योजना निर्माण अभ्यास | ९० मिनेट | समूह कार्य र प्रस्तुति | |
| ६. छैटौं सत्रः स्थानीय आर्थिक सर्वेक्षण | १. स्थानीय आर्थिक सर्वेक्षण | ६० मिनेट | प्रस्तुति र छलफल | |
| ७. सातौं सत्रः स्थानीय आर्थिक सर्वेक्षण | १. स्थानीय आर्थिक विकास सर्वेक्षण तयारी अभ्यास | ६० मिनेट | समूह कार्य र समूह प्रस्तुति | |
| ८.आठौं सत्रः सीप विकास | १. सीप विकासको अवधारणा र अभ्यास | ९० मिनेट | प्रस्तुति र छलफल | |
| ९. नौऔं सत्रः व्यवसाय विकास | १. स्टार्टअप र व्यवसाय विकासको अवधारणा र अभ्यास | ९० मिनेट | प्रस्तुति र छलफल | |
| **तेस्रो दिन** | | | | |
| १०. दशौं सत्रः विषयगत समितिको कार्य प्रभावकारिता | १. आर्थिक विकास समितिको जिम्मेवारी र जवाफदेहिता<br>२. आवधिक र रणनीतिक योजना तर्जुमा, मध्यमकालीन खर्च संरचना तयारी, वार्षिक विकास कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन | ९० मिनेट | प्रस्तुति र छलफल | |

| | | | | |
|---|---|---|---|---|
| ११. स्थानीय आर्थिक विकासको कार्ययोजना | शाखागत रुपमा आवधिक कार्ययोजना तयार गर्ने सीप | ९० मिनेट | समूह कार्य र समुह प्रस्तुति | |
| १२. समापन सत्र | अन्तिम मूल्याङ्कन<br>प्रमाणपत्र वितरण<br>समापन मन्तव्य | ६० मिनेट | अन्तिम मूल्याङ्कन फारम भर्ने, सहभागी र स्थानीय सरकारको नेतृत्वको मन्तव्य | |

## ६. तालिम सञ्चालन

तालिमका लागि एकजना संयोजक तोकिनु पर्दछ । स्रोत सामग्री, हल, स्रोतव्यक्ति छनोट र सञ्चार जस्ता कार्यको समन्वय र व्यवस्थापन संयोजकले गर्नु पर्दछ । तालिमका क्रममा प्रयोग गरिने सामग्रीका बारे प्रमुख सहजकर्ताले आयोजकलाई पूर्व जानकारी दिनु पर्दछ भने तालिम सञ्चालनका क्रममा तय गरिने आचारसंहिता, सभाध्यक्ष, समय सूचक तथा प्रतिवेदक छनोट र जिम्मेवारी प्रदान गर्ने जस्ता कार्य सहजकर्ताले गर्नु पर्दछ । तीन दिनको प्रशिक्षणमा मनोरञ्जनात्मक क्रियाकलाप, एकभन्दा बढी स्थानीय तह र निजी क्षेत्र समेत सहभागी कार्यक्रममा सहकार्य सञ्जाल निर्माण अभ्यास आदि पनि समावेश गर्नु पर्दछ । एकभन्दा बढी स्थानीय तह सहभागी कार्यक्रम भने आवासीय रुपमा सञ्चालन गर्नु उपयुक्त हुन्छ ।

## ७. तालिमको प्रभावकारिता मापन

स्थानीय सरकारका आर्थिक विकासमा क्रियाशील संयन्त्रका लागि सञ्चालन गरिने क्षमता विकास तालिमको प्रभावकारिता मापन २ चरणमा गर्नु आवश्यक छ ।

**पहिलो चरण**

यो चरण अन्तर्गत प्रशिक्षणको प्राविधिक सत्रहरू सुरु गर्नुअघि विषयवस्तुको ज्ञान र सीप मापनका लागि मापनयोग्य सूचक वा प्रश्नावलीका आधारमा पूर्व तालिम मूल्याङ्कन गरिन्छ । तिनै प्रश्नका आधारमा तालिम पछिको मूल्याङ्कन पनि गरिन्छ ।  तालिमको प्रारम्भ र समापनको समयमा गरिने मूल्याङ्कनमा प्राप्त औसत अंकका आधारमा तालिमको प्रभावकारिता मापन गर्न सकिन्छ । त्यसबाहेक तालिमका दौरान गरिने अभ्यास र समूहकार्यको निचोड र प्रस्तुतिकरण, सहभागीहरूको मन्तव्य, अपेक्षा सङ्कलनका क्रममा लिखित रुपमा व्यक्त अपेक्षा र कार्यक्रम समापनको समयमा सिकाइ बारेको उपलब्धि, दैनिक प्रतिवेदन तथा तालिकाको समग्र प्रतिवेदनका आधारमा पनि प्रभावकारिता जाँच गर्न सकिन्छ ।

**दोस्रो चरण**

यो चरणमा प्रशिक्षण सञ्चालन गर्ने टोलीले नभइ स्थानीय सरकारको नेतृत्व तहबाट तालिम पछि योजना तर्जुमा र कार्यान्वयनमा सकारात्मक प्रभाव परे वा नपरेको मूल्याङ्कन गरिन्छ । यसको प्रभाव स्थानीय तहभित्रै वा समुदाय स्तरसम्म पनि देखिन सक्छ । त्यसका लागि मापनयोग्य सूचक बनाइ प्रमुख प्रशासकीय अधिकृत सहितको सहभागितामा प्रभावकारिता मापन गर्नुपर्ने हुन्छ । योजना तर्जुमा र कार्यान्वयनमा संलग्न पक्षको धारणा वा अनुभवका आधारमा पनि तालिमको प्रभावकारिता बारे निष्कर्ष निकाल्न सहज हुन्छ ।

# स्थानीय आर्थिक विकास रणनीति निर्माण

## १. परिचय

यसअघि चर्चा गरिए जस्तै स्थानीय आर्थिक विकास सानो भौगोलिक क्षेत्रमा केन्द्रित र सहभागितामूलक विकास प्रक्रिया हो । यसमा स्थानीय सरकार, निजी क्षेत्र, समुदाय लगायतका सरोकारवालाका बिचमा सहकार्य रहन्छ । स्थानीय आर्थिक विकासका कामहरू स्थानीय तहमा आर्थिक गतिविधि बढाउन तथा आय र रोजागरीका अवसर बिस्तार गरी स्थानीयबासीको जीवनस्तर सुधारमा केन्द्रित हुन्छ । स्थानीय आर्थिक विकासका लागि सम्भाव्य अवसर पहिचान त्यस्ता अवसरलाई समुदायको आर्थिक सामाजिक हितमा उपयोग गर्नसक्ने क्षमता आवश्यक पर्दछ । स्थानीय आर्थिक विकासका समस्या समाधान गर्न र चुनौती सामना गर्नका लागि सरकार, निजी क्षेत्र, गैरसरकारी संस्था र समुदायका बिचमा भरपर्दो समन्वय र साझेदारी आवश्यक पर्दछ । स्थानीय आर्थिक विकास रणनीतिले त्यस्तो साझेदारी निर्माणको आधार प्रदान गर्दछ । यसले तुलनात्मक लाभका क्षेत्र पहिचान गर्न, त्यस्ता क्षेत्रमा केन्द्रित रहेर स्थानीय सरोकारवाला बिचमा सहकार्यको विधि तय गर्न र सामूहिक प्रयासबाट स्थानीय आर्थिक विकासका अपेक्षा तथा उद्देश्य हासिल गर्न र समस्या समाधानका व्यवहारिक विधि प्रस्तुत गर्छ ।

## २. स्थानीय आर्थिक विकास रणनीति तर्जुमा प्रक्रिया

स्थानीय आर्थिक विकास एक सहभागितामूलक प्रक्रिया हो । त्यसैले आर्थिक विकास रणनीतिमा सम्बन्धित सबै सरोकारवालाको अपनत्व हुनु आवश्यक हुन्छ । यसका लागि रणनीति तर्जुमाका सबै प्रक्रिया सहभागितामूलक हुनु आवश्यक छ । सहभागितामूलक स्थानीय आर्थिक विकास रणनीति तयारीका लागि निम्न चरण अवलम्बन गर्नु आवश्यक हुन्छ ।

क. वस्तुस्थिति विश्लेषण : स्थानीय आर्थिक विकास रणनीति तर्जुमाको कार्य प्रारम्भ गर्नुअघि स्थानीय अर्थतन्त्र, विद्यमान आर्थिक क्रियाकलाप, स्थानीय सरकारले आर्थिक विकासका लागि विगतमा गरेका प्रयासहरू, स्थानीय सरकारको नीति र प्राथमिकता, बेरोजगारी र गरिबीको अवस्था, प्राकृतिक स्रोत, जनसांख्यिक अवस्था लगायतका विषय समावेश हुने वस्तुस्थिति विवरण तयार गर्नु पर्दछ । स्थानीय आर्थिक सर्वेक्षणले पनि त्यसका लागि सहयोग गर्न सक्छन् ।

ख. सरोकारवाला नक्साङ्कन : वस्तुस्थिति विवरणलाई आधार बनाएर स्थानीय आर्थिक विकासमा प्रत्यक्ष र परोक्ष प्रभाव पार्ने तथा आर्थिक गतिविधिमा संलग्न निजी क्षेत्र, समुदाय र गैरसरकारी संस्था सहितको सहभागितामा प्रारम्भिक अन्तर्क्रिया गर्नु पर्दछ। अन्तर्क्रियाका क्रममा स्थानीय आर्थिक विकासमा भूमिका, आर्थिक क्रियाकलापमा संलग्नता, उद्योग व्यवसायको किसिम र भौगोलिक क्षेत्र जस्ता पक्षका आधारमा सरोकारवालाको नक्सांकन गर्नु पर्दछ ।

ग. वातावरणीय विश्लेषण : सरोकारवाला नक्सांकनका क्रममा पहिचान भएका स्थानीय आर्थिक विकासका सरोकारवालालाई आमन्त्रण गरी सहभागितामूलक रुपमा वातावरणीय विश्लेषण गर्नु पर्दछ। यसक्रममा स्थानीय आर्थिक विकासका सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीको समूहगत रुपमा विश्लेषण गरी सहभागी सबैको पृष्ठपोषण लिएर अन्तिम रुप दिनु पर्दछ। यसलाई SWOT Analysis पनि भनिन्छ । यस्तो विश्लेषण गर्दा समग्रता र विषय क्षेत्रगत रुपमा पनि गर्नु पर्दछ। वातावरणीय विश्लेषणमा निम्न विषय समावेश गरिन्छ ।

*आन्तरिक वातावरणीय विश्लेषण:* स्थानीय अर्थतन्त्रलाई आधार बनाएर आन्तरिक वातावरणको विश्लेषण गरिन्छ । यसक्रममा स्थानीय नीति तथा कानुन, आर्थिक विकासका लागि सहयोगी पूर्वाधारको उपलब्धता, दक्ष जनशक्तिको उपलब्धता, विद्यमान लगानी र स्थानीय लगानीकर्तासँग लगानीयोग्य पूँजीको उपलब्धता,

उद्यमशीलता विकासको स्तर र अनुभव, उद्योग व्यवसायका लागि आवश्यक कच्चा पदार्थ, स्थानीय उत्पादन, स्थानीय बजार जस्ता स्थानीय अर्थतन्त्रका आन्तरिक पक्षका आधारमा सबल र कमजोर पक्ष विश्लेषण गरिन्छ ।

बाह्य वातावरणीय विश्लेषणः स्थानीय तह र स्थानीय अर्थतन्त्र बाहिरबाट स्थानीय आर्थिक विकासमा प्रभाव पर्ने तत्वहरूलाई बाह्य वातावरणीय विश्लेषणका क्रममा लेखाजोखा गरिन्छ । जसमा अन्य तहका सरकारको आर्थिक विकासका नीति तथा प्राथमिकता, कानुनी प्रबन्ध, राजनीतिक व्यवस्था र राजनीतिक दलको दृष्टिकोण, उद्योग व्यवसाय गर्नका लागि उपलब्ध हुन सक्ने संस्थागत सहयोग, देशभित्र आर्थिक विकासका पूर्वाधार र सेवामा भइरहेको लगानी, स्थानीय तहबाहेक आन्तरिक र बाह्य बजार, सीप र प्रविधिको विकासको स्तर, बैंक तथा वित्तीय संस्थाबाट लगानीका लागि कर्जा प्राप्तिमा सहजता तथा ब्याजदर तथा संस्थागत सहयोग जस्ता विषयको सूक्ष्म विश्लेषणबाट आर्थिक विकासका लागि उपलब्ध अवसर र चुनौती पहिचान गरिन्छ ।

**तालिका : वातावरणीय विश्लेषणबाट देखिने सबल तथा कमजोर पक्ष र अवसर तथा चुनौतीको नमुना**

| सबल पक्ष | कमजोर पक्ष |
|---|---|
| • अन्य क्षेत्रमा नपाइने कच्चा पदार्थको उपलब्धता<br>• स्थानीय भाषा, कला, संस्कृति, प्राकृतिक सौन्दर्य आदिका आधारमा पर्यटन क्षेत्रमा रहेको तुलनात्मक लाभ<br>• कृषियोग्य जमिनको संरक्षण भइरहेको, सबै याममा खेती गर्नका लागि पर्याप्त पानीको स्रोत उपलब्ध रहेको<br>• पशुपालनका लागि चरन क्षेत्रको उपलब्धता, पशुपालनका लागि उपयुक्त जलवायु<br>• आर्थिक विकासमा सहयोगी पूर्वाधारको उपलब्धता (सिंचाइ, चिस्यान केन्द्र, शीतभण्डार आदि)<br>• काम गर्ने उमेरको श्रम शक्तिको पर्याप्त उपलब्धता<br>• स्थानीय सरकारको उद्योग व्यवसाय प्रवर्धनका लागि जारी गरेका अनुकूल नीति तथा कानुन र कार्यक्रमहरू<br>• जनसङ्ख्या र बजारको उपलब्धताका कारण लघु, घरेलु तथा साना उद्योग र व्यवसायका उत्पादन स्थानीय स्तरमा नै खपत भइरहेको अवस्था | • स्थानीय तहबाट बैदेशिक रोजगारी र बसाईंसराईका कारण श्रम शक्तिको उपलब्धता र बजारमा आएको सङ्कुचन<br>• स्थानीय भाषा, कला र संस्कृति संरक्षण हुन नसकिरहेको<br>• कृषियोग्य जमिन बाँझो भइरहेको, कृषि कार्यमा घट्दो आकर्षण<br>• ढुवानीको समस्या, बजारीकरणको कमजोरीका कारणले स्थानीय फलफूल तथा तरकारी स्थानीय बजारसम्म पुग्न नसकिरहेको<br>• चिस्यान केन्द्र, शीतभण्डार, फोहोर प्रशोधन केन्द्र जस्ता पूर्वाधार उपयोगमा आउन नसकेको<br>• होटल, रेष्टुरेन्ट लगायत पर्यटन व्यवसाय तथा स्थानीय स्तरमा उपलब्ध प्रशोधन उद्योगका लागि चाहिने दक्ष कामदारको अभाव<br>• स्थानीय सरकारको राजस्व नीति उद्योग व्यवसायका लागि अनुकूल नरहेको<br>• उद्योग व्यवसायमा महिला सहभागिता कमजोर रहेको<br>• स्थानीय सहकारीबाट उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह नभइरहेको |
| **अवसरहरू** | **चुनौतीहरू** |
| • अन्तर-स्थानीय तह समन्वयमा स्थानीय कच्चा पदार्थमा आधारित कृषि प्रशोधन उद्योग स्थापनाको वातावरण निर्माण गर्न सकिने | • कच्चा पदार्थ, श्रम शक्तिको उपलब्धता र समुदायको सहयोगको प्रत्याभूति दिलाइ उद्योग |

| | |
|---|---|
| • सङ्घीय र प्रदेश सरकारको लगानीमा विस्तार भइरहेको सडक सञ्जालको उपयोग गरी स्थानीय उत्पादनलाई बाह्य बजारमा प्रतिस्पर्धी मूल्यमा बिक्री वितरण गर्न सकिने<br>• नजिकको स्थानीय तहमा स्थापना भएको शीतभण्डारलाई स्थानीय फलफूल, तरकारी जस्ता कृषि उत्पादनको भण्डारणमा उपायोग गर्न सकिने<br>• स्थानीय तहमा रहेका पर्यटकीय गन्तव्यलाई अन्य स्थानीय तहका पर्यटकीय गन्तव्यसँग आबद्ध गर्न सकिने<br>• सङ्घीय र प्रदेश तहमा सञ्चालनमा रहेका सीप विकास केन्द्रसँगको समन्वयमा स्थानीय स्तरमा आवश्यक जनशक्ति विकास गर्न सकिने<br>• नवीन सोच र प्रविधिमा आधारित स्टार्टअपको अवधारणालाई सङ्घीय सरकारको स्टार्टअप अनुदान तथा कर्जा कार्यक्रमसँग आबद्ध गर्न सकिने । | क्षेत्रमा लगानीका लागि विश्वसनीय वातावरण निर्माण गर्ने<br>• स्थानीय कृषि तथा गैरकृषि उत्पादनलाई प्रतिस्पर्धी बनाउने गरी उत्पादन, ढुवानी र वितरणको लागत न्यूनीकरण गर्ने<br>• स्थानीय स्तरमा निर्माण भएका शीतभण्डार लगायतका आर्थिक पूर्वाधारको उपयोग गर्ने<br>• कृषि बिमा लगायत सरकारका प्रवर्धनात्मक कार्यक्रममा सहभागिता बढाउने<br>• सीप विकासका कार्यक्रमलाई रोजागारी र स्वरोजगारीका विकल्पमा आवद्ध गर्ने<br>• देशभित्र र बाहिर उपलब्ध रहेका रोजगारीका अवसरका लागि युवाहरू बाहिरिने क्रम रोकेर स्थानीय स्तरमा नै  स्वरोजगारीका विकल्पमा सहभागी गराउने । |

आर्थिक विकास रणनीति निर्माण गर्दा स्थानीय स्तरमा रहेको सबल पक्षको उपयोग गरी उपलब्ध अवसरहरूको सदुपयोग गर्ने कुरामा ध्यान दिनु आवश्यक छ । त्यसक्रममा स्थानीय सरकार मात्र नभइ निजी क्षेत्र, सहकारी, समुदाय लगायतका सरोकारवालाका सबल र कमजोर पक्ष एवं साझा चुनौती र अवसरको पहिचान गरिनु पर्दछ ।

## ४. सोच र दिर्घकालीन लक्ष्य निर्धारण

स्थानीय अर्थतन्त्र र आर्थिक गतिविधिको लेखाजोखा र वातावरणीय विश्लेषण पछि स्थानीय आर्थिक विकास रणनीति तयारीको कार्य अघि बढाउनु पर्दछ । रणनीतिमा मुलतः सोच तथा दिर्घकालीन लक्ष्य, मध्यकालीन लक्ष्य तथा उद्देश्य, रणनीति, कार्यक्रम र कार्ययोजना समावेश हुन्छ । सोच र दिर्घकालीन लक्ष्यले आर्थिक विकास रणनीतिलाई मार्गदर्शन गर्छ । सामान्यतया केही दशक पछिको परिकल्पना नै सोच हो । स्थानीय आर्थिक विकास रणनीति निर्माणका क्रममा तय गरिने सोचले स्थानीय तहको आर्थिक गन्तव्य झल्काउनु त्यस्तो सोच प्राप्तिका लागि हासिल हुनुपर्ने प्रमुख उपलब्धिलाई दिर्घकालीन लक्ष्य भनिन्छ। सोच र दिर्घकालीन लक्ष्य हासिल गर्ने क्रममा रणनीति कार्यान्वियनबाट प्राप्त हुने प्रमुख परिमाणात्मक लक्ष्यहरू पनि निर्धारण गर्नु आवश्यक छ ।

आर्थिक विकास रणनीति निर्माणमा वातावरणीय विश्लेषण अघि नै सोच तथा दिर्घकालीन लक्ष्य निर्धारण गर्ने प्रचलन पनि छ । स्थानीय आर्थिक विकासका सम्भावनाका बारेमा पर्याप्त अध्ययन गरेपछि मात्र यो कार्य गर्दा कार्यान्वयनयोग्य रणनीति निर्माणलाई मार्गदर्शन गर्न सहज हुन्छ । स्थानीय आर्थिक विकास रणनीति सहभागितामूलक विधिबाट निर्माण गरिन्छ । जसमा स्थानीय तहको राजनीतिक नेतृत्व र त्यहाँ क्रियाशील राजनीतिक दलको आर्थिक विकासको दृष्टिकोण पनि प्रतिविम्बित हुने गरी स्थानीय आर्थिक विकासको सोच निर्धारण गरेमा रणनीति कार्यान्वयन सहज हुन्छ । सोच तय गर्नका लागि स्थानीय सरकार सहित स्थानीय आर्थिक विकासमा सरोकार राख्ने सरोकारवाालहरूको प्रतिनिधिमूलक सहभागिता रहने गरी कार्यशाला आयोजना गर्ने तथा सर्वसहमतिले सोच निर्धारण गर्नु पर्दछ। सोच निर्धारणका क्रममा उक्त सोच

हासिल भएका मापन गर्नसक्ने सूचक सहितको बृहत्तर वा दिर्घकालीन लक्ष्यहरू निर्धारण गरिनु पर्दछ । कतिपय अवस्थामा स्थानीय तहको आवधिक वा बृहद योजनाले तय गरेका सोच तथा दिर्घकालीन लक्ष्य अन्तर्गत आर्थिक विकाससँग सम्बन्धित विषयलाई रणनीतिको दिर्घकालीन लक्ष्य राख्नु उपयुक्त हुन्छ। यसबाट स्थानीय तहको समग्र योजना र आर्थिक विकास रणनीतिका बिच सामञ्जस्यता कायम हुन्छ ।

**तालिकाः सोच र दिर्घकालीन लक्ष्यका केही उदाहरण**

| **सोच** | **दिर्घकालीन लक्ष्य** |
|---|---|
| पर्यटकीय गाउँ | १. पर्यटकीय पूर्वाधार र सेवाको विकास विस्तार<br>२. गुणस्तरीय र पहुँचयोग्य पर्यटकीय सेवाको उपलब्धता<br>३. पर्यटन केन्द्रित आर्थिक क्रियाकलापमा स्थानीयको संलग्नता<br>४. आन्तरिक र बाह्य पर्यटक आगमन सङ्ख्या, बसाइ दिन र खर्चको अभ्यास सहित दिगो पर्यटन विकास |
| उत्पादनशील नगर | १. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि<br>२. उद्योग क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि<br>३. कृषि र उद्योग क्षेत्रको आकर्षक रोजगारीका क्षेत्रका रुपमा विकास |
| समुन्नत नगर | १.स्थानीयबासीको गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको पहुँचयोग्यता विस्तार<br>२.स्थानीय तहमा गुणस्तरीय रोजगारीको विकल्पको उपलब्धता |

दिर्घकालीन लक्ष्यलाई आधार बनाएर हरेक लक्ष्य अन्तर्गतको परिमाणात्मक लक्ष्य निर्धारण गरिनु पर्दछ । परिमाणात्मक लक्ष्यलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ। यद्यपि लक्ष्यहरू दिर्घकालीन लक्ष्य हासिल गर्नमा केन्द्रित हुनु पर्दछ ।

| **सूचक** | **इकाई** | **आधार वर्ष** | **मध्यकालीन लक्ष्य** | **अन्तिम वर्षको लक्ष्य** |
|---|---|---|---|---|
| उद्योग व्यवसायलाई आम्दानीको प्रमुख स्रोत बनाउने परिवार | प्रतिशत | | | |
| अनुमानित बेरोजगारी दर | प्रतिशत | | | |
| दर्ता भइ सञ्चालनमा रहेका उद्योग व्यवसाय सङ्ख्या | सङ्ख्या | | | |
| औसत वार्षिक पर्यटक आगमन | सङ्ख्या | | | |
| व्यवसायिक कृषि तथा पशु फर्म | सङ्ख्या | | | |
| कृषि तथा पशु फर्ममा प्रति फर्म औसत रोजगारी | सङ्ख्या | | | |
| बाह्य रोजगारीबाट फर्किएर उद्यम व्यवसायमा आबद्ध व्यक्ति | सङ्ख्या | | | |
| सार्वजनिक, निजी, साझेदारीमा सञ्चालित आर्थिक पूर्वाधार आयोजना सङ्ख्या | सङ्ख्या | | | |
| नगरपालिका क्षेत्रमा सञ्चालन स्थानीय कच्चा पदार्थमा आधारित उद्योग | सङ्ख्या | | | |
| रु...... करोड माथिका खाद्य प्रशोधन उद्योग | | | | |
| पर्यटकस्तरका होटल | सङ्ख्या | | | |
| वार्षिक बाह्य पर्यटक आगमन | सङ्ख्या | | | |
| पर्यटकको औसत बसाई | दिन | | | |
| पर्यटकको औसत खर्च | रु. | | | |

## ५. रणनीतिक उद्देश्य, रणनीति र कार्ययोजना

सोच र दिर्घकालीन लक्ष्य निर्धारण गरिसकेपछि सोसँग प्रत्यक्ष सम्बन्धित हुने गरी रणनीतिक उद्देश्य निर्धारण गरिन्छ । ती उद्देश्य हासिल गर्नका लागि अघि सारिने प्रमुख रणनीति, कार्यक्रम तथा क्रियाकलाप समेटेर स्थानीय आर्थिक विकास रणनीतिको विस्तृत दस्तावेज तयार गरिन्छ । त्यसका लागि निम्न प्रक्रिया पुरा गर्नु आवश्यक छ ।

१. आर्थिक विकास अन्तर्गत स्थानीय तहका लागि सान्दर्भिक क्षेत्र अनुसारका प्रमुख आर्थिक गतिविधिको सङ्क्षिप्त विवरण तयारी
२. हरेक क्षेत्र अन्तर्गत सरोकारवाला छलफल, जानिफकार अन्तर्वार्ता र केन्द्रित समूह छलफलका मुख्य विषय छनोट
३. उल्लिखित तथ्याङ्क सङ्कलनका लागि एजेण्डा, जाँचसूची (चेक लिष्ट) र अन्तर्वाता प्रश्नावली तयारी
३. तथ्याङ्क सङ्कलनका विधिहरूको कार्यान्वयन
४. सूचनाको व्यवस्थित अभिलेखन र विश्लेषण
५. विश्लेषणमा आधारित रहेर रणनीतिक उद्देश्य र रणनीति तथा कार्ययोजना तयारी

यी प्रक्रियामा समावेश विधि कार्यान्वयनका क्रममा प्रारम्भिक रुपमा गरिएको वातावरणीय विश्लेषण तथा परिमाणात्मक लक्ष्यहरूमा केही परिवर्तन पनि हुन सक्छन् । आर्थिक विकास रणनीति तय गर्ने क्रममा कृषि, उद्योग, आर्थिक पूर्वाधार, पर्यटन आदि सान्दर्भिक क्षेत्र पहिचान गरिएको हुन्छ । पहिचान गरिएका हरेक क्षेत्रको रणनीतिक उद्देश्य र रणनीति तय गर्नु पर्दछ । प्रत्येक रणनीति अन्तर्गतका कार्यक्रम तथा कार्ययोजना तयार गरिन्छ । यस्तो कार्ययोजना अन्तर्गतका क्रियाकलाप कार्यान्वयनको जिम्मेवारी पनि स्पष्ट गर्नु पर्दछ । कार्ययोजनामा हरेक रणनीति अन्तर्गत कार्यान्वयन गरिने क्रियाकलाप, कार्यान्वयनको समयावधि, कार्यान्वयनको जिम्मेवारी तथा कार्यान्वयनको र प्रगति सूचक उल्लेख गर्नु आवश्यक हुन्छ । रणनीति तथा कार्ययोजनाको नमुना प्रारुप तल प्रस्तुत छ ।

**तालिका : स्थानीय आर्थिक विकासको रणनीतिक उद्देश्य, रणनीति र कार्ययोजनाको प्रारुप**

| क्रियाकलाप | प्रगति सूचक | स्रोत | समय | प्रमुख जिम्मेवारी | सहायक जिम्मेवारी | अनुमानित लागत |
|---|---|---|---|---|---|---|
| **रणनीतिक उद्देश्य १** :<br>**उपलब्धि सूचक** :<br>**रणनीति १ :** | | | | | | |
| रणनीति १ अन्तर्गत कार्यान्वयन गरिने क्रियाकलाप | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| **रणनीति २ :** | | | | | | |
| रणनीति २ अन्तर्गत कार्यान्वयन गरिने क्रियाकलाप | | | | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

रणनीतिक उद्देश्य एक वा सोभन्दा बढी र हरेक उद्देश्य अन्तर्गत एक वा बढी रणनीति हुन सक्छन् । एउटा रणनीतिक उद्देश्य अन्तर्गत एकभन्दा बढी रणनीति भएको अवस्थामा हरेक रणनीति अन्तर्गतका क्रियाकलाप बेग्लाबेग्लै प्रस्तुत गर्नु पर्दछ । रणनीतिक उद्देश्य, रणनीति र क्रियाकलाप निर्धारण गर्नु पर्दछ । ती क्रियाकलाप कार्यान्वयनमा भएको प्रगति पनि मापनयोग्य हुनु पर्दछ । त्यसका लागि हरेक क्रियाकलापको प्रगति सूचक

निर्धारण हुनु पर्दछ । क्रियाकलाप स्पष्ट रुपमा परिभाषित हुनु पर्दछ । सामान्यतया, हरेक क्रियाकलाप कार्यान्वयनको लागत नराखेर पनि रणनीति तयार गर्न सकिन्छ तर रणनीति कार्यान्वयनको कुल लागत अनुमान गर्न सजिलो बनाउनका लागि लागत पनि उल्लेख गर्नु उपयुक्त हुन्छ। कार्ययोजनाको मस्यौदा माथि नागरिकहरूको सुझावका लागि सार्वजनिक गर्ने तथा सुनुवाई गर्ने जस्ता विधि अवलम्बन गरेर प्रमाणीकरण कार्यशालाबाट अन्तिम रुप दिइन्छ ।

## ६. अनुगमन र मूल्याङ्कन

आर्थिक विकास रणनीति कार्यान्वयनको अनुगमन तथा उपलब्धिको मूल्याङ्कनका लागि अनुगमन तथा मूल्याङ्कन योजना बनाउनु पर्दछ। अनुगमन तथा मूल्याङ्कन योजना आर्थिक विकास रणनीतिकै अभिन्न भागको रुपमा रहन्छ । यस खण्डमा अनुगमन र मूल्याङ्कनका सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कनको समय, लिने प्रमाण र जिम्मेवार निकाय किटान गरिएको हुन्छ। सामान्य तया कार्ययोजनामा उल्लिखित प्रगति सूचकलाई नै अनुगमन तथा मूल्याङ्कन सूचक बनाइनु पर्दछ। अनुगमन तथा मूल्याङ्कन योजनाको नमुना प्रारुप तल प्रस्तुत छ।

| सूचक (नतिजा) | सूचनाको स्रोत | अनुगमन /प्रगति मापनको समय | जिम्मेवारी |
|---|---|---|---|
| **रणनीतिक उद्देश्य** : | | | |
| **उपलब्धि सूचक** : | | | |
| **प्रगति सूचकहरू** | | | |
| रणनीति १ : | | | |
| प्रगति सूचक १ | | | |
| प्रगति सूचक २ | | | |
| प्रगति सूचक ३ | | | |

## ७. आर्थिक विकास रणनीति निर्माणमा नागरिक संलग्नता

स्थानीय सरकारका हरेक निर्णय सहभागितामुलक हुनु पर्दछ। आर्थिक विकास रणनीति कार्यान्वयनमा पनि स्थानीय सरकार भन्दा अन्य पक्षको बढी भूमिका हुने भएकोले सबैको अपनत्व हुने गरी सहभागिता र सुनुवाइको विधि निर्धारण गर्नु आवश्यक छ।

आर्थिक विकास रणनीति तय गर्दा सरोकारवालाका बिच लक्षित समूह छलफल, जानिफकार अन्तवार्ता र परामर्श बैठक जस्ता विधि अवलम्बन गर्नु पर्दछ। यसक्रममा प्राप्त सुझावका आधारमा मात्र रणनीतिक उद्देश्य, प्रमुख रणनीति र कार्ययोजना तयार हुन्छ। तयारीको क्रममा पनि नागरिक संघसंस्था तथा निजी क्षेत्रको प्रतिनिधिमूलक सहभागिता आवश्यक हुन्छ। तयार भइसकेको कार्ययोजनालाई सरोकारवाला बैठकमा पुनः प्रस्तुत गरेर सुझाव लिएपछि मात्र स्थानीय कार्यपालिकाले आर्थिक विकास रणनीति पारित गरी जारी गर्नु पर्दछ।

## ८. स्थानीय आर्थिक विकास रणनीति निर्माणका क्रममा ध्यान दिनुपर्ने विषयहरू

दिगो आर्थिक र समावेशी वृद्धि, आर्थिक विकास, आय र रोजगारीका अवसरमा महिला, दलित, बिपन्न परिवार, अपाङ्गता भएका व्यक्ति लगायत अतिरिक्त सहजीकरण आवश्यक पर्ने वर्ग र समुदायको पहुँच, विभिन्न तहका सरकारले सञ्चालन गर्ने आयमुलक कार्यक्रम तथा अवसरको पहुँचयोग्यता, सामूहिक रुपमा सञ्चालन गरिने आर्थिक गतिविधिबाट प्राप्त प्रतिफलको न्यायपूर्ण वितरण जस्ता पक्षलाई स्थानीय आर्थिक

विकास रणनीति निर्माणको सबै चरणमा पर्याप्त ध्यान दिनु आवश्यक छ । त्यसबाहेक नेपालको सन्दर्भमा सङ्घीय सरकारको आवधिक योजनाले निर्धारण गरे अनुसार आर्थिक विकासका रणनीति स्तम्भ, सूचक तथा परिमाणात्मक लक्ष्यहरू, प्रदेश सरकारले आर्थिक विकासमा लिएका नीति तथा प्राथमिकता, दिगो विकास लक्ष्य, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन जस्ता पक्षलाई हरेक रणनीति र कार्ययोजनामा समेट्नु पर्दछ ।

## अनुसूची-१

स्थानीय आर्थिक विकास शाखाका कार्यविवरणमा समेट्न सकिने विषय

| | |
|---|---|
| • आर्थिक सचेतना केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी कार्यहरू<br>• आर्थिक सशक्तीकरण सम्बन्धी कार्यहरू<br>• आर्थिक सामाजिक परिचालन सम्बन्धी कार्यहरू<br>• उद्यमशीलता विकास सम्बन्धी कार्यहरू<br>• उद्योग विकास सम्बन्धी कार्यहरू<br>• एक स्थानीय तह एक उत्पादन सम्बन्धी कार्यहरू<br>• औद्योगिक तथ्याङ्क सम्बन्धी कार्यहरू<br>• औद्योगिक प्रविधि प्रवर्धन सम्बन्धी कार्यहरू<br>• औद्योगिक सहजीकरण सम्बन्धी कार्यहरू<br>• क्लस्टरमा आधारित विकास सम्बन्धी कार्यहरू<br>• जीविकोपार्जन सुधार सम्बन्धी कार्यहरू<br>• बजार प्रवर्धन सम्बन्धी कार्यहरू<br>• मूल्य शृङ्खला वृद्धि सम्बन्धी कार्यहरू<br>• लगानी प्रवर्धन सम्बन्धी कार्यहरू<br>• लघु घरेलु साना उद्योगको प्रवर्धन | • वित्तीय साक्षरता सम्बन्धी कार्यहरू<br>• विशिष्टीकृत वस्तु उत्पादन सम्बन्धी कार्यहरू<br>• व्यवसाय सर्वेक्षण सम्बन्धी कार्यहरू<br>• साझा सुविधा केन्द्रको स्थापना सम्बन्धी कार्यहरू<br>• सार्वजनिक निजी संवाद सम्बन्धी कार्यहरू<br>• सीप विकास सम्बन्धी कार्यहरू<br>• स्थानीय आर्थिक पूर्वाधार निर्माण सम्बन्धी कार्यहरू<br>• स्थानीय आर्थिक विकास सूचकाङ्क सम्बन्धी कार्यहरू<br>• स्थानीय आर्थिक विकाससँग सम्बन्धित अन्य कार्यहरू<br>• स्थानीय उत्पादन वृद्धि र औद्योगिक उत्पादकत्व वृद्धि  सम्बन्धी कार्यहरू<br>• स्थानीय उत्पादनको निर्यातमा सहजीकरण<br>• स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण सम्बन्धी कार्यहरू<br>• स्थानीय बौद्धिक सम्पत्ति सम्बन्धी कार्यहरू<br>• स्थानीय रोजगारी सृजना सम्बन्धी कार्यहरू<br>• आर्थिक विकास करिडोर सम्बन्धी कार्यहरू |

# अनुसूची २

स्थानीय आर्थिक विकास शाखाका वार्षिक कार्यसम्पादनको लेखाजोखाको नमूना सूचकहरू

| कार्यहरू | अङ्कभार |
|---|---|
| १. स्थानीय आर्थिक सर्वेक्षण प्रतिवेदन तयार गरी वेबसाइटमा प्रकाशित गरिएको | १ |
| २. स्थानीय आर्थिक विकास शाखामा कार्यरत सबै जनशक्तिको कार्यविवरण तयार गरी वेबसाइटमा प्रकाशित गरिएको | १ |
| ३. स्थानीय आर्थिक विकास योजना तयार गरी वेबसाइटमा प्रकाशित गरिएको | १ |
| ४. स्थानीय आर्थिक विकास कार्यक्रमको ८० प्रतिशत भन्दा बढी रकम खर्च भएको | १ |
| ५. स्थानीय आर्थिक विकासका सूचकहरूको लेखाजोखामा ८० प्रतिशत भन्दा बढी अङ्क प्राप्त गरेको | १ |
| ६. सार्वजनिक निजी संवाद समितिको कम्तिमा चौमासिकरुपमा १ बैठक बसी अघिल्लो बैठकको निर्णयको समीक्षा गरेको | १ |
| ७. कम्तिमा ५ वटा आर्थिक सचेतना केन्द्र स्थापना भइ आर्थिक सचेतना कक्षा सञ्चालन आएको | १ |
| ८. कम्तिमा १ स्थानीय लगानी सम्मेलन आयोजना गरी यससम्बन्धी प्रतिवेदन तयार भएको | १ |
| ९. शाखाको प्रयत्नबाट अघिल्लो आर्थिक वर्षमा भन्दा चालू आवमा बैंक खाता खोल्ने व्यक्तिको सङ्ख्या ५ प्रतिशतले वृद्धि भएको | १ |
| १०. व्यवसाय करको दायरामा आउने करदाताको सङ्ख्या गत आर्थिक वर्षमा भन्दा ५ प्रतिशतले वृद्धि भएको | १ |
| ११. वार्षिक कार्यक्रम आयोजना गरी उत्कृष्ट महिला तथा पुरूष उद्यमी र उत्कृष्ट कृषकलाई समेत सम्मान गरिएको | १ |
| १२. स्थानीय तहमा कार्यक्षेत्र भएका गैरसरकारी संस्था तथा सामुदायिक संस्थामध्ये कम्तिमा ३ संस्थाले स्थानीय तहको वार्षिक कार्यक्रममा आफ्नो कार्यक्रम समावेश गरी स्थानीय आर्थिक विकासको क्षेत्रमा लगानी गरेको | १ |
| १३. स्थानीय उत्पादनको बजारीकरणका लागि कम्तिमा ३ स्थानमा हाटबजार वा कृषि बजार वा पशु बजार व्यवस्था भएको | १ |
| १४. औद्यौगिक ग्राम सञ्चालनमा आएको | १ |
| १५. प्लम्बिङ, कार्पेन्टर, घरको गारो लाउने, घरमा टायल लगाउने, विद्युत वाइरिङ, वेल्डिङ, पशु स्वास्थ्य प्राविधिक विषयमा तालिम लिनेको सङ्ख्या गत आर्थिक वर्षमा भन्दा वृद्धि भइ कम्तिमा यीमध्ये ३ वटा क्षेत्रमा स्थानीय तह आत्मनिर्भर रहेको | १ |
| १६. प्राङ्गारिक खेतीको उत्पादनको कम्तिमा २ बिक्री स्थल भएको | १ |
| १७. स्थानीय उत्पादन सम्बन्धी हरेक आर्थिक वर्षमा कम्तिमा ३ मेला लाग्ने गरेको | १ |
| १८. कम्तिमा ३ वडामा उत्पादकहरूको सहकारी बिक्री कक्ष सञ्चालनमा आएको | १ |
| १९. गत आर्थिक वर्षमा भन्दा कम्तिमा ५ प्रतिशतले उद्योगको सङ्ख्या वृद्धि भएको | १ |
| २०. श्रमका लागि विदेश जाने मानिस गत आर्थिक वर्षमा भन्दा ५ प्रतिशतले घटेको | १ |
| २१. कार्यक्रम सञ्चालन भइ सो वस्तुमा स्थानीय तह आत्मनिर्भर भएको र उक्त वस्तु निर्यात समेत हुन थालेको | १ |
| २२. दुई भन्दा बढी उत्पादनमा आत्मनिर्भर रही कम्तिमा स्थानीय तहभन्दा बाहिर समेत निर्यात हुन थालेको | १ |
| २३. महिलाको स्वामित्वमा रहेका उद्योग व्यवसाय गत आवमा भन्दा पाँच प्रतिशतले वृद्धि भएको | १ |

| | |
|---|---|
| २४. उत्पादनमूलक सहकारीमा महिला नेतृत्वको सङ्ख्या गत आर्थिक वर्षमा भन्दा पाँच प्रतिशतले वृद्धि भएको | १ |
| २५. परम्परागत संस्कृति वा हस्तकला सम्बन्धी कुनै ३ उत्पादन हुने गरेको | १ |
| २६. स्थानीय नगदेबाली सम्बन्धी कुनै ३ उत्पादन भइ बिक्री हुने गरेको | १ |
| २७. स्थानीय तहभित्र साझा सुविधा केन्द्र (उद्यम घर) सञ्चालनमा रहेको | १ |
| २८.स्थानीय तहभित्र कम्तिमा १५० वटा लघुउद्यम र १५ वटा घरेलु तथा साना उद्योग सञ्चालनमा आएको | १ |
| **जम्मा** | **२८** |
| नतिजा : ४०% भन्दा कम न्यून, ४०-६० मध्यम, ६०- ८० उच्च, ८० भन्दा बढी उत्कृष्ट | |

## अनुसूची ३

स्थानीय आर्थिक विकासको स्थितिपत्र (प्रोफाइल) मा समावेश हुनुपर्ने प्रमुख विषयवस्तु

१. स्थानीय तहको परिचयः

२. भौगोलिक अवस्थितिः

३. स्थानीय तहको जनसङ्ख्याः

| जम्मा घरधुरी सङ्ख्या | जम्मा परिवार सङ्ख्या | कूल जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | अन्य |
| | | | | |

उमेर समूह अनुसार जनसङ्ख्याः

| कूल जनसङ्ख्या | १६ वर्षसम्म | १७ देखि ५९ वर्षसम्म | ६० वर्षदेखि माथि |
|---|---|---|---|
| | | | |

स्थानीय भौतिक पूर्वाधारको अवस्थाः

| क्रस. | विवरण | एकाइ | भौतिक अवस्था |
|---|---|---|---|
| १. | सडक | | |
| | (क) कालोपत्रे/पक्की | कि. मि. | |
| | (ख) ग्राभेल | कि. मि. | |
| | (ग) कच्ची | कि. मि. | |
| २. | केन्द्रसम्म पहुँच पुगेका वडा सङ्ख्या | | |
| ३ | सिंचाइ | | |
| | (क) खेतीयोग्य जमिन | रोपनी/बिगहा | |
| ४. | पाइपबाट बितरित खानेपानी सुविधा पुगेको परिवार सङ्ख्या | | |
| ५. | विद्युत सुविधा पुगेको घरधुरी सङ्ख्या | | |

बस्ती विकास र सहरीकरणको अवस्था :

| क.स. | विवरण | सङ्ख्या |
|---|---|---|
| १. | बजार केन्द्रको सङ्ख्या | |
| २. | योजनाबद्ध रुपमा विकास भएका बस्तीको सङ्ख्या | |

वित्तीय संघसंस्था सम्बन्धी विवरणः

| क.स. | विवरण | सङ्ख्या |
|---|---|---|
| १ | बचत तथा ऋण सहकारीको सङ्ख्या | |
| २ | बैंकको सङ्ख्या | |
| ३ | लघु वित्तको सङ्ख्या | |

स्थानीय तहमा सञ्चालित व्यवसायः

| क.स. | विवरण | सङ्ख्या |
| --- | --- | --- |
| १ | स्थानीय तहमा दर्ता भएका व्यवसायका सङ्ख्या | |
| २ | कुल व्यवसाय सङ्ख्या | |

स्थानीय तहमा सञ्चालित उद्योगको विवरण:

| क.स. | विवरण | सङ्ख्या |
| --- | --- | --- |
| ४ | उत्पादनमूलक उद्योग | |
| ३ | ठुला उद्योग | |
| २ | मझौला उद्योग | |
| १ | लघु/घरेलु उद्योग | |
| ५ | सेवामूलक उद्योग | |

स्थानीय तहमा रोजगारीको अवस्था:

| वेरोजगारको सङ्ख्या | अर्ध रोजगारको सङ्ख्या | रोजगार प्राप्त गर्नेको सङ्ख्या |
| --- | --- | --- |
| | | |

स्थानीय तहमा उत्पादन हुने वस्तु तथा सेवा:

| | |
| --- | --- |
| प्रमुख वस्तु तथा सेवाको विवरण र सूची | |

स्थानीय तहमा हुने कृषि उत्पादन

| क.स. | प्रमुख कृषि उपजहरू | उत्पादित परिमाण |
| --- | --- | --- |
| | | |
| | | |
| | | |

पर्यटन सम्बन्धी विवरण:

| | |
| --- | --- |
| प्रमुख पर्यटकीय स्थल र सेवाहरू | |
| वार्षिक पर्यटकको सङ्ख्या | |
| रोजगारीको सङ्ख्या | |
| होटलको सङ्ख्या | |

स्थानीय तहबाट बाहिर निकासी हुने वस्तुको विवरण:

| क.स. | उत्पादित वस्तुको विवरण | निकासी भएको परिमाण |
| --- | --- | --- |
| | | |
| | | |
| | | |
| | | |

बाहिरबाट स्थानीय तहमा आयात हुने वस्तुको विवरणः

| क.स. | आयातित वस्तुको विवरण | आयात भएको परिमाण |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

स्थानीय क्षेत्रमा सीपको उपलब्धताः

| क.स. | उपलब्ध प्रमुख सीपहरू | सीपयुक्त जनशक्ति |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

निजी क्षेत्रका संस्थाहरूः

| उद्योग बाणिज्य सम्बन्धी संस्था | सामुदायिक संस्था | अन्य संगठित संस्थाहरू |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

उत्पादनमूलक सहकारीः

| क.स. | सहकारीको नाम | आबद्ध सदस्य सङ्ख्या |
|---|---|---|
| | | |
| | | |
| | | |

अन्य सहकारी सम्बन्धी विवरणः

| क.स. | सहकारीको नाम | प्रकृति | आबद्ध सदस्य सङ्ख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

वैदेशिक रोजगारीमा गएका व्यक्तिको सङ्ख्याः

| क.स. | देशगत विवरण | रोजगारीमा गएको सङ्ख्या | फर्किएको सङ्ख्या |
|---|---|---|---|
| १ | भारत | | |
| २ | तेस्रो मुलुक | | |

आवास संरचना विवरणः

| क्र.स. | विवरण | संख्या |
|---|---|---|
| १ | पक्की | |
| २ | जस्ताको छानो | |
| ३ | फुसको छानो | |
| ४ | अन्य | |

